IslamHouse.com

# पूजाहरूका विधिहरूको बारेमा ज्ञान

(ती त्रुटिहरूको वर्णन जुन हज्जमा भइहाल्छन् जसबाट सावधान रहनु आवश्यक छ)

[ नेपाली - Nepali - نيبالي ]


## लेखक

शैख मुहम्मद बिन सालेह अल उसैमीन

## अनुवादकः

अतीकुर्रहमान मु.इदरीस खान मक्की

## संशोधकः

मुहम्मद इदरीस सलफी

IslamHouse.com

# فقه العبادات

(أخطاء تقع في مناسك الحج يجب الحذر منها )

[ नेपाली - Nepali - نيبالي ]

الشيخ محمد بن صالح العثيمين

ترجمة

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

ﮋﮊ

सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।

To connect translator: 0501372254
للتواصل مع المترجم: 0501372254
अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
नि:शुल्क वितरणको लागि मात्र

ﮋﮊ

## पुस्तक पाइने ठेगाना -:

*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. 00966-0501372254
*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गर्‍यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गर्‍यो, र जसले समस्तको जीविकाको पूर्णतया व्यवस्था गर्‍यो र जसले हामीहरूको लागि हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदियो । यसर्थ म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवसपूजा र हरामबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ अल्लाहको अत्याधिक शान्ति र दया अवतरित होस्

IslamHouse.com

मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिका पूजा र त्यसका विधिहरूको बारेमा छ यसको लेखक इस्लामका महान विद् शैख मुहम्मद बनि सालेह अल् उसैमीन ज्यू हुनुहुन्छ जुन सउदी अरबका महान विद्हरूमध्ये एक थिए, उहाँले यस किताबमा विशेषरूपले पूजाको बारेमा र त्यससित सम्बन्धित समस्याहरूबारे संक्षेपमा कुरा गरेका छन् । यस किताबको विषय अति मत्वपूर्ण हुनुको कारण मैले यसलाई नेपाली भाषामा अनुवाद गर्नुको लागि मनोनीत गरेको छु । र किताबको यो खण्ड जुन तपाईहरूको हातमा छ यसमा विशेषरूपले हज्जसित सम्बन्धित त्रुटिहरूलाई प्रष्ट गरिएको छ, यस आशाको साथ कि हाम्रा नेपाली दाजुभाइहरूलाई यसबाट लाभ पुग्नेछ, र मेरो यो सानो प्रयास सबै मुसलमान दाजुभाइको लागि मार्गदर्शक हुनेछ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको

ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउनेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । ( आमीन)

**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

# ती त्रुटिहरूको वर्णन जुन हज्जमा भइहाल्छन् र जसबाट सावधान रहनु आवश्यक छ

## एहराममा हुने त्रुटिहरूको वर्णन

प्रश्न: (२८४) आदरणीय शैख ज्यू, हाजीहरू हज्जका विभिन्न कार्यहरू गर्छन् र विभिन्न स्थानमा गर्छन् र यी कार्यहरूमा त्रुटि पनि गर्छन्, त हामी क्रमिक तौरले पहिला एहराम लगाउनेबारे जुन त्रुटिहरू गरिन्छ त्यसमध्ये जुन तपाईको दृष्टिमा वर्णन योग्य होस् त्यसलाई वर्णन गरिदिनुको अनुरोध गर्दछौं ?

उत्तर: यस प्रश्नको उत्तर दिनुभन्दा अघि यो स्पष्ट गर्न चाहन्छु कि प्रत्येक पूजा स्वीकार्य हुनुको लागि दुईवटा शर्तहरू छन्:

पहिलो शर्त: अल्लाहको लागि पूर्ण निष्ठा: अर्थात मान्छे त्यस पूजाद्वारा अल्लाहको भक्ति गर्न चाहोस्

र त्यसको प्रसन्नता एवं सामीप्यताको अभिलाषी होस्, किनकि यो नै त्यो अवस्था हो जसमाथि रसूल सल्लल्लाहो अलैहे वसल्लम कार्यरत थिए । जस्तोकि अल्लाहको फर्मान छः

﴿ مُّحَمَّدٌ رَّسُولُ ٱللَّهِۚ وَٱلَّذِينَ مَعَهُۥٓ أَشِدَّآءُ عَلَى ٱلۡكُفَّارِ رُحَمَآءُ بَيۡنَهُمۡۖ تَرَىٰهُمۡ رُكَّعٗا سُجَّدٗا يَبۡتَغُونَ فَضۡلٗا مِّنَ ٱللَّهِ وَرِضۡوَٰنٗاۖ ﴾ الفتح: ٢٩

अर्थ : मुहम्मद (सल्लल्लाहो अलैहे वसल्लम) अल्लाहका रसूल हुन् र जुन मानिसहरू उनको साथमा छन् काफिरहरूको लागि कठोर छन् र आपसमा दयालु । तिमीले उनीहरूलाई रुकूअ्मा, सज्दामा, (ढोगमा) अल्लाहको उदार अनुग्रह र उसको प्रसन्नता चाहिराखेको देख्नेछौं । (सूरतुल् फतह २९)

र अर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَٱلَّذِينَ صَبَرُواْ ٱبۡتِغَآءَ وَجۡهِ رَبِّهِمۡ وَأَقَامُواْ ٱلصَّلَوٰةَ وَأَنفَقُواْ
مِمَّا رَزَقۡنَٰهُمۡ سِرّٗا وَعَلَانِيَةٗ وَيَدۡرَءُونَ بِٱلۡحَسَنَةِ ٱلسَّيِّئَةَ أُوْلَٰٓئِكَ
لَهُمۡ عُقۡبَى ٱلدَّارِ ٢٢ جَنَّٰتُ عَدۡنٖ يَدۡخُلُونَهَا وَمَن صَلَحَ مِنۡ
ءَابَآئِهِمۡ وَأَزۡوَٰجِهِمۡ وَذُرِّيَّٰتِهِمۡۖ وَٱلۡمَلَٰٓئِكَةُ يَدۡخُلُونَ عَلَيۡهِم مِّن كُلِّ
بَابٖ ٢٣ سَلَٰمٌ عَلَيۡكُم بِمَا صَبَرۡتُمۡۚ فَنِعۡمَ عُقۡبَى ٱلدَّارِ ٢٤ ﴾

الرعد: ٢٢ - ٢٤

अर्थ: र उनी आफ्नो पालनहारको सहमतिको चाहनाको पूर्तिका लागि धैर्य गर्छन, र नमाजलाई सदैव कायम राख्छन्, र जुन कुरो मैले दिई राखेको छु, त्यसलाई देखाई वा लुकाई खर्च गर्छन, र कुभलोलाई भलाईबाट फाल्छन् उनकैलागि अन्तिमका घर छन् । सधैं रहनुका लागि फूलबारी, जहाँ उनी स्वयं जान्छन, र उनका पुर्खा र पत्नीहरू र सन्तानहरू मध्येबाट जुन पुण्यआत्मा होलान्, र उनको नजिक फरिश्ताहरू प्रत्येक दैलोबाट आउनेछन् । भन्ने छन: कि “तिमीमाथि सलामती

होस्" जो तिमीहरूले धैर्य गर्नुभो र कति राम्रो प्रतिफल छ त्यो अन्तिम घर । (सूरतुर्रअ्द २२-२४)

र अर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ وَمَآ أُمِرُوٓاْ إِلَّا لِيَعۡبُدُواْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ حُنَفَآءَ وَيُقِيمُواْ ٱلصَّلَوٰةَ وَيُؤۡتُواْ ٱلزَّكَوٰةَۚ وَذَٰلِكَ دِينُ ٱلۡقَيِّمَةِ ٥

﴾ البينة: ٥

अर्थ : उनीहरूलाई यही मात्र आदेश दिइएको थियो कि निष्ठापूर्वक अल्लाहको उपासना गरुन् र एकाग्र भएर उसैको लागि धर्मलाई शुद्ध राखुन्। र निष्ठाका साथ नमाज़ पढुन् र ज़कात देउन् र यही नै सबैको साँचो धर्म हो । (सूरतुल् बैयिन: ५)

र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"إنما الأعمال بالنيات، وإنما لكل امرئ ما نوى؛ فمن كان هجرته إلى الله ورسوله، فهجرته إلى الله ورسوله،

ومن كانت هجرته إلى دنيا يصيبها أو امرأة يتزوجها، فهجرته إلى ما هاجر إليه" [1] أخرجه البخاري ، كتاب بدء الوحي ، باب كيف كان بدء الوحي إلى رسول الله صلى الله عليه وسلم رقم (1)، ومسلم ، كتاب الإمارة ، باب قوله صلى الله عليه وسلم : "إنما الأعمال بالنيات" ، رقم (1907).

अर्थ : कर्महरूको निर्भरता नीयतमाथि छ, र मान्छेलाइ त्यही प्राप्त हुन्छ जसको त्यसले नीयत गर्छ, यसर्थ यदि कसैले अल्लाह र अल्लाहका रसूलको लागि प्रवास गरेको छ त त्यसको प्रवास वास्तवमा अल्लाह र अल्लाहका रसूलको लागि नै हुन्छ, र जसले प्रवास यस उद्देश्यले गरेको छ कि त्यो कुनै संसारिक लाभ प्राप्त गरोस् वा कुनै महिलासित विवाह गरोस् त त्यसको प्रवास त्यसै कुराको लागि हुन्छ जसको लागि त्यसले प्रवास गरेको छ । ( बुखारी, किताबु बदइल् वहयी, बाबु कैफा काना बदउल वहयी इला रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १ । र

मुस्लिम किताबुल् इमारह, बाबु कौलिही सल्लल्लाहो अलैहे वसल्लम “इन्नमल् अअ्मालु बिन्नियात”, हदीस नं. १९०७)

र यस कारण पनि किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हदीसे कुदसीमा अल्लाहको यस कथनलाई वर्णन गरेका छन् कि अल्लाहको भनाई छ:

"أنا أغني الشركاء عن الشرك؛ من عمل عملاً أشرك فيه معي غيري، تركته وشركه" أخرجه مسلم، كتاب الزهد، باب من أشرك في عمله غير الله رقم (2985)

अर्थ : म सहभागी ठहराउने मानिसहरूको सहभागी गर्ने कार्यबाट निस्पृह छु, जसले कुनै कार्यमा मेरो साथमा कसै अरुलाई सहभागी ठहरायो त म त्यसलाई र त्यसको शिर्कलाई छाडिदिन्छु। (मुस्लिम, किताबुज्जुहद, बाबु मन् अश्रका फि अमलेही गैरल्लाह, हदीस नं. २९८५)

र यस कारण पनि किनकि हजरत सअद बिन वक्कासिसत रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"إنك لن تنفق نفقة تبتغي بها وجه الله إلا أجرت عليها" ( أخرجه البخاري، كتاب الإيمان، باب ما جاء أن الأعمال بالنية والحسبة، رقم (56) ومسلم، كتاب الوصية، باب الوصية بالثلث، رقم (1628)

अर्थ : तिमीले जुन सुकै कुरा अल्लाहको सामीप्यता र प्रसन्नता प्राप्तिको लागि खर्च गर्छौ त्यसमाथि तिमीलाई पुण्य दिइन्छ। (बुखारी, किताबुल् ईमान, बाबु मा जाअ् अन्नल् अअ्माला बिन्नीयति वल् हिस्बा, हदीस नं. ५६ । र मुस्लिम, किताबुल् वसीयह, बाबुल् वसीयति बिस्सुलुस, हदीस नं. १६२८)

र यस कुरामाथि अत्याधिक उदधृतहरू वर्णित छन् र समस्त यसै कुरालाई स्पष्ट पार्दछन् कि कार्य मात्र

अल्लाहको प्रसन्नता प्राप्तिको लागि गरियोस् तब त्यो स्वीकृत हुन्छ ।

दोस्रो शर्तः रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरणः यसर्थ यो पनि कार्य स्वीकृत हुनुका शर्तहरूमध्येको हो, किनकि अल्लाहको फर्मान छः

﴿ وَأَنَّ هَٰذَا صِرَٰطِي مُسۡتَقِيمٗا فَٱتَّبِعُوهُۖ وَلَا تَتَّبِعُواْ ٱلسُّبُلَ فَتَفَرَّقَ بِكُمۡ عَن سَبِيلِهِۦۚ ذَٰلِكُمۡ وَصَّىٰكُم بِهِۦ لَعَلَّكُمۡ تَتَّقُونَ ١٥٣ ﴾ الأنعام: ١٥٣

अर्थ : र आदेश यो छ कि यो धर्म मेरो सोझो बाटो हो, तिमी यसैमा हिंड्नु र अन्य मार्गमा न हिंड्नु किनभने त्यसमा हिंडे अल्लाहको मार्गबाट बिचलित भैहाल्नेछौं । यसको विशेष आदेश तिमीलाई अल्लाहले दिएको छ जसबाट तिमी आत्मसंयमी बन्नसक । (सूरतुल् अनआम १५३)

र अल्लाहको यस कथनको हुनालेः

﴿ قُلۡ إِن كُنتُمۡ تُحِبُّونَ ٱللَّهَ فَٱتَّبِعُونِي يُحۡبِبۡكُمُ ٱللَّهُ وَيَغۡفِرۡ

لَكُمۡ ذُنُوبَكُمۡۚ وَٱللَّهُ غَفُورٞ رَّحِيمٞ ٣١ ﴾ آل عمران: ٣١

अर्थ : (हे पैगम्बर ! मानिसहरूसित) भनिदिनुस् कि यदि तिमी अल्लाहलाई प्रेम गर्दछौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीलाई प्रेम गर्नेछ र तिम्रा पापहरूलाई क्षमा गरिदिनेछ र अल्लाह अत्यन्त क्षमादान गर्ने दयालु छ। (सूरतु आले इम्रान ३१)

र अल्लाहको यस कथनको हुनाले:

﴿ وَمَآ ءَاتَىٰكُمُ ٱلرَّسُولُ فَخُذُوهُ وَمَا نَهَىٰكُمۡ عَنۡهُ فَٱنتَهُواْۚ

وَٱتَّقُواْ ٱللَّهَۖ إِنَّ ٱللَّهَ شَدِيدُ ٱلۡعِقَابِ ٧ ﴾ الحشر: ٧

अर्थ : जे-जति कुरा तिमीलाई पैगम्बरले दिन्छन्, त्यो लिइहाल र जुन कुराबाट मनाही गर्छन्, त्यसबाट पन्छिनु र अल्लाहसित डर्ने गर, नि:सन्देह

अल्लाह कष्टप्रद सजाय दिनेवाला छ। (सूरतुल् हश्र ७)

र नबी सल्लल्लाहो अलैहे वसल्लमको यस कथनको कारण:

" من عمل عملاً ليس عليه أمرنا فهو رد"

أخرجه مسلم ، كتاب الأقضية ، باب نقض الأحكام الباطلة ورد محدثات الأمور ، رقم (1718).

अर्थ : जसले कुनै यस्तो कार्य गऱ्यो जसलाई गर्ने हाम्रो आदेश छैन भने त्यो कार्य अस्वीकृत छ। ( मुस्लिम, किताबुल् अक्जियह, बाबु नकजिल् अहकामिल् बातिलह वरद्दु मुहदसातिल् उमूर, हदीस नं. १७१८)

र अर्को हदीसमा छ:

"من أحدث في أمرنا هذا ما ليس منه، فهو رد"

أخرجه البخاري، كتاب الصلح، باب إذا اصطلحوا على صلح

جور، رقم (2697) ومسلم ، كتاب الأقضية، باب نقض الأحكام الباطلة، رقم (1718)

अर्थ : जसले यस धर्ममा कुनै यस्तो नौलो कुरो अविष्कृत गऱ्यो जुन यसमध्येको होइन त यस्तो कार्य अस्वीकृत छ । (बुखारी, किताबुस्सुलह, बाबु इजा इस्तलहु अला सुलहे जौर, हदीस नं. २६९७। र मुस्लिम, किताबुल् अकजिया, बाबु नकजिल् अहकामिल् बातिला, हदीस नं. १७१८)

र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको यस कथन बमोजिम:

"إياكم ومحدثات الأمور؛ فإن كل بدعة ضلالة")

أخرجه الترمذي ، كتاب العلم، باب ما جاء في الأخذ بالسنة واجتناب البدع، رقم (2676)، وأبو داودد، كتاب السنة، باب في لزوم السنة، رقم (4607)، وابن ماجه ، في المقدمة، باب اتباع سنة الخلفاء الراشدين المهديين، رقم (42)وأحمد

في (( المسند)) (4/126،127) وقال الترمذي : حديث حسن صحيح.

अर्थ : तिमी धर्ममा नौलो कार्य उत्पन्न गर्नुबाट सावधान रहनु, किनकि धर्ममा प्रत्येक नौलो कार्य ( बिदअत) पथभ्रष्टता हो । (तिर्मिजी, किताबुल् इल्म, बाबु मा जाअ् फिल् अखजि बिस्सुन्नति वजतिनाबिल् बिदअी, हदीस नं. २६७६ । र अबू दाऊद, किताबुस्सुन्नह, बाबु फि लुजूमिस्सुन्नह, हदीस नं. ४६०७ । र इब्ने माजा, फिल् मुकद्दमह, बाबु इत्तिबाअि सुन्नतिल् खुलफाइर्राशेदीनल् महदिईन, हदीस नं. ४२ । र अहमदले मुस्नदमा ( ४/१२६, १२७) । र तिर्मिजीले भन्नु भएको छ किः यो हदीस सही र विश्वासनीय छ ।)

र यस कुरालाई प्रमाणीकरण गर्ने उदधृतहरू अति थुप्रै छन् ।

यसलेगर्दाः जसले पनि अल्लाहको लागि पूर्ण निष्ठाको साथ पूजा गर्दैन त्यसको पूजा अमान्य छ, किनकि त्यसमा नष्ठिा पाइदैन, र जसले पनि मात्र

अल्लाहकै लागि पूजा गर्छ तर यस्तो तरिकाले गर्छ जसरी गर्ने विधानले आदेश गरेको छैन त यो पूजा पनि अमान्य छ किनकि त्यसले नबी सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गरेन । यसर्थ यस विधिबाट प्रष्ट यो भयो कि पूजाको शर्त यो हो कि त्यसलाई मात्र अल्लाहको लागि गरियोस् र त्यसले अवतरित गरेको विधान अनुसार गरियोस् जसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नु अनिवार्य भइहाल्छ । यसर्थ पूजा गर्नुमा केही मुसलमानहरू गल्ती गरिहाल्छन् यसर्थ जब हामी अहिले हज्जको बारेमा कुरा गरिरहेका छौं र एहरामसित संलग्न गल्तीहरूको बारेमा मसित सोधिएको छ त यसमध्ये केहीलाई म तपाईहरू समक्ष राख्दछु । त ती त्रुटिहरूमध्ये हो:

मिकातबाट एहराम नलगाउनु: केही हाजीहरू र विशेषरूपले  वायुमण्डलद्वारा अर्थात विमानद्वारा आउने मान्छेहरू मिकातबाट एहराम नलगाइकन् जद्दासम्मको लागि यस कार्यलाई स्थगित गरिदिन्छन्, जबकि उनीहरू मिकातबाट पनि गुज्रन्छन्, जबकि

नबी सल्लल्लाहो अलैहे वसल्लमले मिकातलाई निर्धारित गरेका छन् र भनेका छन्:

"هن لهن ، ولمن أتى عليهن من غير أهلهن ، ممن أراد الحج أو العمرة" أخرجه البخاري، كتاب الحج، باب مهل أهل الشام، رقم (1526)، ومسلم كتاب الحج، باب مواقيت الحج والعمرة، رقم (1181)

अर्थ: यी मिकातहरू ती बासीहरूको लागि हुन् जसको लागि यसलाई निर्धारित गरिएका छन् र ती मानिसहरूको लागि पनि जुन ती मानिसहरूमध्येका होइनन् तर हज्ज र उमराको नीयतले यसबाट गुज्रन्छन् । (बुखारी, किताबुल् हज्ज, बाबु महिल्ले अहलिश्शाम, हदीस नं. १५२६ । र मुस्लिम, किताबुल् हज्ज, बाबु मवाकीतिल् हज्जे वल् उमरा, हदीस नं.११८१)

र बुखारीमा यो प्रमाणित छ कि जब इराकबासीहरूले उनसित आएर यो भनेका थिए कि: हे आस्थावानहरूका अमीर (नायक) नि:सन्देह नबी

सल्लल्लाहो अलैहे वसल्लमले नज्दबासीहरूको लागि करनुल् मनाजिललाई निर्धारित गरेका छन्, र त्यो हाम्रो बाटोबाट अति टाढा छ जससम्म अत्याधिक कष्ट भोगेर मात्र पुग्न सकिन्छ, त हजरत उमरले भन्नु भयो: त्यसको समान अर्थात बरोबरीको जुन स्थान तिम्रो बाटोमा पर्छ त्यहीँबाट एहराम लगाऊ ।
□

त यो हदीस यस कुरामा प्रमाणीकरण गर्छ कि मिकातको समान स्थानबाट गुज्रनु त्यसैबाट गुज्रने सरह छ, र जुन मान्छे विमानद्वारा त्यसको माथिबाट आउँछ त्यो त्यसैबाट गुज्रने सरह छ । यसर्थ त्यसमाथि यो अनिवार्य छ कि जब त्यो त्यसको माथिबाट गुज्रोस् त एहराम लगाइहालोस्, र त्यसको लागि यो जायज छैन कि बिना एहराम लगाइकन् मिकातलाई पार गरोस् अनि जद्दा आएर एहराम लगाओस् ।

र यस गल्तीलाई सुधार्ने तरिका यो हो कि: मान्छे आफ्नो घरमा वा विमानस्थलमा नै स्नान

□ बुखारी, किताबुल् हज्ज, बाबु जाते इर्किन् लेअहले इराक, हदीस नं. १५३१ ।

गरिहालोस्, अनि विमानमा एहराम लगाएर तयार रहोस् अनि जब मिकात निकट वा त्यसको माथिबाट गुज्रोस् त हज्ज अथवा उमराको नीयत गरी तल्बिया पुकारोस्, र त्यसको लागि यो जायज छैन कि जद्दासम्मको लागि यस कार्यलाई स्थगित गरोस् । तर यदि कसैले यस्तो गऱ्यो अर्थात जद्दासममको लागि यस कार्यलाई स्थगित गऱ्यो त अधिकांश विद्हरूको कथन अनुसार त्यसमाथि फिदिया अनिवार्य भयो अर्थात एउटा बाख्रा जब्ह गर्नु अनिवार्य भयो जसलाई त्यो मक्कामा जब्ह गरेर मक्काका दरिद्रहरूमा वितरण गर्छ, किनकि त्यसले हज्जका अनिवार्य कार्यहरूमध्ये एउटा कार्यलाई त्याग्यो ।

र दोस्रो कुरो जसबारे मानिसहरू गल्ती गर्छन् त्यो हो कि: केही मानिसहरू यो आस्था राख्दछन् कि एहराम लगाउँदा जुत्ता लगाउनु पनि अनिवार्य छ र यदि एहराम लगाउँदा त्यसले जुत्ता लगाएको हुँदैन भने पछि त्यसलाई जुत्ता लगाउनु जायज हुँदैन । त यो प्रष्ट गल्ती हो, किनकि एहराम लगाउनुको लागि जुत्ता लगाउनु नत अनिवार्य छ नत शर्त नै छ ।

यसर्थ बिना जुत्ता लगाइकन् एहराम लगाउनु सही छ, र यदि कसैले बिना जुत्ता लगाइकन् एहराम लगायो भने कुनै फर्क छैन, र त्यसलाई पछि जुत्ता लगाउनुबाट पनि रोकिन्न, किनकि त्यसको लागि वैध छ कि पछि जुत्ता लगाओस् यद्यपि त्यसले एहराम लगाउँदा जुत्ता लगाएको थिएन, र यस्तो गर्नुमा त्यसमाथि कुनै आपत्ति छैन ।

तेस्रोः केही मानिसहरू यस भ्रममा हुन्छन् कि जुन एहरामको कपडा लगाएर आरम्भिक एहराम लगाएको छ अर्थात हज्जको नीयतले लगाएको एहराम, त त्यसलाई फुकालेर अर्को एहराम लगाउनु जायज छैन, बरु मान्छे त्यसै एहराममा तबसम्म रहोस् जबसम्म त्यसबाट हलाल हुँदैन । तर यो पनि स्पष्ट गल्ती हो, किनकि मुहरिमको लागि यो जायज छ कि त्यो एहरामको कपडालाई अर्कोबाट फेरोस् चाहे कुनै कारणले गर्दा वा आकारण, दुवै अवस्थामा त्यसको लागि यस्तो गर्नु जायज छ ।

र यस कुरामा महिला पुरुषबीच कुनै अन्तर र भेदभाव छैन । यसर्थ जुन व्यक्ति पनि एहराम लगाउँदा कुनै कपडालाई लगायो अनि त्यसलाई

फेर्न चाहन्छ भने त्यो यस्तो गर्न सक्छ । तर कहिलेकाहिँ त्यसलाई फेर्नु आवश्यक हुन्छ जसरी यदि एहराम अपवित्र भयो अर्थात कुनै अपवित्र कुरा त्यसमा यति लाग्यो कि बिना फुकालिकन् त्यसलाई पखाल्न सकिदैन, र कहिलेकाहिँ कुनै यस्तो कुरा त्यसमा लागिहाल्छ जुन अपवित्र त हुँदैन तर त्यसको कारण त्यसलाई बदल्नु नै उचित हुन्छ, त यस्तो अवस्थामा त्यसलाई चाहियो कि त्यसलाई फुकालेर स्वच्छ कपडा वा अर्को एहराम लगाओस् । र कहिलेकाहिँ कुरो यस्तो हुन्छ कि यदि त्यो चाहोस् त एहरामलाई फेरोस् वा यदि चाहोस् त नफेरोस् त यी समस्त अवस्थाहरूमा त्यसलाई पूर्ण स्वतन्त्रता प्राप्त छ ।

र कुरोको सार यो कि यस्तो आस्था राख्नु सही छैन र त्यो आस्था यो हो कि हाजी यो आस्था राखोस् कि यदि त्यसले कुनै एहरामको कपडा लगायो भने त्यसले अर्को एहरामबाट बदल्नु जायज छैन यहाँसम्म कि त्यो हज्जका कार्यहरूलाई सम्पन्न गरेर त्यसबाट हलाल भइहालोस् ।

चैथोः केही मानिसहरू एहराम लगाए बित्तिकै इज्तिबाअ् (दाहिनो काँधालाई खोल्ने कार्य) गरिहाल्छन्, अर्थात नीयत गरे बित्तिकै आफ्नो दायाँ काँधालाई खेलिहाल्छन्, र इज्तिबाअको अर्थ हो किः मान्छे आफ्नो दायाँ काँधालाई खुल्ला गरेर च्यादरका दुवै कुनालाई बायाँ काँधामाथि राखोस् । त हामी कतिपय हाजीहरूलाई हेर्दछौं कि एहराम लगाएको समयदेखि तबसम्म इज्तिबाअ गर्छन् जबसम्म एहराम नफुकालुन्, तर यो सही छैन, किनकि इज्तिबाअ तवाफे कुदूम (आरम्भिक तवाफ) मा मात्र छ, र इज्तिबाअ नत यस तवाफभन्दा अघि छ नत त्यस पश्चात सई आदि गर्दा नै छ ।

त यी यस्ता गल्तीहरू हुन् जसलाई हाजीहरू गर्छन् र यसको भरपाई यसरी गरिन्छ कि हाजी यस्ता खालका त्रुटिहरूलाई त्यागेर त्यसमा लागुन् जसलाई नबी सल्लल्लाहो अलैहे वसल्लमले गरेका छन् ।

र यहाँ जति मैले वर्णन गरेको छु त्यसभन्दा अधिक त्रुटि पनि देखिन्छ, र त्यो यो हो कि केही मानिसहरू यो आस्था राख्दछन् कि एहराम लगाउँदा दुई रक्अत नमाज पढनु अनिवार्य छ । त यो सिद्धान्त

पनि गल्त छ, किनकि एहरामको समय दुई रक्अत पढनु अनिवार्य छैन, बरु जुन कुरातिर अबूल अब्बास शैखुल इस्लाम इब्ने तैमिया गएका छन् अर्थात उनको दृष्टि यो हो कि एहरामको लागि कुनै नमाज सुन्नत छैन किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमबाट यस्तो गर्नु प्रमाणित छैन, त यो नै सही कुरो हो। यसर्थ जब मान्छे स्नान गरिहालोस् र एहराम लगाओस् त बिना नमाज पढिकन् एहराम लगाओस्, तर यदि कुनै नमाजको समय छ जसरी अनिवार्य नमाजको समय निकट नै छ र त्यो मिकातमा नमाज पढनुसम्म रुक्ने छ त यस्तो अवस्थामा त्यसको लागि श्रेष्ठ यो छ कि त्यो नमाज पढे पश्चात नै एहराम लगाओस्। तर रह्यो कुरो एहरामको लागि विशिष्ट रूपले नमाजको आयोजना गर्नु त यसको बारेमा सही कुरो यो नै हो कि यसको लागि कुनै नमाज छैन। त यी केही गल्तीहरू हुन् जुन मलाई अहिले याद छ जसलाई मानिसहरू एहराम लगाउँदा गर्छन्।

## तरवियाको दिन हज्जको एहराम लगाउँदा गरिने त्रुटिहरू

**प्रश्नः (२८५) आदरणीय शैख ज्यू, के तरवियाको दिन एहराम लगाउँदा हाजीहरू कुनै गल्ती गर्छन्, र त्यसको उपचार के हो ?**

उत्तरः हो, तरवियाको दिन (आठ जिल्हिज्जाको दिन) हज्जको एहराम लगाउँदा पनि केही त्रुटिहरू गरिन्छ जसमध्ये केहीलाई उमराको एहराम लगाउँदा गरिने गल्ती अन्तर्गत वर्णन गरियो जसरी केही मानिसहरूको यो सिद्धान्त हुन्छ कि एहराम लगाउँदा दुई रक्अत नमाज पढनु अनिवार्य छ । र यस्तै यो पनि धारणा हुन्छ कि एहरामको कपडा नयाँ हुनु आवश्यक छ । र यो धारणा पनि हुन्छ कि एहराम लगाउँदा चुत्ता लगाउनु आवश्यक छ । र मान्छे एहराम लगाए पश्चात तबसम्म इज्तिबाअ गरेकै हुन्छन् जबसम्म एहराम फुकाल्दैनन् ।

र हज्जको एहराममा गरिने त्रुटिमध्ये यो पनि हो किः केही मानिसहरूको यो धारणा हुन्छ कि हज्जको एहराम मस्जिदे हरामबाट लगाउनु आवश्यक छ । यसर्थ मान्छे आफूलाई कष्टमा पारेर एहराम लगाउनुको लागि मस्जिदे हराम जान्छ, तर यो गल्त धारणा हो, किनकि मस्जिदे हरामबाट एहराम

लगाउनु आवश्यक छैन, बरु सुन्नत त यो हो कि मान्छे एहराम आफ्नो डेराबाट बासस्थानबाट लगाओस्, किनकि जुन सहाबाहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेशले गर्दा उमरा गरेर एहरामबाट मुक्त भइहालेका थिए, तरवियाको दिन हज्जको एहराम लगाउनुको लागि मस्जिदे हराम आएका थिएनन् बरु प्रत्येक मानिसले आफ्नो बासस्थानबाट नै अआफ्नो एहराम लगाएको थियो, र यो नबी सल्लल्लाहो अलैहे वसल्लमको उपस्थितिमा भएको कुरो हो, त यो नै सुन्नत हो । यसर्थ हज्जको एहराम लगाउने सुन्नतीय तरिका यो हो कि त्यो आफ्नो बासस्थानबाट नै एहराम लगाओस् चाहे त्यो मक्कामा होस् वा मिनामा, जसरी कि वर्तमान समयमा मान्छेहरू समयभन्दा अघि नै मिना पुगिहाल्छन् ताकि मिनामा आफ्नो स्थान सुनिश्चित गरुन् ।

र त्रुटिहरूमध्ये यो पनि हो कि केही मानिसहरू यो धारणा राख्दछन् कि जुन एहरामलाई लगाएर उनीहरूले उमरा गरेका छन् त्यसलाई हज्जको लागि लगाउनु तबसम्म सही हुँदैन जबसम्म

त्यसलाई नपखालुन् । त यो पनि गल्त धारणा हो, किनकि एहरामको लुगाको लागि यो शर्त छैन कि त्यो नयाँ होस् वा स्वच्छ होस् । र यो कुरो सही छ कि एहराम जति स्वच्छ हुन्छ त्यति नै राम्रो हुन्छ तर यो धारणा राख्नु कि त्यसलाई उमरामा लगाएको कारण हज्जमा लगाउनु सही छैन यो धारणा सही छैन । त यी केही त्रुटिहरू थिए जुन हज्जको एहरामसित संलग्न थिए जुन मलाई अहिले याद थियो ।

## तल्बियासित संलग्न केही गल्तीहरू

प्रश्नः (२८६) आदरणीय शैख ज्यू, जब हामी एहरामका गल्तीहरूको बारेमा कुरा गरिसकें त के केही यस्ता गल्तीहरू पनि छन् जसलाई हाजीहरू एहराम लगाए पश्चात गर्छन्, र ती के के हुन् ?

उत्तरः केही यस्ता गल्तीहरू छन् जुन मिकात पश्चात गरिन्छ वा एहराम लगाएदेखि मस्जिदे हरामसम्म पुग्नेसमयको बीचमा गरिन्छ, र त्यो हो तल्बिया भन्नुमा गल्ती गर्नु । यसर्थ तल्बिया भन्नुको वैधानिक तरिका त यो हो कि मान्छे

तल्बिया भन्दा स्वरलाई उच्च गरोस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"أتاني جبريل ، فأمرني أن آمر أصحابي أن يرفعوا أصواتهم بالإهلال" ( أخرجه أبو داود، كتاب المناسك، باب كيف التلبية، رقم (1814)، والترمذي ، كتاب الحج، باب ما جاء في رفع الصوت بالتلبية، رقم (829) وقال: حسن صحيح.

अर्थ : मेरो पासमा जिब्रील आए र मलाई आदेश गरे कि म आफ्नो साथीहरूलाई यो आदेश गरूँ कि उनीहरू तल्बिया भन्दा अआफ्ना स्वरलाई उच्च पारुन् । (अबू दाऊद, किताबुल् मनासिक, बाबु कैफात्तल्बिया, हदीस नं. १८१४ । र तिर्मिजी, किताबुल् हज्ज, बाबु मा जाअ् फि रफइस्सौति बित्तल्बिया, हदीस नं. ८२९ । र तिर्मिजीले भन्नु भएको छ किः यो हदीस विश्वासनीय र सही छ ।)

र हामी वास्तविकतामा यो हेर्छौं कि हाजीहरूको ठूलो समूह गुज्रन्छ तर कसैलाई तल्बिया भन्दा

सुन्दैनौं, यसर्थ हज्जमा महान अल्लाहको गुणगान र स्मरणको कुनै प्रदर्शन नै देखिदैन, बरु समूहका समूह गुज्रन्छन् तर यस्तो लाग्दछ कि उनीहरू लाटो हुन्छन् । र पुरुषहरूको लागि यति उच्च स्वरमा तल्बिया भन्नु वैधानिक छ जसमा तिनीलाई कुनै प्रकारको कष्ट नहोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा सहाबाहरू यस्तै गर्थे उहाँ सल्लल्लाहो अलैहे वसल्लमको आदेशको अनुशरण गर्ने उद्देश्यले  जसरी कि अहिले हामीले त्यसतर्फ संकेत गरेका छौं ।

र तल्बियाको बारेमा एउटा अर्को गल्ती पनि गरिन्छ, र त्यो हो कि केही हाजीहरू सामूहिक तरिकाले तल्बिया भन्छन्, अर्थात एउटा मान्छे उनीहरूभन्दा अगाडि वा उनीहरूको बीचमा वा उनीहरूको पछाडि भएर तल्बिया भन्छ अनि सबै त्यसलाई एक मुख भन्छन्, तर यस्तो गर्नु सहाबाहरूबाट प्रमाणित छैन । बरु अनस बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ कि: हामी बिदाइको हज्जमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथ थियौं, अनि हामीमध्ये कोही

तक्बीर भन्थ्यो, त कोही गुणगान गर्थ्यो, त कोही तल्बिया भन्थ्यो, त यो नै मुसलमानहरूको लागि वैधानिक छ, कि त्यो एकलै तल्बिया भनोस् र अर्को मान्छेमाथि निर्भर नरहोस् ।

## हरममा प्रवेश गरे पश्चात गरिने त्रुटिहरू

प्रश्न: (१८७) आदरणीय शैख ज्यू, अल्लाह तपाईलाई पुण्य प्रदान गरोस् अब यो जानकारी गराउन बाँकी छ जुन हरममा प्रवेशगर्दा गरिन्छ ?

उत्तर: मस्जिदे हराममा प्रवेशगर्दा केही हाजीहरूद्वारा जुन गल्तीहरू गरिन्छ तीमध्ये हो:

पहिलो: केही मानिसहरू यो धारणा राख्दछन् कि हाजी अथवा उमरा गर्ने मान्छे अनिवार्यतया हरमको कुनै विशेष ढोकाबाट प्रवेश गरोस् यसर्थ जुन उमरा गर्ने उद्देश्यले आउँछ त्यो बाबुल् उमरा नामक ढोकाबाट प्रवेश गर्न चाहन्छ, र यो धारणा राख्दछ कि यस्तो गर्नु अनिवार्य छ अथवा वैधानिक छ । र केही मानिसहरू यो धारणा राख्दछन् कि

बाबुस्सलाम नामक ढोकाबाट प्रवेश गर्नु आवश्यक छ, र यदि त्यो यस बाहेक कुनै अन्य ढोकाबाट प्रवेश गऱ्यो भने त्यो पापी हुन्छ वा यस्तो गर्नु मकरुह छ, तर यसको कुनै प्रमाण छैन । बरु हाजी वा उमरा गर्ने मान्छे कुनै पनि ढोकाबाट प्रवेश गर्न सक्दछ ।

र जब मान्छे मस्जिदे हराममा प्रवेश गरोस् त आफ्नो दायाँ पाइलालाई अगाडि बढाओस्, र त्यो दुआ पढोस् जुन समस्त मस्जिदहरूमा प्रवेशगर्दा पढिन्छ । यसर्थ नबी सल्लल्लाहो अलैहे वसल्लममाथि सलाम पठाओस् अनि भनोस्:

"اللَّهُمَّ، اغفر لي ذنوبي ، وافتح لي أبواب رحمتك" (

أخرجه الترمذي ، كتاب الصلاة، باب ما جاء ما يقول عند دخول المسجد، رقم ( 314)، وابن ماجه، كتاب المساجد ، باب الدعاء عند دخول المسجد ، (771)

अर्थ : हे अल्लाह मेरा पापहरूलाई क्षमा गर, र मेरो लागि आफ्नो दयाको ढोका खोलिदेऊ । (तिर्मिजी

किताबुस्सलात, बाबु मा जाअ् मा यकूलु इन्दा दुखूलिल् मस्जिद, हदीस नं. ३१४ । र इब्ने माजा किताबुल् मसाजिद, बाबुद्दुआए इन्दा दुखूलिल् मस्जिद, हदीस नं. ७७१)

दोस्रोः केही मानिसहरू मस्जिदे हराममा प्रवेशगर्दा केही नयाँ र विशिष्ट दुआहरू गर्छन्, यस्तो दुआ जुन नबी सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित छैन, त उनी यस्तै दुआलाई पढछन्, त यस्तो गर्नु बिदअत हो, किनकि कुनै यस्तो कार्य कुरा र धारणाद्वारा अल्लाहको पूजा गर्नु जसलाई मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उनका सहाबीहरूले गरेका छैनन् बिदअत र पथभ्रष्टता हो जसबाट रसूल सल्लल्लाहो अलैहे वसल्लमले सावधान गरेका छन् ।

तेस्रोः हाजीहरू र हाजी बाहेकका मानिसहरू यस कुरामा गल्ती गर्छन् र त्यो यो हो कि उनीहरू यो धारणा राख्दछन् कि मस्जिदुल हरामको तहैयतुल् मस्जिद तवाफ हो । अर्थात उनीहरूको यो सिद्धान्त हुन्छ कि जुन व्यक्ति पनि मस्जिदुल् हराममा प्रवेश गरोस् त्यो तवाफ गरोस् केही विद्हरूको कथनलाई

आधार मानेर, किनकि ती विद्हरूको भनाई छ कि: मस्जिदुल हरामको सुन्नत तवाफ हो । तर वास्तविक कुरो यो हो कि कुरो यस्तो छैन, किनकि मस्जिदुल हराम पनि अरु मस्जिदहरू भैंं मस्जिद नै हो जसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ:

"إذا دخل أحدكم المسجد، فليركع ركعتين قبل أن يجلس" ( أخرجه البخاري، كتاب الصلاة ، باب إذا دخل المسلم فليركع ركعتين، رقم (444)، ومسلم، كتاب صلاة المسافرين، باب استحباب تحية المسجد بركعتين، رقم (714)

अर्थ : जब तिमीमध्ये कोही मस्जिदमा प्रवेश गरोस् त बस्नुभन्दा अघि नै दुई रक्अत नमाज पढोस् । ( बुखारी, किताबुस्सलात, बाबु इजा दखलल् मुस्लिमु फल् यरकअ् रकअ्तैन, हदीस नं. ४४४ । र मुस्लिम, किताबु सलातिल् मुसाफेरीन, बाबु

इस्तेहबाबे तहैयतुल् मस्जिदि बिरकअ्तैन, हदीस नं. ७१४)

तर यदि तपाई मस्जिदे हराममा तवाफको नीयतले प्रवेश गरेका छौ चाहे त्यो हज्जको तवाफ होस् वा उमराको वा नफिली तवाफ, त तपाईले तवाफ गरेमा पुग्छ चाहे तिमी दुई रक्अत सुन्नतलाई नपढनुस् ।

त यो नै हामीहरूको कथनको अर्थ हो कि मस्जिदुल हरामको तहैयुतल् मस्जिद तवाफ हो । यसलेगर्दा यदि तपाईले तवाफको नीयतले मस्जिदुल हराममा प्रवेश गर्नु भएको छैन, बरु नमाजको लागि वा त्यसको प्रतिक्षा गरिरहनु भएको छ वा कुनै विज्ञानको बैठकमा शामेल हुने उद्देश्यले प्रवेश गर्नु भएको छ, त यस्तो अवस्थामा यसको पनि त्यो नै हुकुम छ जुन अन्य मस्जिदहरूको बारेमा छ, यसर्थ यस्तो अवस्थामा बस्नुभन्दा अघि दुई रक्अत पढनु सुन्नत हो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यसको आदेश गर्नु भएको छ। त अहिले मलाई यति कुरा नै याद थियो जसमा मानिसहरू मस्जिदे हराममा प्रवेशगर्दा गल्ती गर्छन् ।

# तवाफमा गरिने त्रुटिहरू

प्रश्नः (२८८) आदरणीय शैख ज्यू, जब हाजी अथवा उमरा गर्ने मान्छे वा यस बाहेकका मानिसहरूले मस्जिदे हराममा प्रवेश गर्‍यो र त्यो तवाफ गर्न चाहन्छ त यता तवाफ गर्नुमा पनि मानिसहरू गल्ती गर्छन् त यदि तपाईले यी गल्तीहरूलाई पनि स्पष्ट गरिदिनु हुन्थ्यो भने अति उत्तम हुन्थ्यो ?

उत्तरः तवाफमा पनि धेरै गल्तीहरू गरिन्छ जसलाई हाजीहरू वा उनीहरू बाहेकका मानिसहरू गर्छन् । र ती त्रुटिहरूमध्ये यो पनि हो किः मान्छे तवाफको नीयतगर्दा जिब्रोबाट उच्चारण गर्छ, यसर्थ तपाई हेर्नुहुन्छ कि हाजी जब तवाफ आरम्भ गर्न चाहन्छ त हज्रे अस्वदतिर अनुहार गरेर भन्छः हे अल्लाह मैले उमराको लागि सात चक्र तवाफ गर्ने नीयत गरें, वा भन्छः हे अल्लाह मैले हज्जको लागि सात चक्र तवाफ गर्ने नीयत गरें, वा भन्छः हे अल्लाह मैले तिम्रो सामीप्यता प्राप्तिको लागि सात चक्र तवाफ गर्ने नीयत गरें ... आदि । तर नीयतलाई उच्चारण गर्नु बिदअत हो, किनकि यसलाई नबी

सल्लल्लाहो अलैहे वसल्लमले गरेका छैनन्, नत यस्तो गर्नुको आदेश आफ्नो अनुयायीहरूलाई गरेका छन् । यसर्थ जसले पनि यसरी अल्लाहको पूजा गर्छ जसरी पूजा गर्नुको लागि नत रसूल सल्लल्लाहो अलैहे वसल्लमले आदेश गरेका छन् नत स्वयम् नै त्यस्तो गरेका छन्, त यस्तो गरेर मान्छेले अल्लाहको धर्ममा बिदअतको सृजना गर्छ जुन त्यस धर्ममध्येको होइन, यसर्थ तवाफको समय नीयतको उच्चारण गर्नु ठूलो गल्ती र बिदअतमध्येको हो ।

र जसरी यो वैधानिक तौरले बिदअत हो उस्तै मानसिक तौरले पनि गल्ती हो, किनकि नीयतलाई उच्चारण गर्नुको आवश्यकता किन पऱ्यो, र यसको के लाभ छ जबकि नीयत गर्ने कार्य तिमी र तिम्रो प्रतिपालकबीचको कुरो हो, र अल्लाह त छातीभित्र भएका कुराहरूको पनि ज्ञाता हो, र त्यसलाई यो थाहा छ कि अहिले तपाई तवाफ गर्नेछौ । त जब अल्लाहलाई यो कुरो थाहा छ त त्यसलाई त्यसका भक्तहरू समक्ष जाहेर गर्नुको कुनै आवश्यकता छैन । त यदि तपाई भन्नुहुन्छ किः म आफ्नो जिब्रोद्वारा यस कारण भनिरहेको छु ताकि जुन मेरो हृदयमा छ

त्यसै अनुरूप जिब्रोद्वारा भनेर पनि प्रमाणित गरूँ । त हामी भन्छौं: पूजालाई कियास गरेर सिद्ध गर्न सकिदैन, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले तिमीभन्दा पहिला नै तवाफ गरिसकेका छन् तर उहाँ सल्लल्लाहो अलैहे वसल्लमले नीयतलाई जिब्रोद्वारा उच्चारण गरेनन् । र सहाबाहरूले पनि तपाईभन्दा अघि तवाफ गरिसकेका छन् तर उनीहरूले पनि तवाफगर्दा नीयतलाई उच्चारण गरेनन्, र यस बाहेक कुनै पूजागर्दा पनि यसको उच्चारण गरेनन्, यसर्थ यो पूर्णरूपले गल्ती हो ।

दोस्रो गल्ती: केही तवाफ गर्ने मान्छेहरू रुक्ने यमानी र हज्रे अस्वदलाई स्पर्श गर्नुको लागि हूल र भीड गर्छन्, र आफूलाई पनि कष्टमा पार्छन् र अरुलाई पनि कष्ट पुऱ्याउँछन्, र यस्तो भीड र घुँइचोमा मानिस कदाचित महिलाको बगल र छेउमा पनि हुन्सक्छ, त यस्तो अवस्थामा कदाचित यो सम्भावना छ कि शैतान त्यसको हृदयमा केही हालिदेओस् अनि त्यसको हृदयमा यस्तो श्रद्धय ठाउँमा वासनाको उत्पात भइहालोस्, र मान्छे त वास्तवमा मानव नै हो जसको अन्तरात्मा त्यसलाई

गलत दिशातिर प्रवृत्त गर्न सक्छ, अनि अल्लाहको घर निकट त्यसद्वारा यस्तो जघन्य अपराध भइहालोस् । त यस्तो कुरा पनि यस्तो पावन र श्रद्धय स्थानमा घटित हुनु ठूलो कुरो हो जसरी कि यो अन्य स्थानहरूमा पनि उत्पात र उपद्रवको कारण र सीमामा आउँछ ।

र रुक्ने यमानी र हज्रे अस्वदको स्पर्श गर्ने ठाउँमा भीड गर्नु वैधानिक कुरो होइन, बरु यदि बिना भीड र कष्ट यसको सम्भावना छ त यो अभीष्ट छ, र यदि सम्भव छैन भने हज्रे अस्वदलाई संकेत गर्नु नै पर्याप्त छ ।

र रह्यो कुरो रुक्ने यमानीको त त्यसलाई संकेत गर्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छैन, र त्यसको कियास हज्रे अस्वदमाथि पनि गर्न सकिदैन किनकि हज्रे अस्वदको कुरो विशाल छ, र हज्रे अस्वदलाई संकेत गर्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छ ।[1]

---

[1] बुखारी, किताबुल् हज्ज, बाबु मन् अशारा इलर्रुक्ने इजा अता अलैहे, हदीस नं. १६१२ ।

र जसरी त्यहाँ भीड गर्नु अवैधानिक छ उस्तै यदि त्यस भीडमा महिला पनि शामेल होस् र मान्छेको बगलमा होस् त उपद्रव हुने भय पनि छ र यसले हृदय र विचारमा कौतुहलताको पनि अविष्कार भइहाल्छ, किनकि भीडमा मान्छे यस्ता यस्ता कुरा पनि सुन्दछ जसलाई त्यो अप्रिय ठान्दछ, वा त्यो यस्तो भीडमा यस्ता कुराहरू पनि भनिहालोस् जसमा पछि पछुतो मानोस्, त यस्तो अवस्थामा त्यो आफूमाथि नै क्रोधित भइहाल्छ जब यस तवाफबाट फर्केर जान्छ ।

र तवाफ गर्ने मान्छेलाई यो उचित छ कि त्यो तवाफगर्दा शान्ति र विनम्रतालाई अपनाओस् ताकि त्यसलाई यो याद रहोस् कि यो तवाफ अल्लाहको स्मरण र पूजाको लागि गरिरहेको छ, जस्तो कि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"إنما جعل الطواف بالبيت وبالصفا والمروة، ورمي الجمار لإقامة ذكر الله"(أ) أخرجه أبو داود، كتاب المناسك، باب في الرمل، رقم (1888) والترمذي بنحوه، كتاب الحج،

باب ما جاء كيف ترمى الجمار، رقم (902) وقال : حسن صحيح.

अर्थ : बैतुल्लाहको तवाफ गर्नु, सफा र मरवाको सई गर्नु, र कंकरी हान्नुलाई अल्लाहको गुणगान गर्ने उद्देश्यले वैधानिक गरिएको छ । (अबू दाऊद, किताबुल् मनासिक, बाबु फिर्रमल, हदीस नं. १८८८ । र तिर्मिजीले यस्तै, किताबुल् हज्ज, बाबु माजाअ् कैफा तरमिल् जेमार, हदीस नं. ९०२, र भन्नु भएको छ कि: यो हदीस विश्वासनीय र सही छ ।)

तेस्रो गल्ती जसलाई तवाफमा गरिन्छ: केही मानिसहरू यो सोच्दछन् कि हज्रे अस्वदलाई नचुमिकन् तवाफ नै पूर्ण हुँदैन, र हज्रे अस्वदलाई चुम्नु तवाफ शुद्ध हुनुको शर्त हो, र यो उमरा र हज्ज शुद्ध हुनुको पनि शर्त हो । तर यो धारणा गलत छ, किनकि हज्रे अस्वदलाई चुम्नु सुन्नत हो, र सुन्नते मुवक्कदा पनि होइन । यसर्थ यो मात्र तवाफ गर्नेहरूको लागि नै सुन्नत हो र तवाफ बाहेकका अवस्थामा मेरो जानकारीमा यसलाई

चुमिनु सुन्नत होइन । त जब हज्रे अस्वदलाई चुम्नु सुन्नत हो अनिवार्य होइन, नत त्यसको (तवाफको) शर्तहरूमध्येको हो, त जसले यसलाई चुम्दैन त्यसलाई यो भनिदैन कि तिम्रो तवाफ सही छैन, वा त्यसको तवाफमा यस्तो कमी छ जसलेगर्दा त्यो पापको भागीदार हुन्छ, बरु हामी भन्छौं: यदि त्यहाँ भीड र हूल छ भने त्यसलाई स्पर्श गर्नु र चुमिनुभन्दा उत्तत त्यसलाई संकेत गर्नु हो, किनकि भीडको हालतमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले संकेत नै गरेका थिए । त मान्छेलाई चाहियो कि यस कुराबाट बचोस् कि त्यो अरुलाई कष्ट पुऱ्याओस् वा अरु कसैद्वारा त्यसलाई कष्ट पुऱ्याइयोस् ।

त यदि प्रश्न गर्नेवालाले हामीसित यो प्रश्न गर्छ कि: मताफमा (तवाफ गर्ने ठाउँमा) त भीड नै रहन्छ जस्तो कि तपाई हेरिराख्नु भएको छ त के म पनि त्यस भीडमा पसेर त्यसलाई स्पर्श गरेर त्यसलाई चुमूँ वा मेरो लागि यो श्रेष्ठ छ कि त्यसलाई मात्र संकेत गरूँ ?

त हामी भन्छौं कि: तिम्रो लागि श्रेष्ठ यो छ कि संकेत गर, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो नै पद्धति हो, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति समस्त पद्धतिहरूभन्दा उत्तम र उत्कृष्ट छ ।

चौथो त्रुटि जसलाई तवाफ गर्ने केही मानिसहरू गर्छन्: र त्यो हो रुक्ने यमानीलाई चुम्नु । त रुक्ने यमानीलाई चुम्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छैन, र जुन पूजा रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट साबित नहोस् त्यो बिदअत हो सामीप्यता प्राप्त गर्नु होइन । यसर्थ मान्छेको लागि यो जायज छैन कि रुक्ने यमानीलाई चुमोस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले त्यसलाई चुमेका छैनन् बरु यसको बारेमा एउटा जईफ हदीस छ जसबाट प्रमाण लिनु सही छैन ।

र यस्तै हामी हेर्दछौं कि केही मानिसहरू जब हज्रे अस्वद अथवा रुक्ने यमानीलाई स्पर्श गर्छन् त बायाँ हातले स्पर्श गर्छन् त्यसलाई महत्व नदिने मान्छे सरह, त यो गल्ती हो, किनकि दाहिनो हात बायाँ हातले श्रेष्ठ छ, र बायाँलाई अपवित्र कुरालाई

स्वच्छ गर्नुमा अगाडि गरिन्छ जसरी इस्तिन्जा गर्नुमा, नाक साफ गर्नुमा ... आदि । र रह्यो पवित्र र श्रद्धय र हज्रे अस्वदलाई स्पर्श गर्ने कुरा त यसमा दायाँ हातलाई अगाडि गरेर त्यसलाई प्रयोगमा ल्याइन्छ ।

पाँचौं गल्ती जसलाई तवाफ गर्ने केही मानिसहरू गर्छन्: उनीहरू यो धारणा राख्दछन् कि रुक्ने यमानी र हज्रे अस्वदलाई स्पर्श गर्नु तबर्रुकको लागि हो पूजाको लागि होइन । यसर्थ त्यसलाई तबर्रुकको नीयतले स्पर्श गर्छन्, त यसमा कुनै विभेद र शंका छैन कि त्यो यस कुरा विरुद्ध कुरो हो जसलेगर्दा यसको स्पर्श गरिन्छ । यसर्थ यसलाई स्पर्श गर्नु र चुम्नुको वास्तविक उद्देश्य हो अल्लाहको महानताको बखान गर्नु, र यसै कारण जब रसूल सल्लल्लाहो अलैहे वसल्लम हज्रे अस्वदलाई स्पर्श गर्थे त भन्थे: “अल्लाहु अक्बर” यस कुरातिर संकेत गर्ने उद्देश्यले कि यस कार्यको उद्देश्य अल्लाहको महानता बखान गर्नु हो नकि यसको उद्देश्य तबर्रुक प्राप्त गर्नु हो । र आस्थावानहरूको इमाम र नायक हजरत उमर रजिअल्लाहो अन्होले भन्नु भएको छः

"والله إني لأعلم أنك حجر، لا تضر ولا تنفع، ولولا أني رأيت رسول الله صلى الله عليه وسلم يقبلك، ما قبلتك" أخرجه البخاري، كتاب الحج، باب ما ذكر في الحجر الأسود، رقم (1597)، ومسلم، كتاب الحج، باب استحباب تقبيل الحجر الأسود في الطواف، رقم (1270)

अर्थ : अल्लाहको शपथ मलाई भलिभाँति यो ज्ञान छ कि तिमी एउटा ढुँगा हौ, नत हानि पुऱ्याउन सक्छौ नत लाभ, र यदि मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई तिमीलाई चुम्दा नहेरेको भए तिमीलाई चुम्दैनथें । (बुखारी, किताबुल् हज्ज, बाबु मा जक्रा फिल् हज्रिल् अस्वद, हदीस नं. १५९७ । र मुस्लिम, किताबुल् हज्ज, बाबु इस्तिहबाबे तक्बीललि् हज्रिल् अस्वदे फित्तवाफ, हदीस नं. १२७०)

यसर्थ यस्तो भ्रम जुन केही मानिसहरूलाई हुन्छ कि हज्रे अस्वद र रुक्ने यमानीलाई स्पर्श गर्नुको उद्देश्य तबर्रुक प्राप्त गर्नु हो, र यसै कारण त्यो मान्छे हज्रे अस्वद र रुक्ने यमानीलाई स्पर्श गरे पश्चात त्यसै

हातले आफ्नो बच्चालाई स्पर्श गर्छ ताकि त्यसलाई पनि तबर्रुक प्राप्त भइहालोस्, त यस्ता खालका धारणा र सिद्धान्तहरू अवैधानिक र गलत छन् जसबाट रोकिएको छ। यसर्थ मान्छेहरूको लागि यो स्पष्ट गर्नु आवश्यक छ कि यस्ता खालका ढुँगाहरू कुनै हानि र लाभ पुऱ्याउन सक्दैनन्, र यसलाई स्पर्श गर्नुको उद्देश्य मात्र अल्लाहको स्मरण गर्नु र त्यसको महानताको बखान गर्नु र रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नु हो ।

र यस्तै खालको गल्ती मदिनामा नबी सल्लल्लाहो अलैहे वसल्लमको चिहान भएको कोठा निकट पनि गरिन्छ, यसर्थ केही सर्वसाधारण मानिसहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहान भएको कोठाको झ्याल आदिलाई स्पर्श गर्छन् र त्यसमा आफ्नो हात, अनुहार, छाती र टाउकोलाई रगडन्छन् यस आस्थाको साथ कि यस्तो गर्नुले तबर्रुक मिल्छ। त यो कार्य र यस जस्ता समस्त कार्यहरू वैधानिक छैनन्, बरु यो बिदअत हो, जुन त्यसलाई कुनै लाभ पुऱ्याउने छैन । तर यदि कुनै मान्छे यसबाट अनभिज्ञ छ र त्यसलाई यो थाहै छैन

कि यो बिदअत हो, त यस्तो मान्छेको बारेमा यो आशा गरिन्छ कि त्यसलाई यसमा माफी मिल्नेछ, तर यदि यस्तो गर्ने मान्छे यसबारे जान्दछ वा कोताहीले गर्दा यसबारे ज्ञान प्राप्त गरेको छैन त त्यो यसलाई गरेमा पापी घोषित हुन्छ । त यी कार्यहरू गर्ने मान्छेहरू याता वास्तवमा यसबारे अनभिज्ञ हुन्छन्, र तिनका कल्पनाहरूमा पनि यो कुरो हुँदैन कि यो हराम कार्य हो, त यस्ता मान्छेले यस्तो गरेमा कदाचित पाप लाग्दैन । तर जसलाई यसबारे ज्ञान छ र जानेर त्यो यसलाई गर्छ कि अरु मानिसहरू पनि त्यसलाई हेरेर यसरी नै गरुन् अर्थात आफू पनि पथभ्रष्ट छ र अरुलाई पनि पथभ्रष्ट गर्छ त यस्तो मान्छेलाई पाप लाग्दछ, र त्यसमाथि त्यस पापको भारी पनि हुनेछ जुन त्यसलाई हेरेर यसलाई गरेको हुन्छ । र यदि कुनै यस्तो मान्छे छ जसले सुस्तीले गर्दा विद्हरूबाट यसको बारेमा सोध्दैन अनि यस्तो अवैधानिक कार्य गर्छ त यस्तो मान्छेको बारेमा यो भय छ कि यो पनि पापी हुन्छ, किनकि यसले विद्हरूसित यसबारे

ज्ञान प्राप्त गरेन जबकि यसको अवसर त्यसलाई प्राप्त थियो ।

## तवाफमा गरिने गल्तीहरू (समाप्ति, पूरक)

प्रश्न: (२८९) आदरणीय शैख ज्यू, हामी तवाफमा हाजीहरूद्वारा हुने केही गल्तीहरूको बारेमा कुरा गरिरहेका थियौं र केही गल्तीहरूलाई तपाईले वर्णन पनि गर्नु भयो, त के बाँकी शेष रहेका गल्तीहरूलाई पनि वर्णन गर्नुहुन्छ र ?

उत्तर: अघि वर्णित गल्तीहरू बहेक केही अन्य गल्तीहरू पनि छन् जसलाई हाजीहरू तवाफ गर्ने क्रममा गर्छन्, र तीमध्ये यो पनि हो: कि उनीहरू सातवटै चक्रमा रमल गर्छन्, जबकि वैधानिक यो छ कि मात्र पहिलाका तीन चक्रमा रमल गरियोस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लम र उहाँका साथीहरूले मात्र पहिलाका तीन चक्रहरूमा रमल गरेका छन्, र बाँकीका चार चक्रहरूमा सामान्य चाल चलेका छन् । र यस्तै यो रमल गर्नु ( पाइलालाई नजिक नजिक गरेर तीव्रताले हिँड्नु)

मात्र पुरुष मान्छेको लागि हो, र यो मात्र तवाफे कुदूममा गरिन्छ जब हाजी मक्कामा पहिलो पटक आउँछ, चाहे यो कदूमको तवाफ होस् वा उमराको ।

र गल्तीमध्ये यो पनि हो कि केही मानिसहरू तवाफको प्रत्येक चक्रको लागि दुआहरूलाई विशिष्ट गर्छन्, त यो बिदअत हो जसको प्रमाण नत रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट छ नत उहाँ सल्लल्लाहो अलैहे वसल्लमका सहाबाहरूबाट । यसर्थ नत नबी सल्लल्लाहो अलैहे वसल्लमले प्रत्येक चक्रको लागि कुनै दुआ विशिष्ट गर्थे नत सहाबाहरूले नै कुनै दुआ विशष्टि गर्थे, र यसको बारेमा जुन प्रमाणित छ त्यो यो हो कि रसूल सल्लल्लाहा अलैहे वसल्लम रुक्ने यमानी र हज्रे अस्वदबीच यो दुआ पढथे:

﴿ رَبَّنَآ ءَاتِنَا فِي ٱلدُّنۡيَا حَسَنَةٗ وَفِي ٱلۡأٓخِرَةِ حَسَنَةٗ وَقِنَا عَذَابَ ٱلنَّارِ ٢٠١ ﴾ البقرة: ٢٠١

अर्थ : हे पालनकर्ता ! हामीलाई संसारमा पनि नेकी (भलाई) प्रदान गर, र आखिरतमा पनि पुण्य प्रदान गर र नर्कको कष्टबाट रक्षा गर्नु । (सूरतुल् बकर: २०१)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"إنما جعل الطواف بالبيت وبالصفا والمروة، ورمي الجمار لإقامة ذكر الله"(أخرجه أبو داود، كتاب المناسك، باب في الرمل، رقم (1888) والترمذي بنحوه، كتاب الحج، باب ما جاء كيف ترمى الجمار، رقم (902) وقال : حسن صحيح.

अर्थ : बैतुल्लाहको तवाफ गर्नु, सफा र मरवाको सई गर्नु, र कंकरी हान्नुलाई अल्लाहको गुणगान गर्ने उद्देश्यले वैधानिक गरिएको छ । (अबू दाऊद, किताबुल् मनासिक, बाबु फिर्रमल, हदीस नं. १८८८ । र तिर्मिजीले यस्तै, किताबुल् हज्ज, बाबु माजाअ् कैफा तरमिल् जेमार, हदीस नं. ९०२, र

भन्नु भएको छ किः यो हदीस विश्वासनीय र सही छ ।)

र यो बिदअत अरु जघन्य भइहाल्छ जब तवाफ गर्ने मान्छे कुनै पत्रिका हातमा लिएको होस् जसमा प्रत्येक चक्रको लागि कुनै विशिष्ट दुआ लेखिएको होस्, र त्यो यसै किताबबाट दुआलाई पढिरहेको होस् र त्यसलाई यो थाहा नहोस् कि त्यो के भनिरहेको छ, र यो यस कारण कि त्यो अरबी भाषाबाट अनभिज्ञ होस् र त्यसको अर्थ त्यसको समझ्मा नआइरहेको होस्, वा त्यो मान्छे अरबी नै होस् तर त्यसलाई यो ज्ञान नहोस् कि त्यो के भनिरहेको छ । र यो कुरो पनि छ कि हामी हेर्दछौं कि केही मानिसहरू यस्ता दुआहरू पनि गरिरहेका हुन्छन् जुन दुआमा परिवर्तन गरिएको हुन्छ, र त्यसैमध्ये हामी यो पनि सुनेका छौं कि तवाफ गर्ने मान्छे भनिराखेको थियोः हे अल्लाह तिमी आफ्नो प्रताप र क्रोधद्वारा मलाई हरामबाट बचाइदेऊ । जबकि सही दुआ यसरी छ किः हे अल्लाह तिमी मलाई आफ्नो हलालद्वारा हरामबाट निस्पृह गरिदेऊ ।

र त्रुटिहरूमध्ये यो पनि हो कि हामी कतिपय मानिसहरूलाई हेर्दछौं कि त्यो त्यसै किताबबाट पढ्छ जुन त्यो लिएको हुन्छ, अनि जब कुनै चक्रको दुआ समाप्त भइहाल्छ त चुप लागेर त्यो चक्र पूर्ण गर्छ र अरु कुनै दुआ गर्दैन । र यदि मताफमा भीड हुँदैन र त्यसको चक्र दुआ पूर्ण हुनुभन्दा अघि नै पूर्ण भइहाल्छ त त्यस दुआलाई बीचमै बन्द गरेर त्यसलाई अपूर्ण छाडिदिन्छ ।

र यसको उपचार यो हो कि: हामी हाजीहरू समक्ष यो स्पष्ट पारौं कि मान्छे तवाफमा जे चाहोस् दुआ गरोस्, र अल्लाहको जुन शब्दमा चाहोस् गुणगान गरोस् । त जब यो स्पष्ट पारिन्छ कि त्यो जुन सुकै दुआ गर्न सक्छ त यो गल्ती र भ्रम समाप्त भइहाल्छ ।

र यसका त्रुटिहरूमध्ये यो पनि हो र यो ठूलो गल्ती हो कि: केही मानिसहरू तवाफगर्दा हिज्रको भित्रबाट तवाफ गर्छन् जुनकि कअ्बाको उत्तरी भागमा छ अर्थात हिज्रको एउटा ढोकाबाट प्रवेश गरेर अर्को ढोकाबाट निस्किहाल्छन्, र यस्तो भीडका दिनहरूमा गर्छन् किनकि तिनको दृष्टिमा यस्तो गर्नुमा सरलता

पनि हुन्छ र चक्र लगाउनुको दूरी पनि कम भइहाल्छ । तर यो ठूलो गल्ती हो, किनकि जुन व्यक्ति यस्तो गर्छ त्यसको तवाफलाई तवाफ भनिदैन । र अल्लाहको फर्मान छः

﴿ وَلۡيَطَّوَّفُواْ بِٱلۡبَيۡتِ ٱلۡعَتِيقِ ٢٩ ﴾ الحج: ٢٩

अर्थ : अनि अल्लाहको पुरातन घर (बैतुल्लाह)को तवाफ गरुन् । (सूरतुल् हज्ज २९)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले हिज्रको पछाडिबाट तवाफ गरेका छन् । यसर्थ यदि कुनै मान्छे हिज्रको भित्रबाट तवाफ गर्छ भने त्यसको यो तवाफ मान्य छैन, किनकि त्यसले पूर्ण बैतुल्लाहको तवाफ गरे छैन । त यो विषय अति संवेदनशील छ र यस्तो अवस्थामा अरु संवेदनशील भइहाल्छ जब त्यो तवाफ हज्ज अथवा उमराको आधारमध्येको होस् जसरी तवाफे इफाजा वा उमराको तवाफ ।

र यसको उपचार यो हो किः हामीहरू हाजीहरू समक्ष यो स्पष्ट गरिदियौं कि तवाफ तबसम्म मान्य

हुँदैन जबसम्म पूर्ण बैतुल्लाहको तवाफ नगरियोस्, र हिज्र पनि बैतुल्लाहको अंश हो ।

र यस ठाउँमा म यो पनि प्रष्ट गर्न चाहन्छु कि अधिकांश मानिसहरू यसलाई हिज्रे इस्माईलको नामले नामाकरण गर्दछन्, तर वास्तविकता यो हो कि हजरत इस्माईललाई यसबारे कुनै ज्ञान नै थिएन, र यो उनको हिज्र होइन, बरु वास्तविक कुरो यो हो कि जब कुरैशले यसको निर्माण गरिरहेको थियो त पैसा कम भएको कारण उनीहरूले त्यसै बुनियादमा (जगमा) निर्माण गर्न सकेनन् जसमा हजरत इब्राहीमले बनाएका थिए, अनि यस दिशाको पर्खाललाई तोडेर अहिले भएको पर्खालद्वारा घेरिदिए, अनि यसलाई हतीम र हिज्रको नाम दिइयो । यसर्थ हजरत इस्माईलको यसबाट नत कुनै सरोकार छ नत उनलाई यसको कुनै ज्ञान थियो ।

र यसका त्रुटिहरूमध्ये यो पनि हो कि: केही मानिसहरू कअ्बालाई आफ्नो देब्रेतिर गर्दैनन्, अर्थात त्यसको साथमा महिलाहरू पनि हुन्छिन्, अनि त्यो आफ्नो हात आफ्नो साथीको हातसित मलाएर घेरा बनाएको हुन्छ महिलाहरूको सुरक्षा

गर्ने उद्देश्यले, अनि त्यो तवाफ कअ्बालाई आफ्नो पिठ्युँ पछाडि गरेर गर्छ, र त्यसको अर्को साथी यस्तो अवस्थामा तवाफ गरिरहेको हुन्छ कि कअ्बा त्यसको सामुन्ने हुन्छ । त यो ठूलो गल्ती हो, किनकि विद्हरूको भनाई छ कि: कअ्बालाई बायाँतिर गरेर तवाफ गर्नु तवाफका शर्तहरूमध्येको हो । त यदि मान्छे कअ्बालाई आफ्नो अगाडि वा पछाडि वा आफ्नो दायाँतर्फ गरेर तवाफ गर्छ त त्यसको तवाफ सही हुँदैन । यसर्थ मान्छेलाई यो अनिवार्य छ कि यस विषयमा जागृक र सावधान रहोस्, र त्यसको प्रयास यस कुरामा केन्द्रित रहोस् कि त्यो तवाफगर्दा आफ्नो पूर्ण तवाफमा कअ्बालाई आफ्नो देब्रेतिर नै राखोस् ।

र केही मानिसहरू भीडको अवस्थामा भीडको कारण केही समयको लागि कअ्बालाई आफ्नो पिठ्युँ पछाडि गरिलिन्छन्, त यो पनि गल्तीमध्येको नै हो । यसर्थ मान्छेलाई चाहियो कि आफ्नो धर्मको मामिलामा सचेत रहोस्, र पूजाको बारेमा अल्लाहले निर्धारित गरेका सीमाहरूको ज्ञान ग्रहण गरोस् त्यसमा पर्नुभन्दा अघि नै, ताकि ज्ञानको आधारमा

अल्लाहको पूजा सम्पन्न गरोस् । किनकि त्यो यात्रा गर्नुभन्दा अघि नै राम्रो तरिकाले त्यसका मार्गहरूको बारेमा सोध्पूछ गर्छ र राम्ररी त्यसको ज्ञान प्राप्त गर्छ ताकि बाटोमा कुनै कष्ट नपरोस् र त्यो कतै बाटो बिराएर नभौतरोस्, अनि यो सबै जतन गरेर मात्र बाटोलाई चयन गर्छ जुन बाटो त्यसको लागि सरल र शुलभ हुन्छ । तर धर्मको कार्यमा अधिकांश मानिसहरू पूजा आरम्भ गरिदिन्छन् र त्यसमा अल्लाहले निर्धारित गरेका सीाहरूको बारेमा त्यसलाई कुनै ज्ञान हुँदैन, त यो ठूलो कमी हो ।

हामी अल्लाहसित आफ्नो लागि र आफ्ना मुसलमान भइहरूको लागि पथप्रदर्शनको प्रार्थना गर्दछौं, र यो याचना गर्दछौं कि हामीलाई ती मानिसहरूमध्येको बनाइदेओस् जुन ती सीमाहरूका ज्ञानी छन् जसलाई अल्लाहले आफ्नो सन्देष्टामाथि अवतरित गरेको छ ।

र तवाफका गल्तीहरूमध्ये यो पनि हो कि: केही तवाफ गर्ने मान्छेहरू कअ्बाका चारवटै कुनाहरूलाई स्पर्श गर्छन्, अर्थात हज्रे अस्वद, रुकने यमानी, रुक्ने शामी र रुक्ने इराकीलाई, र यसद्वारा

यो गुमान गर्छन् कि उनीहरू महान अल्लाहको घरको महानतालाई प्रदर्शित गर्छन्, बरु कतिपय यस्ता पनि हुन्छन् जुन कअ्बाको प्रत्येक दिशाबाट गिलाफ समातेर त्यसमा झुन्डिन्छन्, त यो पनि गल्ती नै हो । र यो यस कारण किनकि वैधानिक यो छ कि: मान्छे हज्रे अस्वदलाई चुमोस्, र यदि चुम्ने र स्पर्श गर्ने सम्भावना छैन भने त्यसलाई मात्र संकेत गरोस् ।

र रहृयो कुरो रुक्ने यमानीको त यस विषयमा वैधानिक यो छ कि: मान्छे त्यसलाई स्पर्श गरोस् तर त्यसलाई चुम्नु प्रमाणित छैन, र यदि त्यसलाई स्पर्श गर्ने सम्भावना छैन भने त्यसलाई संकेत नगरोस्, किनकि त्यसलाई संकेत गर्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छैन ।

र रहृयो रुक्ने इराकीको कुरो जुन हज्रे अस्वदलाई पार गरे पश्चात आउँछ, र रुक्ने शामी त्यो हो जुन रुक्ने इराकी पश्चात आउँछ, त यी दुवै कुनलाई स्पर्श गर्नु बिदअत हो । र हजरत अब्दुल्लाह इब्ने अब्बासले  हजरत मुआवियालाई यस्तो गर्नुबाट रोकेका थिए जब हजरत मुआविया बैतुल्लाहका

चारवटै कुनालाई स्पर्श गर्न थालेका थिए, र उनसित भनेका थिए किः मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई दुवै यमनी कुनालाई स्पर्शगर्दा हेरेको छु, र रसूल सल्लल्लाहो अलैहे वसल्लम नै सबैको लागि उत्तम आदर्श हुन् । त हजरत मुआवियाले भन्नु भएको थियो किः तपाईले सत्य भन्नु भयो, र इब्ने अब्बासको कथनतिर नै फर्केर आएका थिए, जबकि उनको आफ्नो सोचाइ यो थियो किः कअ्बाको कुनै अंश छाड्ने योग्य छैन, र यसै कारण उनी चारौं कुनालाई स्पर्श गरिरहेका थिए, तर जब सत्य छर्लंङ भयो त सत्यको पालना नै गर्न थाले ।

र तवाफका गल्तीहरूमध्ये आवाजलाई उच्च गर्नु पनि हो । यसर्थ केही मानिसहरू दुआगर्दा आफ्नो स्वरलाई अति ठूलो र उच्च गरिहाल्छन् कि त्यसबाट अरुलाई कष्ट पुग्न थाल्दछ, र त्यसको हृदयबाट शान्ति श्रद्धा गइहाल्छ, र हृदयमा बैतुल्लाहको जुन आदर छ त्यो पनि स्थगित भइहाल्छ, र यस कार्यबाट अन्य तवाफ गर्ने मानिसहरूलाई कष्ट पनि पुग्दछ, र अरुलाई त्यसको

पूजा गर्ने समय कष्ट पुऱ्याउनु निषेधित छ। र एक दिनको कुरो हो कि रसूल सल्लल्लाहो अलैहे वसल्लम रात्रीको समय आफ्नो साथीहरूको पासमा आए यस्तो अवस्थामा कि उनीहरू नमाजमा ठूलो स्वरमा कुरआनको पाठन गरिरहेका थिए, त उनीहरूलाई यो खबर दिए कि प्रत्येक मान्छे आफ्नो प्रतिपालकसित कानेखुसी गरिरहेको छ, यसर्थ उनीहरूलाई यस कुराबाट मनाही गरे कि उनीहरू कुरआनको पाठनमा वा नमाजको पाठनमा एकअर्कामाथि स्वरलाई उच्च पारुन्, र भने:

"لا يؤذين بعضكم بعضاً" ( أخرجه أبو داود، كتاب التطوع، باب رفع الصوت بالقراءة في صلاة الليل، رقم (1332)، وأحمد في (( المسند)) (94/3).

अर्थ : तिमीमध्ये कोही कसैलाई कष्ट नपुऱ्याोस्। ( अबू दाऊद, किताबुतत्तौउ, बाबु रफइस्सौते बिल् किराअते फि सलातिल्लैल, हदीस नं. १३३२ । र अहमदले मुस्नदमा (३/९४) वर्णन गरेका छन्)

तर केही मानिसहरू अल्लाह उनी र हामीहरूलाई मार्गदर्शित गरुन् मताफमा दुआ गर्दाखेरि आफ्नो स्वरलाई निकै उच्च गर्छन् र यसमा जस्तो कि हामीले वर्णन गरें निषेधित कुरा हुनुको साथै श्रद्धा पनि लुप्त भइहाल्छ, र बैतुल्लाहको अनादर पनि हुन्छ, र अरु तवाफ गर्नेहरूलाई कष्ट पनि पुग्छ। त यस्तो गर्नु अल्लाहको यस कथन विरुद्ध छः

﴿ ٱدْعُوا۟ رَبَّكُمْ تَضَرُّعًا وَخُفْيَةً ۚ إِنَّهُۥ لَا يُحِبُّ ٱلْمُعْتَدِينَ ﴿٥٥﴾ ﴾ الأعراف: ٥٥

अर्थ : (मानिसहरू !) आफ्नो पालनकर्तासंग विनम्र बिन्ती गर्ने गर मसिनो स्वरले र एकान्तमा प्रार्थना गर । वास्तवमा अल्लाहले सीमा उल्लंघन गर्नेहरूलाई प्रेम गर्दैन। (सूरतुल् अअ्राफ ५५)

त यी त्रुटिहरू जसलाई हामीले वर्णन गरिसक्यौं अल्लाहसित याचना छ कि यसमा हाम्रा मुसलमान भाइहरूलाई सुधार गर्ने अवसर प्रदान गरोस् ताकि उनीहरूको तवाफ त्यस अनुकूल भइहालोस् जुन

हाम्रो नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छ, किनकि सर्वोत्कृष्ट पद्धति नबी सल्लल्लाहो अलैहे वसल्लमको पद्धति नै हो नकि ती मानिसहरूको पद्धति जुन भावुक भएर कार्य गर्छन्, बरु यी कार्यहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित तथ्यहरूबाट नै प्राप्त गरिन्छ ।

र तवाफका ठूला गल्तीहरूमध्ये यो पनि हो किः केही मानिसहरू तवाफको आरम्भ कअबाको ढोकाबाट नै गर्छन् नकि हज्रे अस्वदबाट, त जुन व्यक्ति पनि कअ्बाको ढोकाबाट आरम्भ गरेर त्यसैमा त्यसलाई समाप्त गर्छ, त यस्तो मान्छेले आफ्नो तवाफ पूर्ण गरेको छैन, किनकि अल्लाहको फर्मान छः

﴿ وَلۡيَطَّوَّفُواْ بِٱلۡبَيۡتِ ٱلۡعَتِيقِ ﴿٢٩﴾ ﴾ الحج: ٢٩

अर्थ : अनि अल्लाहको पुरातन घर (बैतुल्लाह) को तवाफ गरुन् । (सूरतुल् हज्ज २९)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले तवाफको आरम्भ हज्रे अस्वदबाट गरेका छन्, र मानिसहरूसित भनेका छन्:

"خذوا عني مناسككم"( ) أخرجه البيهقي في (( السنن الكبرى)) (125/5) وأخرجه أحمد في (0 مسند الشاميين)(54/02) لفظ: (( لتأخذوا عني مناسكك)) وأخرجه مسلم، كتاب الحج، باب استحباب رمي جمرة العقبة يوم النحر راكباً، رقم (1297) بلفظ: (( لتأخذوا مناسككم)) فإني لا أدري لعلي لا أحج بعد حجتي هذه))

अर्थ : तमीहरू हज्जका कार्यहरू मसित सिकिहाल। (बैहकीले यसलाई सुननुल् कुब्रामा वर्णन गरेका छन् (५/१२५)। र अहमदले मुसनदुश्शामिईनमा वर्णन गरेका छन् (२/५४), र उनले वर्णन गरेको शब्द हो: लेतअ्खुजु अन्नि मनासेकका। र मुस्लिमले किताबुल् हज्जमा वर्णन गर्नु भएको छ, बाबु इस्तेहबाबे रमिये जमरतिल् अकबा यौमन्नहरे राकिबन्, हदीस नं. १२९७, यी शब्दका साथ: लेतअ्खुजु मनासेककुम

फइन्नी लाअदरी लअल्ली ला अहुज्जु बअ्दा हज्जती हाजेही)

त यदि मान्छे कअ्बाको ढोका वा हज्रे अस्वदको नकिटबाट चाहे अलि कति कनि नहोस् आरम्भ गर्छ, त यो पहिलो चक्र जसलाई त्यसले हज्रे अस्वद पश्चातको ठाउँबाट आरम्भ गरेको छ यो चक्र पूर्ण भएन, अर्थात यो चक्र मान्य भएन, किनकि यसलाई वैधानिक तौरले पूर्ण गरेको छैन । र त्यसमाथि यो अनिवार्य छ कि यदि त्यसलाई शीघ्र नै याद आओस् त यसको बदलामा एउटा अर्को चक्र लगाइहालोस्, र यदि जल्दी त्यसलाई यसको याद आएन भने त्यसलाई एउटा अर्को नयाँ तवाफ गर्नुपर्छ ।

र यस विषयमा सउदी हुकुमतले (अल्लाह यसलाई अरु राम्रो कार्य गर्ने सुअवसर प्रदान गरोस्) हज्रे अस्वदको सामुन्ने एउटा कथई रंगको पट्टी बनाएको छ जुन तवाफ आरम्भ गर्ने स्थानको संकेत हो ।[1] त

[1] तर अहिले अर्थात १४३६ हिज्री सन् २०१५ ई. मा यस पट्टीलाई हटाएर त्यसको समान स्थानमा त्यसको सामुन्ने मरवा पर्वत भएको दिशामा एउटा नीलो बत्ती लगाइएको छ जुन त्यस कथई पट्टी झैं यो संकेत दिन्छ कि यसको समान स्थान नै तवाफ आरम्भ गर्ने स्थान हो । (अनुवादक)

जहिलेदेखि यो कथई संकेत गर्ने पट्टी बनाइएको छ मानिसहरू यसबारे अति कम गल्ती गर्छन्, तर अहिले पनि केही मानिसहरू त गल्ती गरिहाल्छन् । र कुरोको सार यो कि मान्छेलाई चाहियो कि यस गल्तीबाट सावधान रहोस् ताकि यस्तो घातक गल्तीबाट बचोस् जसलेगर्दा त्यसको तवाफ नै अधुरा रहन्छ ।

प्रश्न: (२९०) आदरणीय शैख ज्यू, केही मान्छेहरू जब यस संकेत दिने पट्टीमा आउँछन् त लामो समयसम्म त्यसमा उभिरहन्छन्, र अरु मानिसहरूको बाटो बन्द गरिदिन्छन् अर्थात अरु तवाफ गर्ने मान्छेहरूको तवाफमा बाधा हालिदिन्छन् त यस पट्टीमाथि लामो समयसम्म उभेर दुआ आदि गर्नुको के हुकुम छ ?

उत्तर: मान्छेलाई चाहियो कि यस पट्टीमाथि लामो समयसम्म नउभोस् बरु त्यसमा उभेर आफ्नो अनुहार हज्रे अस्वदतिर गरेर त्यसलाई संकेत गरोस् र तक्बीर भनोस्, अनि त्यहाँबाट हिँडिहालोस्, र यो यस्तो ठाउँ होइन जता लामो समयसम्म उभियोस् । तर म केही मानिसहरूलाई हेर्दछु कि उनीहरू

त्यसमा उभेर भन्छन्: मैले यो नीयत गरें कि म अल्लाहको लागि सात चक्र तवाफ गर्छु उमराको तवाफ वा नफिली तवाफ वा यस जस्ता अन्य शब्दहरूमा। त यो उनीहरूको नीयतको गल्ती हो र यसको बारेमा हामीले अघि नै सचेत र सावधान गरिसकेका छौं, र यो पनि स्पष्ट गरिसकेका छौं कि नीयतको उच्चारण जुन सुकै पूजामा बिदअत हो, र यसको प्रमाण नत रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट छ नत उहाँ सल्लल्लाहो अलैहे वसल्लमको कुनै सहाबीबाट। यसर्थ तपाई यो पूजा मात्र अल्लाहको लागि नै गरिराख्नु भएको छ र त्यसलाई तिम्रो नीयतको बारेमा राम्ररी ज्ञान छ, यसर्थ त्यसलाई जाहेर गर्नु र त्यसलाई उच्चारण गर्नुको कुनै आवश्यकता छैन।

## तवाफका दुई रक्अत पढनुमा गरिने त्रुटिहरू

प्रश्न: (२९१) आदरणीय शैख ज्यू, हामीले ती त्रुटिहरूबारे तपाईसित सोधें जसलाई केही हाजीहरू एहराम लगाउनुमा र हरममा प्रवेशगर्दा र तवाफमा

गर्छन्, त अब बाँकी छ तवाफका दुई रक्अत नमाजको त के यसलाई पढदा पनि हाजीहरू कुनै प्रकारको गल्ती गर्छन्, त त्यसबारे सावधान गरिदिनुको तपाईसित अनुरोध छ ?

उत्तर: अहिले यस्ता त्रुटिहरू बाँकी छन् जसलाई हाजीहरू तवाफको दुई रक्अत नमाज पढदा गर्छन्, र त्यस बाहेकमा पनि गर्छन् तर पहिला हामी तवाफका दुई रक्अतमा गरिने त्रुटिहरूलाई नै वर्णन गर्दछौं ।

त यसमा गरिने गल्तीहरूमध्ये यो पनि हो कि: केही मानिसहरूको यो धारणा हुन्छ कि यी दुवै रक्अत नमाजलाई मुकामे इब्राहीम पछाडि पढनु नै अनिवार्य छ, वा त्यसभन्दा निकट नै । र यस कारण तपाई हेर्नुहुन्छ कि मानिसहरूसित धक्कामुक्की गर्छन् र भीड एवं हूल गरिहाल्छन्, र तवाफ गर्ने मानिसहरूलाई कष्ट पुऱ्याउँछन्, जबकि उनीहरूको यस स्थानमाथि कुनै अधिकार छैन बरु तवाफ गर्ने मान्छेहरू यस स्थानका अधिक हकदार छन्, र विशेषरूपले त्यस समय जब अति भीड होस्, किनकि उनीहरू यस स्थान बाहेक कुनै अरु

स्थानमा तवाफ गर्न सक्दैनन् जबकि तवाफको दुई रक्अत नमाज कुनै अरु ठाउँमा पनि पढन सकिन्छ । र कुराको सार यो कि हामी केही मानिसहरूलाई हेर्दछौं कि त्यस एक मान्छेले नमाज पढनुको लागि वा एउटी महिलालाई नमाज पढाउनुको लागि अत्याधिक स्थानलाई घेरेका हुन्छन्, र यस कारण तवाफमा निकै भीड भइहाल्छ किनकि उनीहरू बाटोलाई रोकेर (छेकेर) उभेका हुन्छन् र तवाफ गर्ने मान्छेहरू विस्तृत तरिकाले तवाफ गर्दै आइरहेका हुन्छन् अनि जता यिनीहरू स्थानलाई छेकेका हुन्छन् त्यता पुगे पछि स्थान संकुचित भइहाल्छ यिनीहरूको यस घेराबन्दीको कारण, त यस कारण तवाफ गर्ने मान्छेहरूलाई निकै कष्ट पुग्छ र कदाचित कहिलेकाहिँ मारपिट र गाली गलोज पनि गर्न थाल्छन् । त यी समस्त अल्लाहका भक्तहरूलाई कष्ट दिनुको सीमामा आउँछ, र यसरी यस्तो स्थानलाई आरक्षित गर्नु जसको हकदार कुनै अरु हो धेरै अनुचित कार्य हो । त यस्तो कार्यलाई कुनै पनि बुद्धिमान जसलाई विधानको ज्ञान होस् यसको हराम हुने कुरामा त्यसलाई अलिकति शंका हुँदैन, र यस

कुरामा पनि कि यस्तो गर्नु जायज छैन, र यसरी मुसलमानहरूलाई कष्ट दिनु जायज छैन। र यस्तो गरेर कदाचित कुनै तवाफ गर्ने मान्छेको तवाफ भंग गर्ने माध्यम पनि भइहाल्छ किनकि कहिलेकाहिँ तवाफ गर्ने मान्छेहरू जब उनीहरू सम्म पुग्दछन् अनि त्यहाँ बाटो नपाएको कारण उनी कअ्बालाई आफ्नो अगाडि वा आफ्नो पछाडि गरिहाल्छन् जुन तवाफको शर्तहरूमध्ये कुनै शर्तको अतिक्रमण गर्नुको कारण सिद्ध हुन्छ, र यी समस्त अवैधानिक कार्य मात्र उनीहरूले स्थान आरक्षित गरेर नमाज पढनुको कारण हुन्छ।

त यस गल्तीको कारण मात्र यो धारणा हो कि यी दुवै रक्अत नमाज मुकामे इब्राहीम पछाडि वा त्यसको निकटको स्थान बाहेक कतै हुँदैन। तर कुरो यस्तो छैन जसरी यिनीहरू गुमान गर्छन्, किनकि यी दुवै रकअत हरमको कुनै पनि स्थानमा पढेमा पर्याप्त हुन्छ। यसर्थ मान्छे यसरी पनि गर्न सक्छ कि धेरै टाढा गएर, अर्थात मस्जिदमा वा मताफको अन्तिम भागमा गएर आफू र कअ्बाबीच मुकामे इब्राहीमलाई गरेर नमाज पढोस्, त यसरी गर्दा त्यो

सुन्नतलाई पनि पाइहाल्छ र तवाफ गर्ने मानिसहरूलाई कष्ट दिनुबाट पनि बचिहाल्छ ।

र यी दुवै रक्अतमा गरिने गल्तीहरूमध्ये यो पनि हो कि: केही मान्छेहरू यसलाई अति लामो गर्छन्, र यसमा लामो पाठन गर्छन्, र रुकूअ् ढोग कियाम र बैठकलाई लामो गर्छन् । तर यो सुन्नत विरुद्ध कार्य हो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लम यी दुवै रक्अतलाई अति सानो गर्थे, अर्थात पहिलो रक्अतमा सूरतुल् काफिरून र दोस्रो रक्अतमा सूरतुल् इख्लासको पाठन गर्थे, अनि सलाम फेरे बित्तिकै यहाँबाट गइहाल्थे, आफ्ना अनुयायीहरूको लागि यसरी नै गर्ने कुरालाई वैधानिक गर्ने उद्देश्यले, ताकि कोही यहाँ ठाउँलाई आरक्षित नगरोस् जबकि त्यसको अन्य मान्छेहरू हकदार छन् । यसर्थ यो स्थान ती मानिसहरूको लागि हो जुन तवाफ गरे पश्चात यता दुई रक्अत नमाज पढछन्, र भीड भएको अवस्थामा यस स्थानको अधिक हकदार तवाफ गर्ने मान्छेहरू हुन्छन् । तर केही मानिसहरू यता पनि गल्ती गर्छन् र यो यसरी कि उनीहरूले यता दुई रक्अत नमाज पढदा त्यसलाई अलि लामो

गर्छन्, र सुन्नतको विरोध गर्छन्, र तवाफ गर्ने आफ्नो भाइहरूलाई कष्टमा पारिदिन्छन् जबकि तवाफमा अति भीड हुन्छ, र यो यसरी कि उनी त्यहाँको स्थानलाई आरक्षित गरेका हुन्छन् जबकि ती मानिसहरू त्यसको अधिक हकदार हुन्छन् जुन तवाफ गरिरहेका छन् र त्यहाँ दुई रक्अत पढन चाहन्छन् ।

र यी दुवै रक्अतमा गरिने गल्तीमध्ये यो पनि हो किः केही मनिसहरू जब यी दुई रक्अत सम्पन्न गरिहाल्छन् त आफ्नो दुवै हात उठाएर दुआ गर्न थाल्छन्, र लामो समयसम्म दुआ गर्छन्, तर यी दुई रक्अत पश्चात दुआ गर्नु वैधानिक छैन, किनकि रसू सल्लल्लाहो अलैहे वसल्लमले यसलाई गरेका छैनन् नत आफ्नो अनुयायीहरूलाई यस्तो गर्नुको उपदेश दिएका छन् । यसर्थ सबैभन्दा राम्रो र उत्तम पद्धति रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति छ, त मान्छेलाई यो उचित छैन कि यी दुवै रक्अत पश्चात दुआ गरोस्, किनकि यस्तो गर्नु सुन्नत विरुद्ध छ, र यस्तो गरेर त्यो तवाफ गर्ने मानिसहरूलाई कष्ट पनि पुऱ्याउँछ जब तवाफमा

भीड हुन्छ । र यस कारण पनि किनकि जुन मानिसहरू तवाफ गरिसकेका छन् र दुई रक्अत पढन चाहन्छन् उनीहरू यस ठाउँको त्यसभन्दा अधिक हकदार छन् ।

र बिदअतहरूमध्ये यो पनि हो जुन केही मानिसहरू गर्छन् कि: मुकामे इब्राहीम निकट उभेर लामो दुआ गर्छन् र यसलाई दुआए मकामको नामले नामाकरण गर्छन्, त यस दुआको रसूल सल्लल्लाहो अलैहे वसल्लमको सुन्नतसित कुनै सम्बन्ध छैन, यसर्थ यो बिदअत हो जसबाट मनाही गरिएको छ। र यसको बिदअत हुनुको साथै जुनकि पथभ्रष्टता हो यो कुरो पनि छ कि केही मानिसहरू किताब लिएर जसमा यो दुआ लेखिएको हुन्छ ठूलो स्वरमा पढछन्, अनि त्यसको पछाडि भएका मानिसहरू आमीन भन्छन्, त यो बिदअतमा अर्को बिदअत हो, र यस्तो गरेर यिनीहरू ती नमाजीहरूलाई कष्ट पुऱ्याउँछन् जुन मुकामे इब्राहीम निकट नमाज पढिरहेका हुन्छन् र यस कार्यबाट रसूल सल्लल्लाहो अलैहे वसल्लमले मनाही गरेका छन् जस्तो कि यस कुरालाई हामीले अघि नै स्पष्ट गरेका छौं ।

र यी दुवै रक्अत पढदा र त्यस पश्चात गरिने जति गल्तीहरूलाई हामीले वर्णन गरेका छौं त्यसलाई सुधार्नुको उपाय यो हो कि: मान्छे यसको सन्दर्भमा नबी सल्लल्लाहो अलैहे वसल्लमको पद्धतिमा हिँडोस्, किनकि सर्वोत्कृष्ट पद्धति मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको पद्धति नै हो । त जब हामी उहाँ सल्लल्लाहो अलैहे वसल्लमको पद्धतिमा हिँड्न थाल्छौं त सबै गल्तीहरू आफै समाप्त भइहाल्छन् ।

## नफिली नमाज पश्चात दुआ गर्नु र हातलाई अनुहारमा मसह गर्नुको हुकुम

प्रश्न: (२९२) आदरणीय शैख ज्यू, दुवै रक्अतका गल्तीहरूमध्ये यो पनि वर्णन गर्नु भयो कि त्यस पश्चात दुआ गर्नु गल्तीमध्येको हो, र यस्ता मान्छेहरू पनि छन् जुन लामो दुआ गर्छन् अनि दुवै हातलाई आफ्नो अनुहारमा मसह (स्पर्श) गर्छन्, त के यो तवाफका दुवै रक्अतसित विशिष्ट छ वा यो हुकुम समस्त ती सुन्नतहरूमा लागू हुन्छ जुन मान्छे पढदछ ?

उत्तरः तपाईको यस प्रश्नमा दुई प्रमुख विषयहरू छन्:

पहिलोः दुआ पश्चात दुवै हातले अनुहारमाथि मसह गर्नु ।

दोस्रोः नफिली नमाज पश्चात दुआ गर्नु ।

त रह्यो कुरो पहिलो विषयको अर्थात दुआ पश्चात दुवै हातले अनुहारमाथि मसह गर्नुको त यस सन्दर्भमा केही जईफ हदीसहरू वर्णित छन् जसको बारेमा विद्हरूको मतभेद छ ।

त यसको बारेमा शैखुल इस्लाम इब्ने तैमियाको दृष्टिकोण छ किः यी हदीसहरू प्रमाण योग्य छैनन्, किनकि यी सबै जईफ हदीस हुन्, र ती हदीसहरू विरुद्ध छन् जुन सही छन् र रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छन् । त हदीसहरू जसलाई बुखारी मुस्लिम र अन्य हदीसका विद्हरूले वर्णन गरेका छन् जसमा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले दुआ गर्नु भएको छ र दुआगर्दा हात पनि उठाउनु भएको छ तर त्यसमा हातलाई अनुहारमा मसह गर्नुको वर्णन छैन । त यो यस

कुरामा प्रमाण हो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गर्नु भएको छैन, किनकि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गरेको भए त्यसलाई सहाबाहरूले अवश्य वर्णन गर्थे जसरी दुआको कुरालाई वर्णन गरेका छन् । यसर्थ शैखुल इस्लाम इब्ने तैमियाको यस सन्दर्भमा दृष्टिकोण छ कि दुआ पश्चात दुवै हातले अनुहारमा मसह गर्नु बिदअत हो ।

र केही विद्हरूको दृष्टिमा यी समस्त जईफ हदीसहरू एकअर्कासित मिलेर विश्वासनीय हदीसको दर्जासम्म पुगिहाल्छन् किनकि जब धेरै सनदद्वारा जईफ हदीस वर्णित होस् त सबै मिलेर एकअर्कालाई शक्ति पुऱ्याउँछन्, अनि त्यो हदीस हसन लेगैरेहीको दर्जामा पुगिहाल्छ, र यस्तो भन्ने विद्हरूमध्ये हाफिज इब्ने हज्र अल अस्कलानी पनि हुन् उनले आफ्नो किताब बुलूगुल् मराममा यस्तो भनेका छन् ।

र मेरो दृष्टिमा मसह नगर्नु नै अति उत्तम छ । यसर्थ दुआ पश्चात दुवै हातलाई अनुहारमा मसह नगर्नु नै श्रेष्ठ र उत्तम छ, किनकि यदि हामी यो

भन्दछौं कि जईफ हदीसका सबै सनद मिलेर हसन अर्थात विश्वासनीय हदीसको दर्जामा पुगिहाल्छ, तै पनि त्यो हदीस शाज नै रहन्छ किनकि त्यो प्रमाणित र साबित हदीस विरुद्ध नै हुन्छ जसमा यो वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले दुआ पनि गरेका छन् र दुआगर्दा हात पनि उठाएका छन् तर हातलाई दुआ गरे पश्चात अनुहारमा मसह गरेका छैनन् ।

तर म कुनै पनि अवस्थामा यसलाई बिदअत भन्ने आँट गर्न सक्दैन, तर मेरो दृष्टिमा श्रेष्ठ यो नै छ कि हातलाई अनुहारमा मसह नगरियोस्, र जसले मसह गर्छ त्यसलाई मनाही गरिन्न, त यो भयो पहिलो विषयको बारेमा केही महत्वपूर्ण कुराहरू ।

र रहेयो कुरो दोस्रो विषयको जुन हो नफिली नमाजहरू पश्चात दुआ गर्नुको त यदि यसलाई मान्छे निरन्तर गर्छ अर्थात यो धारणा राख्दछ कि जहिले पनि त्यो नमाजबाट सलाम फेर्दछ दुआ गर्नु आवश्यक छ, त यस्तो गर्नुमा मेरो दृष्टिमा बिदअत हुनुको खतरा छ, किनकि यस्तो गर्नु नबी सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छैन,

जबकि नबी सल्लल्लाहो अलैहे वसल्लमले अत्याधिक नफिली नमाज पढनु भएको छ र यदि यस्तो गर्नु वैधानिक कार्य हुन्थयो भने यसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले वैधानिक अवश्य गर्थे, चाहे गरेर वा भनेर वा त्यसमाथि सहमति जनाएर ।

र यसको साथै यो ज्ञान राख्नु पनि आवश्यक छ कि जब मान्छे नमाज पढिरहेको हुन्छ त त्यो आफ्नो प्रतिपालकसित कानेखुसी गरिरहेको हुन्छ, त मान्छेको लागि यो कसरी उचित हुन्सक्छ कि त्यो आफ्नो प्रतिपालकसित कानेखुसी गरिरहेको समय दुआ नगरिकन् जब नमाजलाई सम्पन्न गरिदेओस् अर्थात त्यसलाई टुंग्याइदेओस् त त्यस पश्चात त्यससित दुआ गरोस् ।

यसर्थ त्यसलाई उचित त यो नै थियो कि त्यो नमाजमै जब अल्लाहसित कानेखुसी गरिरहेको हुन्छ सलाम फेर्नुभन्दा अघि नै दुआ गरोस् । त यसै अर्थतिर शैखुल इस्लाम इब्ने तैमियाले संकेत गरेका छन्, र यो अति राम्रो व्याख्या हो । यसर्थ हे मुसलमान मान्छे जब तपाई अल्लाहसित दुआ गर्न चाहनु हुन्छ भने आफ्नो दुआ गर्ने कार्य नमाजमा

सलाम फेर्नुभन्दा अघि नै गर, किनकि यसैतर्फ रसूल सल्लल्लाहो अलैहे वसल्लमले मार्गदर्शन गर्नु भएको छ जसरी कि अब्दुल्लाह इब्ने मस्ऊदले वर्णन गरेको हदीसमा छ किः जब नबी सल्लल्लाहो अलैहे वसल्लमले तशहहुदको वर्णन गर्नु भयो त भन्नु भयोः

"ثم يتخير من الدعاء ما شاء" ) أخرجه البخاري، كتاب الأذان، باب ما يتخير من الدعاء بعد التشهد وليس بواجب، رقم (835)، ومسلم كتاب الصلاة، باب التشهد في الصلاة، رقم (402)

अर्थ : अनि मान्छे यसमा जुन चाहोस् दुआ गरोस् । (बुखारी, किताबुल् अजान, बाबु मा यतखैयरु मिनद्दुआए बअ्दत्तशहहुदि वलैसा बिवाजिब, हदीस नं. ८३५ । र मुस्लिम, किताबुस्सलात, बाबुत्तशहहुदि फिस्सलात, हदीस ४०२)

र यस्तो गर्नाले दुआ कबूल हुनुको अधिक सम्भावना हुन्छ, किनकि हामीले अघि नै वर्णन गरें कि

नमाजको अवस्थामा मान्छे आफ्नो प्रतिपालकसित कानेखुसी गरिरहेको हुन्छ त यस्तो अवस्थामा दुआ कबूल हुने अधिक सम्भावना र आशा हुन्छ ।

## मसआमा जाँदा र मसआमा गरिने त्रुटिहरू

प्रश्नः (२९३) आदरणीय शैख ज्यू, हामीले प्रश्नगर्दा हज्जमा हुने गल्तीहरूमध्ये तवाफका दुई रक्अत पढनुमा हुने गल्ती र त्यसमा लामो दुआ आदि गर्ने जस्ता गल्तीसम्म पुगिसकेका छौं, त अब हामी यो जान्न चाहन्छौं कि तपाई ती गल्तीहरूलाई पनि वर्णन गरिदिनुस् जसलाई हाजीहरू मसआमा (सई गर्ने ठाउँमा) गर्दछन् ?

उत्तरः जुन त्रुटिहहरू हाजीहरूले मसआमा गर्छन् तीमध्ये जति त्रुटिहरू मलाई अहिले याद छ ती निम्न हुन्:

पहिलोः नीयतको उच्चारणः यसर्थ केही हाजीहरू जब सफा पर्वतसम्म पुग्दछन् त भन्छन्: मैले नीयत गरें अल्लाहको लागि सात चक्र सई गर्नुको, अनि

त्यो नुसुकलाई निर्धारित गर्छ, अर्थात यो सई हज्जको हो वा यमराको यस कुरालाई निर्धारित गर्छ । र यो कुरो त्यो कहिले सफासम्म पुगे पश्चात भन्छ वा सफामाथि चढे पश्चात भन्छ । र यसबारे अघि नै वर्णन भइसकेको छ कि नीयतको उच्चारण गर्नु बिदअत हो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले नीयतलाई नत गोप्य तरिकाले उच्चारण गर्नु भएको छ नत जाहेर गरेर । र अल्लाको फर्मान छः

﴿ لَّقَدْ كَانَ لَكُمْ فِي رَسُولِ ٱللَّهِ أُسْوَةٌ حَسَنَةٌ لِّمَن كَانَ يَرْجُوا۟ ٱللَّهَ وَٱلْيَوْمَ ٱلْـَٔاخِرَ وَذَكَرَ ٱللَّهَ كَثِيرًا ﴿٢١﴾ ﴾

الأحزاب: ٢١

अर्थ : निःसन्देह तिम्रो निम्ति अल्लाहको रसूलमा एउटा उत्तम आदर्श छ, प्रत्येक त्यस ब्यक्तिको लागि जसले अल्लाह र अन्तिम दिनको आशा राख्दछ, र अल्लाहलाई अधिक स्मरण गर्दछ । (सूरतुल् अहजाब २१)

र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"إن خير الحديث كتاب الله ، وخير الهدي هدي محمد ، وشر الأمور محدثاتها" (أخرجه مسلم، كتاب الجمعة، باب تخفيف الصلاة والخطبة، رقم (867)

अर्थ : निःसन्देह सबैभन्दा उत्कृष्ट कुरा अल्लाहको किताब हो, (सबैभन्दा उत्कृष्ट कुरा अल्लाहको किताबमा छ) र सबैभन्दा उत्तम पद्धति मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको पद्धति हो, र सबैभन्दा घृणित कुरा धर्ममा नौलो कुरोको अविष्कार हो । ( मुस्लिम, किताबुल् जुमुआ, बाबु तख्फीफिस्सलाति वल् खुत्बह, हदीस नं. ८६७)

र यस गल्तीको उपचारको उपाय यो हो कि: मान्छे त्यसैमाथि मात्र निर्भर रहोस् जुन त्यसको हृदयमा छ, र त्यो हो हृदयमा अल्लाहको लागि कार्य गर्ने नीयत, किनकि अल्लाह त छातीभित्र भएका समस्त कुराहरूको ज्ञाता हो ।

दोस्रो गल्ती: यो कि केही मानिसहरू जब सफा पर्वतमाथि चढ्छन् र किब्लातिर अनुहार गर्छन्, अनि आफ्नो हातलाई उठाएर उस्तै संकेत गर्छन् जसरी नमाजमा तक्बीरभन्दा गर्छन् अर्थात जनाजाको नमाजमा वा तक्बीरतुल् एहराम र रुकूअ् जानु समय, वा रुकूअ्बाट उठदा वा तशहहुदबाट उठदा आफ्नो हातलाई काँधासम्म उठाउँछन् र संकेत गर्छन् । त यस्तो गर्नु गल्ती हो, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित यो छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम हात उठाएर दुआ गर्न थाल्थे । त यसबाट यो प्रष्ट हुन्छ कि यता हात उठाइन्छ दुआ गर्नुको लागि नकि नमाजमा तक्बीरभन्दा उठाइने सरह उठाइन्छ । यसलेगर्दा मान्छेलाई चाहियो कि जब सफा पर्वतमाथि चढोस् त किब्लातिर अनुहार गरोस् र आफ्नो हात दुआको लागि उठाओस्, र जुन दुआ रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छन् त्यसैलाई गरोस्, र त्यस्तै तरिकाले दुआ गरोस् जसरी रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छ ।

तेस्रो गल्तीः केही मानिसहरू सफा र मरवा पर्वतबीच एकनास चाल चल्छन्, अर्थात दुवैहरियो संकेत गरिने बत्तीबीच पनि तीव्रताले हिँड्दैनन् अर्थात दगुर्दैनन्, त यस्तो गर्नु सुन्नत विरुद्ध छ किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम दुवै हरियो बत्ती भएको स्थानमा तीव्रताले हिँड्दथे जुन मरवा पर्वतदेखि सफाभन्दा नजिक छ । त वैधानिक त यो छ कि जब मान्छे पहिलो हरियो बत्ती जुनकि सफा पर्वतसित अति निकट छ त्यहाँसम्म पुगोस् त जति तीव्र गतिले दगुर्न सकोस् दगुरोस्, यस शर्तको साथ कि यस्तो गर्नुले नत कसैलाई कष्ट पुर्‍याओस् नत स्वयम्लाई नै कष्टमा पारोस् । र यस्तो त्यस समय गर्न सकिन्छ जब मसआमा भीड नहोस्, अनि अर्को हरियो बत्तीसम्म दगुर्दै जाओस्, अनि त्यस पश्चात सामान्य चाल चल्दै मरवा पर्वतसम्म जाओस्, त यसरी गर्नु नै सुन्नत हो ।

चौथो गल्तीः उपरोक्तमा वर्णित कुराको उल्टो गर्नु, अर्थात केही मानिसहरू आफ्नो सईको पूर्ण चक्रमा रमल नै गर्छन् अर्थात दगुर्दै रहन्छन् सफादेखि मरपासम्म, र मरवादेखि सफासम्म, त यस्तो गर्नाले

दुई विकारयुक्त वा त्यसभन्दा बढी निषेधित कुराहरू उत्पन्न हुन्छन्:

पहिलो: सुन्नतको विरोध ।

दोस्रो: आफूलाई कष्टमा पार्नु, किनकि अधिकांश मानिसहरू यस्तो गर्नुमा अत्याधिक कष्ट भोग्दछन्, तर त्यसमा धैर्य गर्छन् र त्यसलाई सहन गर्छन् यस धारणाको कारण कि यो नै सुन्नत हो। यसर्थ तपाई यस्तो धारणा राख्ने मान्छेलाई हेर्नुहुन्छ कि त्यो सफादेखि मरवा र मरवादेखि सफासम्म दगुर्दै रहन्छ, र यस्तै दगुर्दै आफ्नो सईलाई सम्पन्न गर्छ।

र केही मानिसहरू त यसलाई भलाईको काम नभनेर जल्दबाजीले गर्छन् अर्थात सईलाई शीघ्रतम् समाप्त गर्ने उद्देश्यले। त यस्तो गर्नु पहिलो वर्णित मान्छेको कार्यभन्दा घर्णित कुरो हो, किनकि यस्तो धारणाले पूजा गर्नुको अर्थ हो: त्यसको पूजाबाट बेवास्ता हुनु, र त्यसबाट भाग्नु, र त्यसलाई भारी बुझ्नु, त यस्तो मानसिकता अति घातक हुन्छ। तर मुसलमान मान्छेको लागि उचित त यो छ कि पूजाप्रति त्यसको हृदय संतुष्ट होस् र त्यसको छाती

फराकिलो होस् र त्यो पूजामा यस कुरालाई प्रिय ठानोस् कि जुन प्रशान्ति विनम्रता र श्रद्धा रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छ त्यसलाई कार्यन्वयनमा ल्याओस् । तर यदि त्यो यसरी जल्दबाजी गरिरहेको छ भने त्यो यस पूजाबाट भागिरहेको छ, त यस्तो गर्नु त्यसको ईमान र आस्थामा कमीलाई प्रमाणित गर्छ र त्यसको यस पूजाबाट असन्तुष्टिलाई पनि बोध गर्छ ।

र तेस्रो अनुचित कुरा जुन पूर्ण सईमा दगुर्नुले उत्पन्न हुन्छ त्यो यो हो कि: मान्छे सई गर्ने मान्छेहरूलाई कष्ट पुऱ्याउँछ । यसर्थ कहिलेकाहिँ त्यो सई गर्ने मानिसहरूबाट लडिहाल्छ र यसरी उनीहरूलाई कष्ट पुऱ्याउँछ, र कहिलेकाहिँ सई गर्नेहरूलाई संकुचित अवस्थामा र व्याकुलतामा पारिदिन्छ । यसर्थ मेरा मुसलमान भाइहरूलाई मेरो यो उपदेश छ कि सईगर्दा अल्लाहको रसूलको अनुशरण गरुन्, किनकि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको पद्धति नै सर्वोत्कृष्ट पद्धति हो, र ती दुवै संकेतक बत्तीहरूबीच बाहेक समस्त सईमा सामान्य

चाल चलुन्, र ती दुवै संकेतक हरियो बत्तीबीच भीड नभएको अवस्थामा जति तीव्रताले दगुर्न सकुन् दगुरुन् जब कसैलाई कष्ट पुग्ने सम्भावना नहोस्, जस्तो कि यस्तै गर्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित छ ।

पाँचौं गल्ती: केही मानिसहरू अल्लाहको यस कथनको पाठन सईको प्रत्येक चक्रमा गर्छन्:

﴿ ۞ إِنَّ ٱلصَّفَا وَٱلۡمَرۡوَةَ مِن شَعَآئِرِ ٱللَّهِۖ فَمَنۡ حَجَّ ٱلۡبَيۡتَ أَوِ ٱعۡتَمَرَ فَلَا جُنَاحَ عَلَيۡهِ أَن يَطَّوَّفَ بِهِمَاۚ وَمَن تَطَوَّعَ خَيۡرٗا فَإِنَّ ٱللَّهَ شَاكِرٌ عَلِيمٌ ١٥٨ ﴾ البقرة: ١٥٨

अर्थ : (नि:सन्देह) सफा र मरवा (पर्वत) अल्लाहका निशानीमध्येका हुन् । यसर्थ जुन मानिसले खानए-कअ्बाको हज अथवा उमरा गर्दछ उसले दुवैको परिक्रमा गर्नुमा कुनै पाप हुँदैन । र आफ्नो स्वेच्छाले जो भलो गर्दछ, त अल्लाह कदर गर्नेवाला र राम्ररी जान्नेवाला छ । (सूरतुल् बकर: १५८)

अर्थात त्यो जहिले पनि सफा पर्वत अथवा मरवा पर्वतमा आउँछ यस श्लोकलाई पाठन गर्छ, तर यो सुन्नत विरुद्ध कार्य हो, किनकि प्रमाणित यो छ कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले तवाफ पूर्ण गरेर तवाफका दुवै रक्अत पढेर सम्पन्न गरे पश्चात सफा पर्वतसित निकट भए त अल्लाहको यस कथनको पाठन गरे:

﴿ ۞ إِنَّ ٱلصَّفَا وَٱلۡمَرۡوَةَ مِن شَعَآئِرِ ٱللَّهِۖ فَمَنۡ حَجَّ ٱلۡبَيۡتَ أَوِ ٱعۡتَمَرَ فَلَا جُنَاحَ عَلَيۡهِ أَن يَطَّوَّفَ بِهِمَاۚ وَمَن تَطَوَّعَ خَيۡرٗا فَإِنَّ ٱللَّهَ شَاكِرٌ عَلِيمٌ ١٥٨ ﴾ البقرة: ١٥٨

अर्थ : (निःसन्देह) सफा र मरवा (पर्वत) अल्लाहका निशानीमध्येका हुन् । यसर्थ जुन मानिसले खानए-कअ्बाको हज अथवा उमरः गर्दछ उसले दुवैको परिक्रमा गर्नुमा कुनै पाप हुँदैन । र आफ्नो स्वेच्छाले जो भलो गर्दछ, त अल्लाह कदर गर्नेवाला र राम्ररी जान्नेवाला छ । (सूरतुल् बकरः १५८)

र भने:

"ابدأ بما بدأ الله به" (تقدم تخريجه تحت سؤال رقم:
.(79)

अर्थ : म त्यसैबाट आरम्भ गर्दछु जसबाट अल्लाहले आरम्भ गरेको छ । ( यसको सन्दर्भ प्रश्न नं. ७९ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।)

जसबाट यो संकेत गर्नु उद्देश्य थियो कि उहाँ सई गर्नुको लागि आउनु भएको छ किनकि यी दुवै अल्लाहका नशिानीहरूमध्येका हुन्, र उहाँले सफाबाट यस कारण आरम्भ गरेका छन् किनकि अल्लाहले यसैबाट आरम्भ गरेको छ । त यस श्लोकको पाठन त्यस समय वैधानिक छ जब मान्छे सई आरम्भ गरिरहेको होस्, र सफा पर्वतको निकट पुगिसकेको होस्, नकि सईगर्दा जहिले पनि त्यसको निकट पुगोस् त्यसको पाठन गरोस्, सफा र मरवा दुवैमाथि । यसर्थ जब यस्तो गर्नु वैधानिक छैन त मान्छेलाई चाहियो कि त्यसको पाठन मात्र त्यसै ठाउँमा गरोस् जता पाठन गर्नुको प्रमाण छ, अर्थात जता रसूल सल्लल्लाहो अलैहे वसल्लमले पाठन गरेका छन् ।

छठौं गल्ती: यो कि केही मानिसहरू सईगर्दा प्रत्येक चक्रको लागि दुआलाई विशिष्ट गर्छन्, र यसबारे पहिला नै वर्णन गरिसकेका छौं कि यस्तो गर्नु बिदअत हो, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले न तवाफ नत सईका चक्रहरूको लागि कुनै दुआ विशिष्ट गरेका छन् । त जब यो बिदअतमध्येको हो त यसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"كل بدعة ضلالة" (أخرجه مسلم، كتاب الجمعة، باب تخفيف الصلاة والخطبة، رقم (867)

अर्थ : प्रत्येक बिदअत पथभ्रष्टता हो । (मुस्लिम, किताबुल् जुमुआ, बाबु तख्फीफिस्सलाति वल् खुत्बति, हदीस नं. ८६७)

यसलेगर्दा आस्थावान मान्छेको लागि उचित यो छ कि यस्ताखालका दुआहरूलाई त्यागिदेओस्, र ती दुआहरू गरोस् जसको त्यो इच्छुक छ, र संसारिक र परलौकिक भलाईको दुआ गरोस्, र कुरआनको पाठन गरोस्, र अल्लाहको गुणगान र स्मरण गरोस्

जसद्वारा त्यसलाई अल्लाहको सामीप्यता प्रमप्त होस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि:

"إنما جعل الطواف بالبيت وبالصفا والمروة، ورمي الجمار لإقامة ذكر الله"(أخرجه أبو داود، كتاب المناسك، باب في الرمل، رقم (1888) والترمذي بنحوه، كتاب الحج، باب ما جاء كيف ترمى الجمار، رقم (902) وقال : حسن صحيح.

अर्थ : बैतुल्लाहको तवाफ गर्नु, सफा र मरवाको सई गर्नु, र कंकरी हान्नुलाई अल्लाहको गाुणगान गर्ने उद्देश्यले वैधानिक गरिएको छ । (अबू दाऊद, किताबुल् मनासिक, बाबु फिर्रमल, हदीस नं. १८८८ । र तिर्मिजीले यस्तै, किताबुल् हज्ज, बाबु माजाअ् कैफा तरमिल् जेमार, हदीस नं. ९०२, र भन्नु भएको छ कि: यो हदीस विश्वासनीय र सही छ ।)

सातौं गल्ती: यस्तो किताबबाट दुआ गर्नु जसको अर्थ मान्छेलाई थाहै छैन । यसर्थ अधिकांश मानिसहरू र हाजीहरूको हातमा यस्ता किताबहरू हुन्छन् जसमा भएको दुआको अर्थ त्यसलाई थाहा हुँदैन, र प्रतीत यो हुन्छ कि उनीहरू त्यसलाई र त्यसका शब्दहरूलाई पढेर अल्लाहको पूजा गरिरहेका छन् कुरआनको पाठन झैं, र त्यसको अर्थलाई बुझ्दैनन् । र यदि त्यो मान्छे अरबी हुँदैन भने झन् त्यसलाई अरबी भाषाको अर्थ आउँदैन, त यो कार्य ठूलो गल्ती हो कि तपाई अल्लाहबाट यस्तो याचना गर जसको तपाईलाई अर्थ नै थाहा नहोस् । जबकि तपाईको लागि वैधानिक त यो छ कि तपाई यस्तो दुआ गर जसको अर्थको ज्ञानी होऊ र जसको प्राप्तिको अल्लाहसित आशान्वित होऊ । यसलेगर्दा तपाई त्यो याचना गर जुन तपाई चाहनु हुन्छ र जुन शब्दमा चाहनु हुन्छ त्यसै शब्दमा दुआ गर्नुस् जबकि त्यो दुआ विधान विरुद्ध नहोस् । त यस्तो दुआ गर्नु ती दुआहरूभन्दा अति श्रेष्ठ छ जसको अर्थ तपाईलाई थाहा हुँदैन ।

र यो कसरी सम्भव छ कि कुनै मान्छे अल्लाहसित माँगिरहेको होस् तर त्यसलाई यो थाहा नहोस् कि त्यो के माँगिरहेको छ ? त के यो समयको बर्बादी र अनभिज्ञता होइन र ? र यदि तिमी चाह त भन कि: यस्तो गर्नु महान अल्लाहको अपमान गर्नु हो, किनकि तिमी त्यससित दुआ गरिरहेका छौ तर तिमी के माँगिरहेका छौ तिमीलाई नै थाहा छैन ! ।

आठौं गल्ती: सईको आरम्भ मरवाबाट गर्नु: त केही मानिसहरू सईको आरम्भ मरवाबाट गर्छन्, र अनभिज्ञताको कारण यो धारणा राख्दछन् कि चाहे सफाबाट आरम्भ गरियोस् वा मरवाबाट सबै एकनास छ, वा त्यसलाई भीडले मस्जिदबाट बाहिर निष्कासित गरिन्छ अनि अनभिज्ञताको कारण त्यतैबाट सईको आरम्भ गरिहाल्छ । त जसले पनि मरवाबाट सईको आरम्भ गर्छ त त्यसको यो पहिलो चक्र मान्य हुँदैन । यसर्थ यदि हामी यो भनौं कि मान्छेले मरवाबाट सईको आरम्भ गर्‍यो अनि सात चक्र पूर्ण गर्‍यो त त्यसबाट मात्र ६ चक्र नै सही भए, किनकि पहिलो चक्र त अमान्य भयो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले सफा पर्वतबाट

आरम्भ गर्नुलाई नै अनिवार्य गरेका छन् आफ्नो यस कथनद्वारा:

"ابدأ بما بدأ الله به" (تقدم تخريجه تحت سؤال رقم: .(79)

अर्थ : म त्यसैबाट आरम्भ गर्दछु जसबाट अल्लाहले आरम्भ गरेको छ । ( यसको सन्दर्भ प्रश्न नं. ७९ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।)

नव्वौं गल्ती: केही मानिसहरू सफादेखि सफासम्मलाई मात्र एक चक्र मान्दछन् र यो गुमान गर्दछन् कि तवाफमा जसरी हज्रे अस्वददेखि हज्रे अस्वदसम्म एक चक्र हुन्छ, यस्तै सईमा पनि सफादेखि सफासम्म आएमा एक चक्र हुन्छ। यसर्थ यस्तो गर्ने मान्छे सफादेखि मरवासम्मलाई आधा चक्र मान्दछ पूर्ण चक्र मान्दैन, अनि जब मरवादेखि सफासम्म पुगिहाल्छ तब यसलाई एक चक्र मान्दछ, त यसरी त्यसको सईको पूर्ण चक्र १४ भइहाल्छ । त यो ठूलो गल्ती हो, र स्पष्ट पथभ्रष्टता हो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले पनि

सफा र मरवा पर्वतबीच चक्र लगाउनु भएको छ, तर उहाँको सफादेखि मरवासम्म एक चक्र पूर्ण हुन्थ्यो र मरवादेखि सफासम्म अर्को चक्र हुन्थ्यो, अर्थात उहाँ सल्लल्लाहो अलैहे वसल्लम सफादेखि मरवा पुग्नुलाई एक चक्र र मरवादेखि सफा पुग्नुलाई अर्को चक्र मान्थे । त यस्ता खालका गल्तीहरू केही हाजीहरूद्वारा घटित हुन्छन् जुन सुन्नत विरुद्ध छन् र यो मात्र उनीहरूको अनभिज्ञताको कारण र यसबारे तालिम नहुनुको कारण नै घटित हुन्छ । र यसबारे हामीले बारम्बार यो उपदेश गर्दै आएका छौं कि जब कुनै पनि मुसलमान व्यक्ति कुनै पूजा गर्ने मन बनाओस् त सर्वप्रथम त्यसको बारेमा अल्लाहले अवतरित गरेका सीमाहरूको तालिम प्राप्त गरोस् त्यसलाई गर्नुभन्दा अघि नै । र यो तालिम प्राप्त गर्नु प्रत्येक मान्छेमाथि अनिवार्य छ, किनकि मान्छेको धर्म त्यसलाई प्राप्त नगरिकन् दुरुस्त हुँदैन । र हाम्रो कथनको तत्पर्य यो हो कि जुन पूजा पनि मान्छे गर्न चाहन्छ त्यसलाई गर्नुभन्दा अघि नै त्यसबारे अल्लाहले निर्धारित गरेका सीमाहरूको ज्ञान प्राप्त गरोस्, र यो समस्त

व्यक्तिहरूमाथि अनिवार्य छ, ताकि मान्छे त्यसलाई जानेर ज्ञानको आधारमा अल्लाहको पूजा गरोस् ।

दशौं गल्ती: हज्ज र उमरा बाहेकको पनि सई गर्नु । अर्थात केही मानिसहरू सफा मरवाको सई गरेर पूजा गर्छन्, अर्थात त्यो नत हज्ज गरिरहेको हुन्छ नत उमरा, बरु त्यस्तै सई गर्छ जसरी तवाफ गरिन्छ । र त्यो यसप्रति यो धारणा राख्दछ कि जसरी नफिली तवाफ गरेर अल्लाहको पूजा गरिन्छ उस्तै सई गरेर पनि अल्लाहको पूजा गर्न सकिन्छ । त यो पनि ठूलो त्रुटि हो, यसलेगर्दा तपाई हज्ज बाहेकका दिनहरूमा हेर्नुहुन्छ कि केही मानिसहरू सामान्य लुगा लगाएर अर्थात बिना एहराम सई गरिरहेका हुन्छन् । र यदि तपाई यस्तो गर्ने मान्छेसित सोध्नु हुन्छ कि तिमी यो के गरिरहेका छौ ? त त्यो भन्छ: म सई गरेर अल्लाहको पूजा गरिरहेको छु । त यो कार्य असाधै मूर्खताको कुरो हो, किनकि त्यो अल्लाहको आदेशबाट पनि अनभिज्ञ छ र आफ्नो अवस्थाबारे पनि अनभिज्ञ छ, किनकि त्यो आफूलाई विद्वान बुझ्दछ जबकि त्यो विद्वान होइन ।

तर यदि यो सई हज्जको समयमा होस् अरफातमा उभिनु पश्चात त मान्छेले आम र सामान्य लुगामा सई गर्नुमा कुनै आश्चर्यको कुरो लाग्दैन, किनकि मान्छे ईदको दिन ठूलो जमरहलाई कंकरी हानेर कपाल कटाएर वा खौराएर एहरामबाट मुक्त भइहाल्छ र सामान्य कपडा लगाएर मक्का आएर तवाफ र सई गर्छ ।

तर वास्तविकता यो नै छ कि केही मानिसहरू बिना हज्ज र उमरा मात्र सई गरेर अल्लाहको पूजा गर्दछन् जसको विधानबाट कुनै सरोकार छैन बरु यो बिदअत हो, र यस्ता कार्य अधिकांश मानिसहरूद्वारा नै गरिन्छ तर यसबाट अनभिज्ञ भए पनि यसलाई गल्ती नै मानिन्छ ।

ग्याह्रौं गल्ती: अकारण व्हील चियरमा बसेर सई गर्नु, अर्थात यस पूजालाई महत्व नदिइकन् सुस्तीलेगर्दा व्हील चियरमा बसेर सई गर्नु । त कतिपय यस्ता मानिसहरू हुन्छन् जुन बिना कुनै कारण मात्र सुस्तीलेगर्दा व्हील चियरमा बसेर सई गर्छन्, जबकि अधिकांश विद्हरूको भनाई छ कि: बिना कारण सवार भएर सई गर्नु सही छैन । र यस

समस्यामा विद्‌हरूको मतभेद छ अर्थात यस विषयमा कि कारण नभएको अवस्थामा हिँडेर सई गर्नु शर्त छ कि छैन ? तर मेरो भनाई छ कि: मान्छे आफ्नो धर्मको मामिलामा सावधान रहोस् र हिँडेर सई गरोस् यदि त्यसलाई यसको तागत छ, र यदि यसमा सूक्ष्म छैन भने अल्लाह त्यसमाथि यति भारी हाल्दैन जसको त्यसमा तागत नहोस् । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत उम्मे सलमा रजिअल्लाहो अन्हासित भन्नु भयो जब उनले भनिन्: म तवाफ गर्न चाहन्छु तर म विरामी पनि छु । त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"طوفي من وراء الناس وأنت راكبة" ) أخرجه البخاري، كتاب الحج، باب طواف النساء مع الرجال ، رقم (1619) ومسلم، كتاب الحج، باب جواز الطواف على بعير وغيره، رقم (1276).

अर्थ : मान्छेहरूको पछाडि पट्टीबाट सवारीमा सवार भएर तवाफ गर । (बुखारी किताबुल् हज्ज, बाबु तवाफिन्नेसाए मअर्रेजाल, हदीस नं. १६१९ । र

मुस्लिम, किताबुल् हज्ज, बाबु जवाजित्तवाफे अला बईरिन् वगैरेही, हदीस नं. १२७६)

त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँ रजिअल्लाहो अन्हालाई सवार भएर तवाफ गर्नुको अनुमति प्रदान गर्नु भयो किनकि उनी बिरामी थिइन्। त यस्तै हामी पनि सईको बारेमा भन्छौं किः यदि मान्छे हिँडेर सई गर्न सक्दैन र त्यसलाई यसमा कष्ट भोग्नु पर्नेछ भने त्यो व्हील चियरमा सवार भएर सई गरोस्, र यस्तो गर्नुमा कुनै दोष छैन। त यी थिए केही सईमा गरिने त्रुटिहरू जुन मलाई अहिले याद थियो।

## महिलाले सफा पर्वतमाथि चढ्नु र मानिसहरूसँग भीडभाड र धक्कामुक्की गर्नु

प्रश्नः (२९४) आदरणीय शैख ज्यू, यो कुरो सिद्ध नै छ कि सफा पर्वत संकुचित छ र मरवा पर्वत त्यसभन्दा अधिक संकुचित छ, र यस्तो अवस्थामा पनि हामी केही महिलाहरूलाई हेर्दछौं कि उनी सफा

## र मरवा पर्वतमा चढ्दछिन् र पुरुषहरूबीच भीडभाड गर्छिन्, त के महिलाको लागि सफा पर्वतमा चढ्नु सुन्नत हो ?

उत्तर: विधिशास्त्रीहरूको यस विषयमा कथन छ कि: महिलाहरूको लागि सफा मरवा पर्वतमा चड्नु सुन्नत होइन, बरु उनीहरूको लागि सुन्नत यो हो कि त्यो पहाडको तल्लो भागमा उभोस् अनि त्यतैबाट चक्रलाई पूर्ण गरोस् । तर जुन महिलाहरूको हामी कुरा गरिरहेका छौं कदाचित उनी अआफ्ना मुहरिमहरूको साथमा त्यसमाथि जान्छिन्, किनकि उनीहरू आफ्नो मुहरिमलाई छाड्न सक्दैनिन, यदि उनीहरूलाई छाडिन् भने बिर्सने सम्भावना छ वा दुवै बिराइहाल्छन् । त यस अवस्था बाहेकका अवस्थाहरूमा उचित यो नै छ कि महिला मानिसहरूको बीचमा नजाओस् यस्ता कुराहरूलाई गर्ने उद्देश्यले जुन त्यसबाट अभीष्ट छैन ।

# दुवै संकेतक हरियो बत्तीबीच सई गर्ने तरिका

प्रश्नः (२९५) आदरणीय शैख ज्यू, तपाईले सईका गल्तीहरूमध्ये यस कुरालाई पनि वर्णन गर्नु भयो कि दुवै हरियो संकेतक बत्तीहरूबीच नदगुर्नु पनि गल्ती हो, र यो पनि वर्णन गर्नु भयो कि त्यो सफा पर्वतभन्दा निकट छ, र यो पनि वर्णन गर्नु भयो कि त्यसबीच सफादेखि मरवा जाँदा दगुर्नु पर्छ, त के मरवाबाट आउँदा पनि त्यसबीच दगुर्नु पर्छर ?

उत्तरः हो दगुर्नु पर्छ, तर तीव्रताले दगुर्नु आवश्यक छैन, तर श्रेष्ठ यो नै छ कि जति तीव्रताले ती दुवै बत्तीबीच दगुर्न सक्छ दगुरोस् सफाबाट मरवा जाँदा र मरवाबाट सफातिर आउँदा, किनकि सफादेखि मरवा जाँदा एक चक्र भयो र मरवादेखि सफा आउँदा अर्को चक्र भयो, र प्रत्येक चक्रमा दगुर्नु आवश्यक छ ।

**के सई गर्ने मान्छे यो भनोस् किः म त्यसबाट आरम्भ गरिरहेको छु जसबाट अल्लाहले आरम्भ गरेको छ ।**

प्रश्नः (२९६) आदरणीय शैख ज्यू, तपाईले गल्तीहरूमध्ये यो पनि वर्णन गर्नु भयो कि केही हाजीहरू सईको प्रत्येक चक्रमा सफा वा मरवामा चढदा यस श्लोकको पाठन गर्छन् (إِنَّ ٱلصَّفَا وَٱلْمَرْوَةَ ..) र यो पनि वर्णन गर्नु भयो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस श्लोकको पहिलो खण्डलाई पाठन गर्नु भयो अनि भन्नु भयो: (أبدأ بما بدأ الله به) त के मान्छेले रसूल सल्लल्लाहो अलैहे वसल्लम झैं (أبدأ بما بدأ الله به) पढोस् वा पूर्ण श्लोकलाई पढोस् ?

उत्तरः हदीसे जाबिरमा रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा जुन प्रमाणित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम सफा पर्वतसित निकट भए त (إِنَّ ٱلصَّفَا وَٱلْمَرْوَةَ ..) पढे त यसबाट यो पनि निष्कर्ष निकाल्न सकिन्छ अर्थात यो बुझ्न सकिन्छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यस श्लोकलाई पूर्ण पढेका होउन्, र यो सम्भावना पनि छ कि यसको

पहिलो भागलाई मात्र पढेका होउन्, यसर्थ यदि कोही पूर्ण श्लोक पढछ भने कुनै आपत्ति छैन ।

र रह्यो कुरो (أبدأ بما بدأ الله به) को, त यसलाई मान्छे पनि भनोस् रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्ने उद्देश्यले, र यस उद्देश्यले पनि कि त्यो यसद्वारा अल्लाहको आज्ञापालन गरिरहेको छ, जस्तोकि अल्लाहले यसैद्वारा आरम्भ गरेको छ र यो बताएको छ कि दुवै पर्वत त्यसका निशानीहरूमध्येका हुन् ।

## हाजीहरूप्रति तवाफ गराउनेहरूको दायित्व र अनिवार्यता

प्रश्नः (२९७) आदरणीय शैख ज्यू, तपाईंले वर्णन गरेका त्रुटिहरूमध्ये यो पनि हो कि सईगर्दा किताब लिएर दुआ गर्नु गल्ती हो, त के यो कुरा ती तवाफ सई गराउने मान्छेहरूलाई पनि समाविष्ट छ जुन मानिसहरूलाई तवाफ सई गराउँछन्, अनि उनीहरू कुनै दुआ पढ्छन् र त्यस पछाडि मानिसहरू त्यसलाई दोहोऱ्याउँछन् ?

उत्तर: हो उनी पनि यसमा शामेल छन्, र यो हुकुम उनीहरूमाथि पनि लागू हुन्छ, किनकि उनीहरू पनि यिनै किताबहरूबाट यी दुआहरूलाई याद (कण्ठ) गरेका हुन्छन् । र यदि तपाई उनीमध्ये कसैसित वार्तालाप गर्नु हुन्छ अर्थात ती तवाफ गराउने मान्छेहरूसित यसबारे प्रतिउत्तर गर्नु हुन्छ र त्यसको अर्थको बारेमा सोध्नु हुन्छ भने त्यसलाई पनि यसबारे कुनै ज्ञान हुँदैन, र जुन त्यसको पछाडि हुन्छन् तिनीहरूलाई पनि यसको अर्थ थाहा हुँदैन, किनकि उनीहरू अरबी भाषाबाट अनभिज्ञ हुन्छन्, त यो तवाफ सई गराउनेहरूको गल्ती हो ।

र यदि तवाफ सई गराउनेहरू हाजीहरूलाई यो सिकाउँथे कि तिमीहरू अहिले तवाफ अथवा सई गर्न जाँदैछौ, यसर्थ तिमीहरू यस्तो यस्तो भन्नु र जे मन परे दुआ गर्नु र हामी तपाईहरूसँगै हुन्छौं यदि तपाईहरूले केही गल्ती गर्‍यौ भने हामी तपाईहरूको मार्गदर्शन गर्नेछौं, त यस्तो गर्नु अति राम्रो हुन्थ्यो, र यस्तो गर्नु त्यसबाट राम्रो हुन्थ्यो जसमा उनीहरू बिना अर्थ बुझिकन् ठूलो स्वरले त्यसले भनेको

कुरालाई दोहोऱ्याउँछन्, र यस्तो गर्दा अन्य तवाफ गर्नेहरूलाई कष्ट पनि पुग्दछ ।

त यदि तवाफ गराउने मान्छेहरू हाजीहरूसित यो भन्थे कि हामी तिमीहरूको अगाडि छौं तिमीहरू यस्तो यस्तो गर, र यसरी हज्रे अस्वदलाई संकेत गर, र यदि सम्भव छ भने यसरी हज्रे अस्वदलाई सस्पर्श गर, र यस जस्ता अन्य निर्देशनहरू जसरी यस्तो यस्तो भन, र हज्रे अस्वद सामुन्ने आए पश्चात तक्बीर भन, र रुक्ने यमानी र हज्रे अस्वदबीच यो दुआ पढः

﴿ رَبَّنَآ ءَاتِنَا فِي ٱلدُّنۡيَا حَسَنَةٗ وَفِي ٱلۡأٓخِرَةِ حَسَنَةٗ وَقِنَا عَذَابَ ٱلنَّارِ ٢٠١ ﴾ البقرة: ٢٠١

अर्थ : हे पालनकर्ता ! हामीलाई संसारमा पनि नेकी प्रदान गर, र आखिरतमा पनि पुण्य प्रदान गर र नर्कको कष्टबाट रक्षा गर्नु । (सूरतुल् बकरः २०१)

त यदि यस्ता खालका निर्देशनहरू दिन्थे भने यो हाजीहरूको लागि अति लाभदायक हुनुको साथै

श्रद्धाको कुरो पनि हुन्थ्यो । तर हाजीहरूलाई सुगा जस्तो केही भन्नुमा लगाउनु जसको अर्थ पनि त्यसलाई थाहा हुँदैन ठीक छैन । र यदि त्यसलाई यस तवाफ पछि भनियोस् कि अर्को तवाफ गर, भने त्यो तवाफ गर्न सक्दैन किनकि त्यसलाई तवाफको बारेमा केही थाहा छैन, किनकि त्यो तवाफगर्दा मात्र त्यही दोहोऱ्याइरहेको थियो जसलाई तवाफ गराउने मान्छे भनिरहेको थियो । यसर्थ मेरो दृष्टिमा जुन कुरातिर मैले संकेत गरेको छु त्यो नै हाजीहरूको लागि लाभदायक हुन्छ, र तवाफ गराउनेहरूको लागि पनि लाभदायक हुन्छ, र यस समस्याको निवारण पनि ।

## कपाल कटाउने वा खौराउने कुरामा गरिने त्रुटिहरू

प्रश्नः (२९८) आदरणीय शैख ज्यू, उमरा पश्चात वा मिनामा हज्जको एहरामबाट मुक्त हुने समय कपाल कटाइन्छ वा खौराइन्छ, त के यस कार्यलाई गर्नुमा पनि कुनै प्रकारको त्रुटि गरिन्छ ?

उत्तरः उमराको कार्यलाई सम्पन्न गरे पश्चात कपाल कटाउने अथवा खौराउने कार्यमा केही त्रुटिहरू भइहाल्छन् जुन निम्नमा वर्णन गरिन्छः

त ती त्रुटिहरूमध्ये यो पनि हो किः केही मानिसहरू टाउकोको केही भागलाई खौराउँछन् र केहीलाई उस्तै छाडिदिन्छन्, र यस्तो गर्नेहरूलाई मैले आफ्नो आँखाले हेरेको छु, यसर्थ मैले हेरें कि एउटा मान्छेले सफा र मरवाबीच सई गरे पश्चात आफ्नो आधा टाउकोलाई खौरायो र आधालाई त्यस्तै राख्यो, त मैले त्यसलाई समातेर भनेंः तिमीले यस्तो किन गर्‍यौ ? त त्यसले भन्योः मैले यस कारण यस्तो गरेको छु किनकि म दुई पटक उमरा गर्न चाहन्छु, त टाउकोको आधा भागलाई पहिलो उमरामा खौराएँ, र आधा अर्को उमराको लागि छाडें । त यस्तो गर्नु पूर्ण अनभिज्ञताको कार्य हो जसलाई गर्ने कुरा कुनै विद्ले भनेको छैन ।

र गल्तीहरूमध्ये यो पनि हो किः केही व्यक्तिहरू जब उमराको एहरामबाट हलाल हुन् चाहन्छन् त टाउकोका केही कपाललाई एकतर्फबाट काटिलिन्छन्

र हलाल भइहाल्छन्, त यो प्रष्टरूपले अल्लाहको यस कथनको विरोध हो, अल्लाहको फर्मान छः

﴿ مُحَلِّقِينَ رُءُوسَكُمْ وَمُقَصِّرِينَ ﴾ الفتح: ٢٧

अर्थ : आफ्नो टाउकोको कपाल खौराएर वा केश सानो पार्दै... । (सूरतुल् फत्ह २७)

यसर्थ कपाल काट्नुको स्पष्ट प्रभाव टाउकोमा दर्शित हुनु आवश्यक छ, र यो ज्ञात नै छ कि एक दुई वा तीन कपाल काटेमा त्यसको कुनै प्रभाव देखिदैन । र मुअ्तमिर (उमरा गर्ने मान्छे) को टाउकोमा यसको कुनै प्रभाव देखिदैन र यति काट्नुबाट यो जाहेर हुँदैन कि त्यसले कपाल काटेको छ, यसर्थ यस्तो गर्ने मान्छे यस श्लोकको जाहेरी अर्थको विरोधि भइहाल्छ ।

र यी दुवै गल्तीको उपचार यो हो किः मान्छे जब कपाल खौराउन चाहोस् त पूर्ण कपाल खौराओस्, र जब कटाउन चाहोस् त पूर्ण टाउकोको कपाल कटाओस्, र मात्र एक दुई कपाललाई नकटाओस् ।

र केही मानिसहरू कपाल कटाउने कार्यमा एउटा तेस्रो गल्ती पनि गर्छन् र त्यो यो हो कि: केही मानिसहरू जब सई पूर्ण गरिहाल्छन् त त्यहाँ कुनै नाउ नभएको खण्डमा आफ्नो बासस्थानमा गइहाल्छन् अनि एहराम फुकालेर सामान्य लुगा लगाए पश्चात कपाल खौराउँछन् वा कटाउँछन् । त यो ठूलो गल्ती हो, किनकि मान्छे उमराबाट तबसम्म हलाल हुँदैन जबसम्म कपाललाई कटाउँदैन वा खौराउँदैन, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले जब हज्जे वदाअ् (विदाइको हज्ज) मा आफ्ना ती साथीहरूलाई जुन बलिको जनावर आफ्नो साथमा ल्याएका थिएनन् यो आदेश दिएका थिए कि उनीहरू यसलाई उमरामा परिवर्तित गरिदिउन्, अनि भनेका थिए:

"فليقصر وليحلل" (أخرجه البخاري، كتاب الحج، باب من ساق البدن معه، رقم (1691)، ومسلم كتاب الحج، باب وجوب الدم على المتمتع..، رقم (1227)

अर्थ : अनि त्यसलाई चाहियो कि कपाल कटाओस् र हलाल भइहालोस् । (बुखारी, किताबुल् हज्ज, बाबु मन साकल् बुदना मअ्हू, हदीस नं. १६९१ । र मुस्लिम, किताबुल् हज्ज, बाबु वुजूबिद्दम अलल् मुतमत्तेअ्... हदीस नं. १२२७)

अर्थात जुन सहाबीहरू बलिको जनावर ल्याएका थिएनन् उनीहरूलाई सम्बोधित गर्दै रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेका थिए कि ती समस्तमध्ये प्रत्येक व्यक्ति कपाललाई कटाएर हलाल भइहालोस्, त यसबाट यो प्रमाण मिल्छ कि बिना कपाल कटाइकन् मान्छे एहरामबाट हलाल हुँदैन ।

यसलेगर्दा जब हाजी मान्छे सई पूर्ण गरिसकोस् र नाउ नभेटोस् वा कुनै यस्तो मान्छे नभेटोस् जुन त्यसको कपाल काटोस् वा खौराओस्, त त्यो आफ्नो एहराममा नै रहोस् यहाँसम्म कि कोही त्यसको कपाललाई काटोस्, र कपाल काट्नुभन्दा पहिला आफ्नो एहराम नफुकालोस् ।

र यदि यो भनियोस् कि कुनै मान्छेले अज्ञानतामा यस्तो गरिहाल्यो अर्थात कपाल काट्नु वा

खौराउनुभन्दा अघि नै एहराममलाई फुकाल्यो यस भ्रमलेगर्दा कि यस्तो गर्नु पनि जायज छ । त यस्तो मान्छेमाथि कुनै आपत्ति छैन, तर जुन बेला त्यसलाई यसको ज्ञान भयो त्यसै बेला त्यो सामान्य लुगालाई फुकालेर एहराम लगाओस्, अनि कपाल कटाएर वा खौराएर आफ्नो एहरामबाट हलाल भइहालोस्, अर्थात एहराममलाई फुकालोस्, किनकि जब त्यसलाई सत्यता र यथार्थताको ज्ञान भयो त अब अनभिज्ञतामा भौतरेर सीमा उल्लंघन गर्नु जायज छैन, किनकि त्यसलाई यो ज्ञान भयो कि अहिलेसम्म त्यो आफ्नो एहरामबाट हलाल भएको छैन, यसर्थ पुनः एरहाम लगाएर त्यस्तै गरोस् जसरी माथि वर्णन गरियो ।

त कपाल कटाउने वा खौराउने सन्दर्भमा गरिने गल्तीहरूमध्ये मलाई अहिले यति नै याद थियो ।

## मिनामा गरिने त्रुटिहरू

प्रश्नः (२९९) आदरणीय शैख ज्यू, हामी मिना र मिनामा रात्री व्यतीत गर्ने सन्दर्भमा हुने गल्तीहरूको बारेमा पनि जान्न चाहन्छौं ?

उत्तर: ती त्रुटिहरू जसलाई मिना जाँदा गरिन्छ: त ती गल्तीहरूमध्ये ती गल्तीहरू पनि हुन् जसलाई तल्बियाको गल्तीहरूमा वर्णन गरियो जसरी कि केही मानिसहरू तल्बियालाई उच्च स्वरमा भन्दैनन्, र तपाई हेर्नुहुन्छ कि मानिसहरूको समूहपछि समूह गुज्रन्छ तर तिनीमध्ये एउटालाई पनि तल्बिया भन्दा तपाई सुन्नु हुन्न । त यो सुन्नत विरुद्ध कार्य हो, र त्यस विरुद्ध पनि जसको रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो सहाबाहरूलाई आदेश गरेका थिए । यसर्थ मान्छेको लागि सुन्नत यो हो कि त्यो आफ्नो तल्बियालाई जाहेर गरेर भनोस्, र त्यसलाई भन्दा आफ्नो स्वरलाई उच्च पारोस् र यति उच्च पारोस् जसमा त्यसलाई कुनै प्रकारको कष्टको अनुभव नहोस्, र यो पनि याद राखोस् कि त्यसको यस तल्बियालाई जसले पनि सुन्ने छ चाहे त्यो मानव होस् वा ढुँगा, बोट होस् वा बिरुवा सबैले प्रलयको दिन अल्लाहको दरबारमा यसको साक्ष्य दिनेछन् ।

र यसका गल्तीहरूमध्ये यो पनि हो कि: केही हाजीहरू डाइरेक्ट अरफात जान्छन् मिना जाँदैनन्,

र यो यद्यपि जायज छ, किनकि अरफात जानुभन्दा अघि मिना जानु अनिवार्य छैन तै पनि श्रेष्ठ यो नै छ कि सुन्नतको अनुशरण गरियोस्, र रसूल सल्लल्लाहो अलैहे वसल्लम आठौं तारिखको चाश्तको समय मिना आएका थिए, र नव्वौं तारिखको दिनको सूर्य उदय नहुन्जेल मिनामा नै थिए । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसरी नै गरेका थिए र भनेका थिए:

"خذوا عني مناسككم" ) أخرجه البيهقي في (( السنن الكبرى)) (125/5) وأخرجه أحمد في (0 مسند الشاميين)(54/02) لفظ: (( لتأخذوا عني مناسكك)) وأخرجه مسلم، كتاب الحج، باب استحباب رمي جمرة العقبة يوم النحر راكباً، رقم (1297) بلفظ: (( لتأخذوا مناسككم)) فإني لا أدري لعلي لا أحج بعد حجتي هذه))

अर्थ : तमीहरू हज्जका कार्यहरू मसित सिकिहाल । (बैहकीले यसलाई सुननुल् कुब्रामा वर्णन गरेका छन् (५/१२५) । र अहमदले मुसनदुश्शामिईनमा वर्णन

गरेका छन् (२/५४), र उनले वर्णन गरेको शब्द हो: लेतअ्खुजु अन्नि मनासेकका। र मुस्लिमले किताबुल् हज्जमा वर्णन गर्नु भएको छ, बाबु इस्तेहबाबे रमिये जमरतिल् अकबा यौमन्नहरे राकिबन्, हदीस नं. १२९७, यी शब्दका साथ: लेतअ्खुजु मनासेककुम फइन्नी लाअदरी लअल्ली ला अहुज्जु बअ्दा हज्जती हाजेही)

तर यदि कुनै मान्छे डायरेक्ट अरफात गयो र मिनामा रात्री व्यतीत गरेन तै पनि कुनै दोष छैन, किनकि हजरत उरवा बिन मुजरस रजिअल्लाहो अन्होको हदीसमा छ कि उनले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधे जब उहाँ सल्लल्लाहो अलैहे वसल्लमको साथमा मुज्दलिफामा नमाज पढे कि: हे अल्लाहको रसूल मैले आफूलाई हैरान पारें, र आफ्नो सवारीलाई पनि थकाएँ, र मैले कुनै पहाड यस्तो छाडेन तर त्यस निकट उमें। त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"من شهد صلاتنا هذه، ووقف معنا حتى ندفع، وقد وقف قبل ذلك ليلاً أو نهاراً، فقد تم حجه وقضى تفثه" ( أخرجه أبو داود، كتاب الحج ، باب من لم يدرك عرفة، رقم(1950)، والترمذي كتاب الحج، فيمن أدرك بجمع فقد أدرك الحج، رقم(891)، والنسائي ، كتاب الحج، باب فيمن لم يدرك صلاة الصبح مع الإمام بالمزدلفة، رقم ( 3016) وأحمد في المسند( 4/261،262)، وقال الترمذي : حديث صحيح.

अर्थ : जुन व्यक्ति हाम्रो यस नमाजमा उपस्थित भयो, र हाम्रो साथमा तबसम्म उभ्यो यहाँसम्म कि हामीले यहाँबाट प्रस्थान गरें, र यसभन्दा अघि नै त्यसले अरफामा दिनको समयमा वा रात्रीको समयमा उभेको छ, त त्यसको हज्ज पूर्ण भयो, र त्यसले आफूमाथि भएको अनिवार्यताको दायित्वलाई पूर्ण गर्‍यो । (अबू दाऊद, किताबुल् हज्ज, बाबु मन् लम् युदरिक अरफा, हदीस नं. १९५० । र तिर्मिजी,

किताबुल् हज्ज, बाबु फिमन् अदरका बिजम्इन् फकद अदरकल् हज्ज, हदीस नं. ८९१ । र नेसाई, किताबुल् हज्ज, बाबु फिमन् लम् युदरिक सलातुस्सुब्हि मअल् इमामि बिल् मुज्दलिफा, हदीस नं. ३०१६ । र अहमदले मुस्नदमा (४/२६१, २६२) । र इमाम तिर्मिजीले भन्नु भएको छ किः यो हदीस सही छ ।)

त यस हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले नव्वौं दिनको रात्रीलाई मिनामा व्यतीत गर्ने कुरालाई वर्णन गरेनन् जुन यस कुराको प्रमाण हो कि यो अनिवार्य छैन ।

र आठौं तारिखको दिन मिनामा भएको अवस्थामा गरिने त्रुटिहरूमध्ये यो पनि हो किः केही मानिसहरू मिनामा नमाजलाई कस्र गर्नुको साथै जम्मा पनि गर्छन्, यसर्थ जुहरलाई फज्रको साथमा जम्मा गरेर र मग्रिबलाई इशाको साथमा जम्मा गरेर पढछन्, तर यो सुन्नत विरुद्ध कार्य हो । त मानिसहरूको लागि वैधानिक यो छ कि उनीहरू मिनामा कस्र त गरुन् तर जम्मा नगरुन्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमबाट सुन्नतमा यो नै प्रमाणित छ

यद्यपि जम्मा गर्नु पनि जायज छ, किनकि मान्छे यात्राको अवस्थामा छ, र यात्रुको लागि रुकेको अवस्थामा र हिँडिरहेको दुवै अवस्थामा जम्मा गर्नु जायज छ। तर श्रेष्ठ यो नै छ कि यदि यात्रु रुकेको होस् त जम्मा गरेर नमाज नपढोस्, र तबसम्म जम्मा नगरोस् जबसम्म त्यसको कुनै वैधानिक कारण नहोस् । यसर्थ मिनामा नमाजलाई जम्मा गर्नुको कुनै कारण देखिदैन । र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले मिनामा नमाजलाई मात्र कस्र गरेर पढ्थे जम्मा गर्दैनथे । यसर्थ उहाँ सल्लल्लाहो अलैहे वसल्लम जुहरलाई दुई रक्अत त्यसको निर्धारित समयमा नै पढ्थे, र अस्रलाई त्यसको निर्धारित समयमा दुई रक्अत गरेर पढथे, र मग्रिबलाई तीन रक्अत त्यसको समयमा नै पढथे, र इशालाई दुई रक्अत गरेर त्यसको निर्धारित समयमा पढथे, र फज्रलाई दुई रक्अत गरेर त्यसको निर्धारित समयमा पढेका छन् ।

त यी ती गल्तीहरू हुन् जुन आठ तारिखको दिन मिनामा गरिन्छ त्यस सन्दर्भमा अहिले मलाई यति नै याद थियो ।

# ती गल्तीहरूको वर्णन जुन अरफात जाँदा वा अरफातमा गरिन्छ

प्रश्न: (३००) आदरणीय शैख ज्यू, ती गल्तीहरूलाई पनि वर्णन गरिदिनुस् जसलाई कदाचित हाजीहरू अरफात जाँदा वा अरफातमा गरिहाल्छन् ?

उत्तर: अरफात जाँदाका त्रुटिहरूमध्ये यो पनि हो कि: तपाईको निकटबाट हाजीहरू गुज्रन्छन् तर तपाई उनीहरूलाई तल्बिया भन्दा सुन्नु हुन्न, उनीहरू मिनाबाट अरफात जाँदा तल्बियालाई जाहेर गरेर पढ्दैनन्, जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा यो प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम निरन्तर तल्बिया भन्दै रहन्थे यहाँसम्म कि ईदको दिन ठूलो जमरहलाई कंकरी नहानिहालुन् ।[1]

र अरफातमा उभिने समयको महान त्रुटिमध्ये यो पनि हो कि: केही मानिसहरू अरफातमा पुग्नुभन्दा

[1] बुखारी, किताबुल् हज्ज, बाबुर्रुकूबि वल् इरतिदाफि फिल् हज्ज, हदीस नं. १५४३, १५४४ । र मुस्लिम, किताबुल् हज्ज, बाबु इस्तिहबाबि इदामतिल् हाज्ज अत्तल्बियता हत्ता युशरऊ फि रमिए जमरतिल् अकबा, हदीस नं. १२८१ ।

अघि नै रुकिहाल्छन् र त्यतै बस्छन् यहाँसम्म कि सूर्य ढल्किन्छ, र त्यतै बसिराख्दछन् यहाँसम्म कि सूर्य अस्त भइहाल्छ, अनि त्यतैबाट मुज्दलिफाको लागि हिँडिहाल्छन् । त जुन मानिसहरू यस्तो गर्छन् तिनीहरूको हज्ज भएन, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"الحج عرفة" (أخرجه أبو داود، كتاب المناسك، باب من لم يدرك عرفة، رقم (1949)، والترمذي، كتاب الحج، باب ما جاء فيمن أدرك الإمام بجمع فقد أدرك الحج، رقم(899)، والنسائي، كتاب الحج، باب فيمن لم يدرك صلاة الصبح مع الإمام بالمزدلفة، رقم (3044)، وابن ماجه، كتاب (( المناسك)) باب من أتى عرفة قبل الفجر ليلة جمع، رقم ، (3015)، وأحمد في (( المسند)) (309/4، 310)، والحاكم في (( المستدرك)) (464/1)، والبيهقي في (( سننه))(173/5،1116)، وقال الترمذي: حسن صحيح ، وصححه الألباني في (0 الإرواء)) رقم (1064)

अर्थ : हज्ज त अरफा नै हो । (अबू दाऊद, किताबुल् मनासिक, बाबु मन् लम् युद्रिक अरफा, हदीस नं. १९४९ । र तिर्मिजी किताबुल् हज्ज, बाबु मा जाअ् फिमन् अदरकल् इमामा बेजमुइन् फकद अदरकल् हज्ज, हदीस नं. ८९९ । र नेसाई, किताबुल् हज्ज, बाबु फिमन् लम् युदरिक सलातुस्सुबहि मअल् इमामि बिल् मुज्दलिफा, हदीस नं. ३०४४ । र इब्ने माजा, किताबुल् मनासिक, बाबु मन् अता अरफता कब्लल् फज्रि लैलता जम्इन्, हदीस नं. ३०१५ । र अहमदले मुस्नदमा (४/३०९, ३१०) । र हाकिमले मुस्तदरकमा (१/४६४) । र बैहकीले आफ्नो सुनन्मा (५/१७३, १११६) । र यस हदीसलाई अल्लामा अल्बानीले इरवाउल् गलीलमा सही भनेका छन् हदीस नं. १०६४)

यसर्थ जुन व्यक्ति पनि अरफातको निर्धारित सीमामा त्यसको लागि निर्धारित समयमा उभ्दैन त त्यसको हज्ज सही हुँदैन, त्यसै हदीसको हुनाले जसलाई हामीले अहिले वर्णन गरें ।

त यो अति घातक समस्य हो, र सउदी हुकूमतले जसलाई अल्लाहले यस पुण्य कार्यको व्यवस्थापक बनाएको छ त्यसले अरफातका सीमाहरूको स्पष्ट चिन्हहरू बनाएको छ, त त्यो चिन्ह मात्र यस्तो सुस्ती र कोताही गर्ने मान्छेबाट लुप्त रहन्छ जुन वास्तवमा यस कुरामा सुस्ती गर्छ । यसर्थ प्रत्येक हाजीमाथि यो अनिवार्य छ कि त्यो अरफातको सीमाहरूको अनुसन्धान गरेर अरफातमा उभोस्, ताकि त्यसलाई यो ज्ञान रहोस् कि त्यो अरफातको सीमाभित्र नै उभेको छ ।

र अरफातमा उभिनुको सन्दर्भमा गरिने गल्तीहरूमध्ये यो पनि हो कि: केही मानिसहरू जब अरफातमा दिनको अन्तिम भागमा दुआ गर्न थाल्दछन् त उनीहरू आफ्नो अनुहार त्यस पर्वततिर गरेका हुन्छन् जसको निकट रसूल सल्लल्लाहो अलैहे वसल्लम उभेका थिए, जबकि किब्ला उनीहरूको पछाडि वा दायाँ अथवा बायाँ दिशामा हुन्छ । त यो पनि गल्ती र अनभिज्ञता हो, किनकि अरफाको दिन दुआ गर्ने वैधानिक तरिका यो हो कि मान्छे किब्लातिर अनुहार गरेर दुआ गरोस् अब यस्तो

गर्नाले चाहे त्यो पर्वत त्यसको अगाडि होस् वा पछाडि, दायाँ होस् वा बायाँ । र नबी सल्लल्लाहो अलैहे वसल्लमले त्यस पहाडलाई आफ्नो अगाडि यस कारण गरेका थिए किनकि त्यो उहाँ सल्लल्लाहो अलैहे वसल्लम र किब्लाबीच थियो, त यस्तो अवस्थामा त्यो पर्वत उहाँ सल्लल्लाहो अलैहे वसल्लमको सामुन्ने हुनु स्वभाविक कुरो हो ।

र अरफातको दिन हाजीहरू जुन गल्ती गर्छन् त्यसमध्ये यो पनि हो किः केही मानिसहरू यस भ्रममा हुन्छन् कि जता रसूल सल्लल्लाहो अलैहे वसल्लम उभेका थिए त्यता गएर उभिनु नै अनिवार्य छ, अनि तपाई यस्ता धारणा राख्ने व्यक्तिहरूलाई हेर्नुहुन्छ कि त्यहाँ पुग्नुको लागि धक्कामुक्की गर्छन् र कष्ट भोग्दछन्, र कदाचित केही मानिसहरू पैदल हुन्छन् जिनलाई बाटोको बारेमा कुनै ज्ञान हुँदैन, त उनी हिँडदा हिँडदै भोक र तिर्खाले ग्रस्त र व्याकुल भइहाल्छन्, र निकै कष्ट भोग्दछन्, र बाटो बिर्सेर त्यहाँ भौतरिरहन्छन्, त यस्तो निराधार धारणाको कारण हानि बिहोर्नेहरूमध्येबाट भइहाल्छन् । जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट यो प्रमाणित

छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि:

"وقفت هاهنا، وعرفة كلها موقف" ) أخرجه مسلم، كتاب الحج، باب ما جاء أن عرفة كلها موقف، رقم (1218)

अर्थ : म यता उभेको छु, र पूर्ण अरफा उभिने ठाउँ हो । (मुस्लिम, किताबुल् हज्ज, बाबु मा जाअ् अन्ना अरफता कुल्लहा मौकिफ, हदीस नं. १२१८)

त यस कथनद्वारा कदाचित रसूल सल्लल्लाहो अलैहे वसल्लमको अभिप्राय यो थियो कि मान्छे आफूलाई कष्टमा पारेर उहाँले उभेको ठाउँमा नजाओस्, बरु जुन त्यसको लागि आसान र सरल होस् त्यो नै गरोस्, किनकि अरफात पूर्णको पूर्ण उभिने ठाउँ हो ।

र अरफातमा उभिने समय गरिने गल्तीहरूमध्ये यो पनि हो कि: केही मानिसहरूको यो धारणा हुन्छ कि अरफातमा भएका घाँसपात र बोटबिरुवाको हुकुम उस्तै छ जसरी मुज्दलिफा र मिनामा भएका घाँसपात र बोटबिरुवाको छ । अर्थात यो धारणा

हुन्छ कि यताका बोटबिरुवालाई पनि काट्नु र त्यसको हाँगापातलाई तोड्नु जायज छैन, किनकि उनीहरूको यो आस्था हुन्छ कि रुख आदिलाई काट्नु र तोड्नुको सम्बन्ध एहरामबाट छ शिकार गर्नु झैं। त यो गलत गुमान र धारणा हो, किनकि रुखलाई काट्नुको एहरामबाट कुनै सम्बन्ध छैन, बरु यसको सम्बन्ध स्थानबाट छ। यसर्थ जुन रुख बिरुवा हरमको सीमाभित्र छन् त्यसलाई भाँच्नु काट्नु हराम छ, नत त्यसलाई काटिन्छ नत त्यसका हाँगापातलाई तोडिन्छ। तर जुन रुख र बोटबिरुवा हरामको सीमाभन्दा बाहिर छन् त्यसलाई काट्नु र त्यसका हाँगापातलाई तोड्नु टिप्नु जायज छ यद्यपि मान्छे एहरामको अवस्थामा किन नहोस्।

यसलेगर्दा अरफातमा रुखलाई काट्नुमा कुनै आपत्ति छैन। र हामीले भनेको अर्थ यो हो कि जुन रुखहरू आफै लागेका छन् त्यसलाई हुकुमतले लगाएको छैन, तर जसलाई सउदी हुकुमतले लगाएको छ त्यसलाई काट्नु जायज छैन, यस कारणले होइन कि त्यो रुख आदरणीय छ बरु यस कारणले किनकि यो हुकुमतको सीमा उल्लंघन गर्नु हो, जुन जायज

छैन, किनकि यी रुखहरू हुकुमत यस कारण लगाएको छ ताकि यसबाट अरफातको दिन वातावरण सामान्य रहोस्, र हाजीहरूलाई कष्ट नपुगोस्, बरु त्यसद्वारा हाजीहरू छहारी प्राप्त गरुन् । यसर्थ त्यसलाई काटेमा हुकुमतको कानूनको उल्लंघन गर्नुको साथै मनिसहरूको हक हनन् पनि हुन्छ ।

## अरफातमा गरिने त्रुटिहरू (समाप्ति)

**प्रश्नः (३०१) आदरणीय शैख ज्यू, के अरफातमा हाजीहरूद्वारा गरिने केही अन्य गल्तीहरू पनि छन् ती बाहेक जसलाई तपाईले वर्णन गर्नु भयो ?**

उत्तरः हो, अरफातमा गरिने केही अन्य गल्तीहरू पनि छन् अघि वर्णित गरिएका त्रुटिहरू बाहेक ।

र यसमध्ये यो पनि हो किः केही हाजीहरू यो धारणा राख्दछन् कि जुन पर्वत निकट रसूल सल्लल्लाहो अलैहे वसल्लम उभेका थिए त्यसको विशेष सम्मान र महत्व छ, र यसै कारण उनीहरू त्यस पर्वतसम्म जान्छन् अनि त्यसमाथि चढ्छन्, र

त्यसमा भएका रुख माटो र ढुँगाहरूबाट तबर्रुक प्राप्त गर्छन्, र त्यसमाथि भएका रुख आदिमा धागो आदि झुण्डियाउँछन् बाँध्दछन्, र यस बाहेक अन्य गतिविधिहरू गर्छन् जुन प्रसिद्ध छ । त यी समस्त कार्यहरू बिदअत हुन्, किनकि नत त्यसमा चढनु नै वैधानिक छ नत त्यसमाथि नमाज पढनु नै वैधानिक छ, नत त्यसमा भएका रुखहरूमा धर्को र कपडा आदि झुण्डियाउनु नै वैधानिक छ, किनकि यस्तो गर्नु नबी सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छैन, बरु यस्ता खालका कार्यहरूबाट मूर्ति पूजाको दुर्गन्ध आउँछ । र एक दिनको कुरो हो कि नबी सल्लल्लाहो अलैहे वसल्लम एउटा यस्तो रुख निकटबाट गुज्रे जस रुखमा बहुदेववादीहरू आफ्नो शस्त्रहरू लटकाउनेलाई शकुन मान्थे, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूले भने: हे अल्लाहका रसूल हामीहरूको लागि पनि यस्तै शकुनको लागि रुख निर्धारित गरिदिनुस् जसरी यी बहुदेववादीहरूको लागि छ । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"الله أكبر ، إنها السنن ، لتركبن سنن من كان قبلكم ، قلتم والذي نفسي بيده كما قالت بنو إسرائيل لموسى : ( اجْعَلْ لَنَا إِلَهاً كَمَا لَهُمْ آلِهَةٌ )"

(أخرجه أحمد، والترمذي، كتاب الفتن، باب ما جاء لتركبن سنن من كان قبلكم، رقم (2180)وقال: حسن صحيح.

अर्थ : अल्लाह महान छ, यो त त्यो पद्धति नै हो जसमा तिमीभन्दा पहिलाका मानिसहरू थिए, त्यस अल्लाहको शपथ जसको हातमा मेरो प्राण छ, तिमीहरूले पनि उही कुरा भनेका छौ जुन कुरा मूसासित बनू इस्राईलले (इस्राईलका सन्ततिहरूले) भनेका थिए कि: "हामीहरूको लागि पनि उस्तै पूज्य निर्धारित गरिदेऊ जसरी यिनीहरूको लागि छन् ।" ( अहमद, र तिर्मिजी, किताबुल् फेतन, बाबु मा जाअ् लतरकबुन्ना सुनना मन काना कब्लकुम, हदीस नं. २१८० । र इमाम तिर्मिजीले यस हदीसलाई विश्वासनीय र सही भनेका छन् ।)

यसर्थ यस पर्वतलाई कुनै विशिष्ट महत्व र सम्मान एवं आदर प्राप्त छैन, बरु यो पनि अरफातका अन्य पहाडहरू झैं एउटा पहाड हो, तर रसूल सल्लल्लाहो अलैहे वसल्लम यस पर्वत निकट उभेका थिए, यसर्थ यस निकट उभिनु वैधानिक छ यदि बिना कुनै कष्ट त्यहाँ उभिनु सम्भव होस्, र यदि यस्तो सम्भव छैन भने त्यहाँ उभिनु अनिवार्य छैन, र यो उचित छैन कि मान्छे यहाँ उभिनुको लागि आफूलाई कष्टमा पारोस् ।

र अरफातमा उभिने समय गरिने गल्तीहरूमध्ये यो पनि हो किः केही मानिस यस भ्रममा हुन्छन् मि जुहर र अस्रको नमाज यहाँको इमामको पछाडि पढनु आवश्यक छ । त यसलेगर्दा तपाई हेर्नु हुन्छ कि उनी निकै दूरीबाट कष्ट भोगेर त्यहाँ आउँछन् ताकि इमामको साथमा मस्जिदमा (मस्जिदे नमेरहमा) नमाज पढुन् । त यस कार्यलाई गर्ने क्रममा उनीहरू आफूलाई पनि कष्ट दिन्छन् र अरुलाई पनि कष्ट दिन्छन्, र केही मानिसहरू त बाटो बिराएर अरफातमा भौतरिरहन्छन् त यसरी उनी आफ्नो हकमा यस हज्जलाई निकै कष्टदायक

पूजा सिद्ध गर्छन् । जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ कि:

"وقفت هاهنا، وعرفة كلها موقف" ) أخرجه مسلم، كتاب الحج، باب ما جاء أن عرفة كلها موقف، رقم (1218)

अर्थ : म यता उभेको छु, र पूर्ण अरफा उभिने ठाउँ हो । (मुस्लिम, किताबुल् हज्ज, बाबु मा जाअ् अन्ना अरफता कुल्लहा मौकिफ, हदीस नं. १२१८)

र नबी सल्लल्लाहो अलैहे वसल्लमले नै यो पनि भनेका छन् कि:

"جعلت لي الأرض مسجدا وطهوراً" ) **تقدم تخريجه تحت سؤال رقم: (91).**

अर्थ: मेरो लागि पूर्ण धरतीलाई पवित्र र नमाज पढने ठाउँ बनाइएको छ । ( यसको सन्दर्भ प्रश्न नं. ९१ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।)

यसर्थ यदि मान्छे बिना कुनै कष्ट भोगिकन् पूर्ण शान्ति सन्तुष्टि र श्रद्धाले आफ्नो खीमामा नै

नमाजको आयोजना गर्न सक्छ त यो नमाज त्यसको इमाम पछाडिको दुखदायी नमाजभन्दा श्रेष्ठ र लाभदायक छ ।

र ती गल्तीहरूमध्ये जसलाई मानिसहरू अरफातमा उभिने सन्दर्भमा गर्छन् यो पनि हो किः केही मानिसहरू सूर्य नअस्ताएको समयमै अरफातबाट निस्किहाल्छन्, अनि सूर्य अस्ताउनुभन्दा अघि नै उनी मुज्दलिफातिर प्रस्थान गरिहाल्छन् । त यो ठूलो गल्ती हो, र यस्तो गर्नुमा बहुदेववादीहरूको अनुरूपता अख्तियार गर्नु पनि छ, किनकि उनीहरू सूर्य अस्त हुनुभन्दा अघि नै अरफातबाट गइहाल्थे, र यसबाट मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको विरोध पनि हुन्छ, किनकि उहाँ सल्लल्लाहो अलैहे वसल्लम तबसम्म अरफातबाट नस्किदैनथे जबसम्म सूर्य अस्त नभइहालोस्, र सूर्य अस्त पश्चातको पहेलो रंग अलि अलि समाप्त नहुन् लागोस्, जस्तो कि हजरत जाबिरको हदीसमा वर्णित छ ।[1]

[1] मुस्लिम, किताबुल् हज्ज, बाबु हज्जतिन्नबी सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १२१८ ।

यसलेगर्दा मान्छेमाथि अनिवार्य यो छ कि त्यो अरफातको सीमामा तबसम्म रहोस् जबसम्म सूर्य अस्त नभइहालोस् । त जसरी व्रतालुको लागि यो जायज छैन कि सूर्य अस्त नहुन्जेल इफ्तारी नगरोस् उस्तै अरफातमा उभेको मानिसको लागि जायज छैन कि सूर्य अस्त नहुन्जेल त्यहाँबाट निस्कोस् ।

र अरफातमा उभिने सन्दर्भमा गरिने त्रुटिहरूमध्ये समयलाई व्यर्थमा बर्बाद गर्नु पनि हो । त तपाई हेर्नुहुन्छ कि मानिसहरू बिहानदेखि दिनको अन्तिम भागसम्म कुराकानी गर्नुमा मग्न रहन्छन् यस्ता कुराहरूमा कदाचित चकुली र पिशुनताको कुरो हुँदैन र कहिले त्यसमा चकुली र पिशुन्ता पनि शामेल हुन्छ । त यदि उनीहरू चकुली र पिशुनताका कुराहरू गरिरहेका हुन्छन्, र अरुका इज्जत र सम्मानमाथि अतिक्रमण गरिरहेका हुन्छन्, त यसद्वारा दुई निषेधित कुराहरू गरिहरेका हुन्छन्:

त्यसमध्ये पहिलो हो: अरुको पिशुनता गर्नु: त यसलेगर्दा तिनीहरूको एहराममा पनि प्रभाव पर्छ, किनकि अल्लाहको फर्मान छ:

﴿ ٱلْحَجُّ أَشْهُرٌ مَّعْلُومَٰتٌ ۚ فَمَن فَرَضَ فِيهِنَّ ٱلْحَجَّ فَلَا رَفَثَ وَلَا فُسُوقَ وَلَا جِدَالَ فِى ٱلْحَجِّ ﴾ البقرة: ١٩٧

अर्थ : हजका महीनाहरू निर्धारित छन् । तसर्थ यदि कुनै मानिसले यी महिनाहरूमा हजको नीयत गरिसकेको छ, भने उसले (हजका दिनहरूमा) स्वास्नीहरूसँग सहवास नगरोस् र न कुनै नराम्रो काम गरोस् र न कुनै मानिससँग झगडा गरोस् । ( सूरतुल् बकर: १९७)

र दोस्रो कुरो: समयलाई बर्बाद गर्नु ।

तर यदि उनीहरू यस्तो कुरा गरिरहेका हुन्छन् जसमा चकुली र पिशुनता हुँदैन जुनकि हराम छन्, तै पनि उनी समय बर्बाद गरिरहेका छन्, तर यदि मान्छे सूर्य ढलिकनुभन्दा अघि यस्ता जायज कुराहरू गरिरहेको छ जसमा कुनै निषेधित कुरा छैन त यसमा कुनै आपत्ति छैन । तर सूर्य ढल्के पश्चात अर्थात जुहर र अस्रको नमाज पढे पश्चात मान्छेको लागि उचित यो छ कि त्यो दुआ गर्नुमा र कुरआनको पाठन गर्नुमा व्यस्त भइहालोस्, र यस्तै

आफ्नो साथीहरूलाई लाभदायक कुराहरूको उपदेश पनि गर्न सक्छ जब पाठन र गुणगानबाट थाकिहालोस्, त थाके पश्चात उनीहरूसित लाभदायक कुरा गरोस् जसरी कि विधानको ज्ञान आदिबारे जसद्वारा उनीहरूलाई प्रसन्न पारोस् र उनीहरूलाई अल्लाहको दयाको आशान्वित बनाओस् । तर दिनको अन्तिम भागमा त्यसलाई चाहियो कि विशेषरूपले त्यसमा दुआ गरोस् र अल्लाहसित रोई रोई क्षमायाचना गरोस् त्यसको दयाको आशान्वित भएर, र त्यसको अनुकम्पाको प्राप्तिको आशा गर्दै, र अत्याधिक दुआ गरोस् र दुआ गर्नुमा मान्छेलाई चाहियो कि कुरआन हदीसबाट प्रमाणित दुआहरू नै गरोस्, किनकि यी सर्वोतकृष्ट दुआहरू हुन् जसको कबूल हुने अधिक सम्भावना हुन्छ ।

## मुज्दलिफा आउँदा र मुज्दलिफाभित्र हुने त्रुटिहरू

प्रश्नः (३०२) आदरणीय शैख ज्यू, अरफातमा हाजीहरूद्वारा गरिने प्रमुख त्रुटिहरूबारे जब हामीलाई ज्ञान भइसक्यो त अब हामी यो चाहन्छौं कि यो

पनि जानौं कि के केही यस्ता गल्तीहरू पनि छन् जसलाई हाजीहरू मुज्दलिफा आउँदा वा मुज्दलिफामा पुगे पश्चात गर्छन् ?

उत्तरः केही गल्तीहरू त मुज्दलिफा आउने क्रममा आरम्भमा नै घटित भइहाल्छन् जसतर्फ हामीले संकेत गरिसकेका छौं, अर्थात केही मानिसहरू सूर्य अस्त हुनुभन्दा अघि नै अरफातबाट मुज्दलिफा गइहाल्छन् ।

र गल्तीहरूमध्ये यो पनि हो कि मानिसहरू अरफातबाट निस्कदा तीव्र गतिले निस्कन्छन्, र एकअर्कासित धक्कामुक्की गर्न थाल्छन् जसलेगर्दा कहिलेकाहिँ गाडीहरू एकअर्कासित ठोकिन्छन् त कहिले हाजी स्वयम् त्यसबाट लडिहाल्छ । तर नबी सल्लल्लाहो अलैहे वसल्लमले अरफातबाट निस्कदा पूर्ण शान्ति र विनम्रताको साथ निस्केका थिए, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो ऊँटनीको लगाम यति जोर लगाएर तानेका थिए कि त्यसको टाउको त्यसमाथि भएको हौदजसम्म पुगिहालेको थियो । र उहाँ सल्लल्लाहो अलैहे वसल्लम यो भन्दै जान्थे किः

"أيها الناس ، السكينة السكينة" ( أخرجه مسلم، كتاب الحج، باب حجة النبي صلى الله عليه وسلم رقم (1218) وهو جزء من حديث جابر السابق. )

अर्थ : हे मानिसहरू प्रशान्ति र विनम्रताले निस्का । (मुस्लिम, किताबुल् हज्ज, बाबु हज्जतिन्नबी सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १२१८ । र यो हदीसे जाबिरको अंश हो ।)

र नबी सल्लल्लाहो अलैहे वसल्लम जब खाली ठाउँ अर्थात भीड नभएको ठाउँमा पुग्थे त अलि तीव्रताले हिँडन थाल्थे, र जब बालुवाको कुनै ढिस्कोसम्म पुग्थे त ऊँटनीको लगाम ढीलो गरिदिन्थे ताकि त्यो त्यसमाथि चढोस् । यसर्थ उहाँ सल्लल्लाहो अलैहे वसल्लम आफ्नो यस हिँडाईमा अवस्थाको रियायत गर्थे । तर जब कुरो यस्तो होस् कि: यस हिँडाईमा तीव्रता श्रेष्ठ छ वा विनम्रता श्रेष्ठ छ ? त यस्तो अवस्थामा हामी भन्छौं कि विनम्रताले हिँड्नु नै श्रेष्ठ छ ।

र मुज्दलिफामा गरिने गल्तीहरूमध्ये यो पनि हो कि: केही मानिसहरू र विशेषरूपले पैदल चल्नेहरू जब थाकिहाल्छन् त मुज्दलिफा पुग्नुभन्दा अघि नै डेरा हालिदिन्छन्, र त्यतै फज्रसम्म रहन्छन्, र फज्र नमाज पढेर त्यतैबाट मिना गइहाल्छन् । त जसले पनि यस्तो गर्छ त्यसले मुज्दलिफामा रात्री व्यतीत गरेन बरु त्यसलाई त्याग्यो, त यो अति घातक कुरा हो, किनकि मुज्दलिफामा रात्री व्यतीत गर्नु केही विद्हरूको दृष्टिमा हज्जका आधारहरूमध्येको हो, र अधिकांश विद्हरूको दृष्टिमा यो हज्जको अनिवार्य कार्यहरूमध्येको हो । यसर्थ मान्छेमाथि अनिवार्य यो छ कि त्यो मुज्दलिफामा रात्री व्यतीत गरोस्, र त्यहाँबाट तबसम्म नजाओस् जबसम्म त्यो समय नभइहालोस् जस समयमा त्यहाँबाट जानुको रसूल सल्लल्लाहो अलैहे वसल्लमले अनुमति प्रदान गरेका छन् । र यसको विस्तृत वर्णन अगाडि आउँछ, त कुराको सार यो कि: केही मानिसहरू मुज्दलिफामा पुग्नुभन्दा अघि नै रुकिहाल्छन् ।

र यता गरिने गल्तीहरूमध्ये यो पनि हो कि: केही मानिसहरू सामान्य अवस्थामा पनि मग्रिब र

इशाको नमाज बाटोमा नै पढिहाल्छन् । तर यो सुन्नत विरुद्ध कार्य हो, किनकि जब नबी सल्लल्लाहो अलैहे वसल्लम बाटोमा आफ्नो सवारीबाट झरेर पिशाब फेरे पश्चात वजू बनाए त उहाँको पछाडि सवार भएका सहाबी उसामा रजिअल्लाहो अन्होले सोधे हे अल्लाहका रसूल नमाज ? त नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"الصلاة أمامك" ( أخرجه البخاري، كتاب الحج، باب النزول بين عرفة وجمع، رقم (1669) ومسلم، كتاب الحج، باب الإفاضة من عرفات إلى مزدلفة، رقم (1280).

अर्थ : नमाज अरु अगाडि पढिन्छ । (बुखारी, किताबुल् हज्ज, बाबुन्नुजूलि बैना अरफता वजमइन्, हदीस नं. १६६९ । र मुस्लिम, किताबुल् हज्ज, बाबुल् इफाजति मिन् अरफाति इला मुज्दलिफा, हदीस नं. १२८०)

र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले तबसम्म नमाज पढनु भएन जबसम्म मुज्दलिफा पुगेनन्, र उहाँ सल्लल्लाहो अलैहे वसल्लम मुज्दलिफा त्यस

समय पुगेका थिए जब इशाको समय भइसकेको थियो अनि त्यहाँ रसूल सल्लल्लाहो अलैहे वसल्लमले मग्‌रिब र इशालाई जम्मा गरेर पढे जसलाई जमा ताखीर भनिन्छ ।

## मुज्दलिफामा गरिने त्रुटिहरू (समाप्ति)

**प्रश्न: (३०३) आदरणीय शैख ज्यू, तपाईले वर्णन गरेका गल्तीहरू बाहेक के अरु गल्तीहरू छन् जसलाई मुज्‌दलिफामा आउँदा वा मुज्‌दलिफामा गरिन्छ ?**

उत्तर: हो, हामीले वर्णन गरे बाहेक अन्य त्रुटिहरू पनि छन्, र हामीले वर्णन गरेका त्रुटिहरूमध्ये यो पनि हो कि: केही मानिसहरू मग्‌रिब र इशाको नमाज मुज्दलिफा पुग्नुभन्दा अघि नै पढिहाल्छन् । तर केही यस्ता मान्छे पनि छन् जुन मग्‌रिब र इशाको नमाज तबसम्म पढ्दैनन् जबसम्म मुज्दलिफा पुग्दैनन् चाहे इशाको समय समाप्त किन नभइहालोस् । त यस्तो गर्नु पनि जायज छैन, बरु

जमा ताखीर: पहिला भएको नमाजलाई त्यस पश्चात आउने नमाजको साथ पछि भएको नमाजको समयमा पढ्‌नुलाई जमा ताखीर भनिन्छ । (अनुवादक)

यस्तो गर्नु हराम छ र ठूलो पापहरूको सीमामा आउँछ, किनकि नमाजलाई त्यसको निर्धारित समयभन्दा विलम्बले पढनु कुरआन र सुन्नत विरुद्ध कुरो हो । अल्लाहको फर्मान छः

﴿ إِنَّ ٱلصَّلَوٰةَ كَانَتۡ عَلَى ٱلۡمُؤۡمِنِينَ كِتَٰبٗا مَّوۡقُوتٗا ﴾ ﴿١٠٣﴾ النساء: ١٠٣

अर्थ : निःसन्देह मोमिनहरूलाई निर्धारित समयमा नमाज पढ्नु अनिवार्य छ । (सूरतुन्निसा १०३)

त यसको निर्धारित समयलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले निर्धारित गर्नु भएको छ, र त्यसको अन्तिम समय पनि बताउनु भएको छ । र अल्लाहको फर्मान छः

﴿ وَمَن يَتَعَدَّ حُدُودَ ٱللَّهِ فَأُوْلَٰٓئِكَ هُمُ ٱلظَّٰلِمُونَ ﴿٢٢٩﴾ ﴾ البقرة: ٢٢٩

अर्थ : र जुन मानिसहरू अल्लाहका सीमाहरू उल्लंघन गर्छन्, तिनीहरू अत्याचारी हुन् । (सूरतुल् बकर: २२९)

﴿ وَمَن يَتَعَدَّ حُدُودَ ٱللَّهِ فَقَدْ ظَلَمَ نَفْسَهُۥ ﴾ الطلاق: ١

अर्थ : र जुन मानिसहरू अल्लाहका सीमाहरू उल्लंघन गर्छन्, तिनीहरू आफूमाथि नै अत्याचार गर्छन् । (सूरतुत्तलाक १)

यसर्थ जब मान्छेलाई यो भय लागोस् कि इशाको समय मुज्दलिफा पुग्नुभन्दा अघि नै समाप्त भइहाल्छ भने मान्छेमाथि यो अनिवार्य भइहाल्छ कि त्यो नमाज पढिहालोस् चाहे मुज्दलिफामा नपुगेको होस् तै पनि । यसर्थ यदि पैदल छ भने सामान्य नमाज झैं रुकूअ् ढोग गर्दै रुकेर नमाज पढोस्, र यदि सवारीमा छ र त्यसबाट झरेर नमाज पढन सक्दैन भने त्यसै सवारीमाथि नमाज पढोस्, किनकि अल्लाहको फर्मान छः

﴿ فَٱتَّقُواْ ٱللَّهَ مَا ٱسۡتَطَعۡتُمۡ ﴾ التغابن: ١٦

अर्थ : अल्लाहसित जति भय गर्न सक्दछौ त्यति नै डर । (सूरतुत्तगाबुन् १६)

जबकि सवारीबाट झर्न नसक्ने कुराको सम्भावना अति थोरै छ, किनकि सबै मान्छेहरूको लागि यो सम्भव हुन्छ कि त्यो सवारीबाट झरेर बाटोको दायाँ वा बायाँ पट्टी उभेर नमाज पढोस् ।

यसर्थ हरेक अवस्थामा मान्छेको लागि यो जायज छैन कि त्यो मग्रिब र इशाको नमाजलाई यति विलम्ब गरोस् कि इशाको समय समाप्त भइहालोस्, यस प्रमाणको कारण कि त्यो सुन्नतलाई कार्यन्वयन गर्न चाहन्छ, यसर्थ त्यो मुज्दलिफामा नै नमाज पढन चाहन्छ । त त्यसको यो विलम्ब नै सुन्नत विरुद्ध छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले नमाज पढनुमा विलम्ब गर्नु भयो तर त्यसको समयमा नै पढनु भयो ।

र मुज्दलिफामा गरिने गल्तीहरूमध्ये यो पनि हो कि: केही हाजीहरू फज्र नमाजलाई त्यसको निर्धारित

समयभन्दा अघि नै पढिहाल्छन् । त तपाई हेर्नुहुन्छ कि केही मानिसहरू फज्रको निर्धारित समयभन्दा एक घण्टा अघि नै अजान दिइरहेका हुन्छन् वा त्यसभन्दा केही कम वा अधिक समय अगाडि नै, तात्पर्य यो कि फज्रको समयभन्दा अघि नै अजान दिएर नमाज पढ्छन्, अनि त्यहाँबाट गइहाल्छन् । त यो ठूलो गल्ती हो, किनकि नमाज त्यसको निर्धारित समयभन्दा अघि स्वीकार्य छैन, बरु यस्तो गर्नु हराम छ, किनकि यस्तो गर्नु अल्लाहले निर्धारित गरेका सीमाहरूको उल्लंघन गर्नु हो, किनकि विधानद्वारा नमाजको आरम्भिक र अन्तिम समय निर्धारित छ । यसर्थ कसैको लागि यो जायज छैन कि त्यो नमाजको निर्धारित समयभन्दा अघि नै नमाज कायम गरोस् । यसर्थ हाजीहरूमाथि यो अनिवार्य छ कि यस विषयलाई गम्भीरताले लेउन्, र यसमा सावधानी अपनाउन्, र फज्रको नमाज तबसम्म नपढुन् जबसम्म यो यकिन वा अधिक गुमान नभइहालोस् कि फज्रको समय भइहालेको छ । र यो कुरो पनि ठिक नै छ कि मुज्दलिफाको रात्रीमा फज्र नमाज पढनुमा जल्दबाजी गर्नु उचित कार्य हो,

किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यसमा जल्दी गरेका छन्, तर यसको कदापि यो अर्थ होइन कि त्यसलाई त्यसको समयभन्दा अघि नै पढियोस्, यसर्थ यस विषयमा हाजी सदैंव सचेत रहोस् ।

र मुज्दलिफामा गरिने गल्तीहरूमध्ये यो पनि हो कि: केही हाजीहरू त्यसमा न्यूनतम् दर्जाको उभिने कार्यभन्दा अघि नै त्यहाँबाट गइहाल्छन् । त तपाई यस्ता मानिसहरूलाई पनि हेर्नुहुन्छ जुन मुज्दलिफामा रुकदैनन् बरु मात्र त्यहाँबाट गुज्रन्छन् र यो भन्छन् कि त्यहाँबाट गुज्रनु नै पर्याप्त छ । तर यो ठूलो गल्ती हो, किनकि मुज्दलिफाबाट मात्र गुज्रनु पर्याप्त छैन, बरु सुन्नतद्वारा प्रमाणित छ कि मान्छे मुज्दलिफामा रहोस् यहाँसम्म कि त्यहाँ फज्रको नमाज पढोस्, अनि नमाज पढे पश्चात मश्अरुल् हरामको पासमा अल्लाहसित दुआ याचना गर्दैरहोस् यहाँसम्म कि सूर्य उदय हुनुभन्दा अघिको रातोपना क्षितिजमा जाहेर भइहालोस्, अनि मिनातिर प्रस्थान गरोस् । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो परिवारका कम्जोर मानिसहरूलाई यो अनुमति दिएका थिए कि उनीहरू

मुज्दलिफाबाट मिना रात्रीमा नै गइहालुन् ।[1] र अस्मा बिन्ते अबू बक्र रजिअल्लाहो अन्हुमा चन्द्र अस्त हुने प्रतिक्षामा रहन्थिइन्, अनि जब चन्द्र अस्त भइहाल्थ्यो त मुज्दलिफाबाट मिना प्रस्थान गर्दथिइन् ।[2]

त उचित यो नै छ कि यसै समयलाई मुज्दलिफाबाट जाने कुराको निर्धारित समय र कसौटी मानियोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो परिवारका कम्जोरहरूलाई रात्रीमा मुज्दलिफाबाट जाने अनुमति प्रदान गरेका थिए, तर त्यस हदीसमा रात्रीको त्यस समयको निर्धारण वर्णित छैन, तर सहाबीको कार्यद्वारा यस समयको व्याख्या भइहाल्छ । यसर्थ उचित यो छ कि कम्जोर र दुर्वल र जुन तिनीहरूको हुकुममा छन् सबैलाई यसै समय अर्थात चन्द्र अस्त भए पश्चात मुज्दलिफाबाट मिनातिर जानुको समय तोकियोस्

[1] बुखारी, किताबुल् हज्ज, बाबु मन् कद्दमा जुअफता अहलेही बेलैल..., हदीस नं. १६७६ । र मुस्लिम, किताबुल् हज्ज, बाबु इस्तिहबाबे तक्दीमि दफइज्जुअ्फति वन्निसाइ वगैरेहिन्न मिन मुज्दलिफा इला मिना..., हदीस नं. १२९५ ।

[2] यसको सन्दर्भ प्रश्न नं. २६० को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।

ताकि उनीहरू भीड हुनुभन्दा अघि नै मिना पुगुन् । र दशौं जिल्हिज्जाको रात्रीको आधा रात्री बिते पश्चात नै चन्द्र अस्त हुन्छ जबकि रात्रीको दुई तिहाई भाग समाप्त भइहालेको हुन्छ । यसर्थ यसै समयलाई कम्जोरहरूको लागि तोकिनु उचित छ ।

त यी ती केही गल्तीहरू हुन् जुन मुज्दलिफामा रात्री व्यतीत गर्ने सम्बन्धमा मलाई अहिले याद थियो ।

## कंकरी हान्ने समय हुने केही गल्तीहरू

प्रश्न: (३०४) आदरणीय शैख ज्यू, कंकरी हान्दा हाजीहरू के कस्ता त्रुटिहरू गर्छन् त ?

उत्तर: यो कुरो थाहा नै छ कि ईदको दिन हाजी मुज्दलिफाबाट मिना आउँछ, र मिना आए पश्चात सर्वप्रथम ठूलो जमरहलाई कंकरी हान्दछ, र यसलाई क्रमिक सात कंकरी हानिन्छ जसलाई हान्दा प्रत्येक कंकरी हान्नुसाथै तक्बीर पनि भनिन्छ, जसरी कि नबी सल्लल्लाहो अलैहे वसल्लमले हान्नु भएको छ,

र यसको तत्वदर्शिता पनि स्पष्ट पार्नु भएको छ यस कथनद्वारा कि:

"إنما جعل الطواف بالبيت وبالصفا والمروة، ورمي الجمار لإقامة ذكر الله" (أخرجه أبو داود، كتاب المناسك، باب في الرمل، رقم (1888) والترمذي بنحوه، كتاب الحج، باب ما جاء كيف ترمى الجمار، رقم (902) وقال : حسن صحيح.

अर्थ : बैतुल्लाहको तवाफ गर्नु, सफा र मरवाको सई गर्नु, र कंकरी हान्नुलाई अल्लाहको गुणगान गर्ने उद्देश्यले वैधानिक गरिएको छ । (अबू दाऊद, किताबुल् मनासिक, बाबु फिर्रमल, हदीस नं. १८८८ । र तिर्मिजीले यस्तै, किताबुल् हज्ज, बाबु माजाअ् कैफा तरमिल् जेमार, हदीस नं. ९०२, र भन्नु भएको छ कि: यो हदीस विश्वासनीय र सही छ ।)

र कंकरी हान्दाको गल्तीमध्ये यो पनि हो कि: केही मानिसहरू यस भ्रममा हुन्छन् कि त्यस कंकरीबाट

जमरहलाई हान्नु मात्र सही छ जुन मुज्दलिफाबाट लिइएको होस् । र यसै कारण यस्ता धारणा राख्ने मानिसहरू मुज्दलिफामा कंकरी टिप्नुमा आफूलाई थकाउँछन् मिना आउनुभन्दा अघि । तर यस्तो धारणा राख्नु सही छैन, किनकि कंकरी जताबाट पनि टिप्न सकिन्छ चाहे मुज्दलिफाबाट वा मिनाबाट वा कुनै अन्य स्थानबाट, मात्र कंकरी हुनु शर्त छ ।

र यो प्रमाणित छैन कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मुज्दलिफाबाट कंकरी लिनु भएको थियो जसलेगर्दा हामी यो भन्न सकौं कि यस्तो गर्नु सुन्नत हो, किनकि सुन्नतको अर्थ होः जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेका होउन् वा गरेका होउन् वा उहाँ सल्लल्लाहो अलैहे वसल्लम समक्ष त्यो कार्य गरिएको होस् अनि त्यसमा सहमति जनाएका होउन् । तर मुज्दलिफाबाट कंकरी टिप्नुबारे यी तीनवटै कुरा प्रमाणित छैन यसर्थ यो सुन्नत होइन ।

र यता गरिने गल्तीहरूमध्ये यो पनि हो किः केही मानिसहरू कंकरी टिपे पश्चात त्यसलाई पखाल्दछन् यस कारण कि कदाचित त्यसमाथि कसैले पिशाब

नगरेको होस् वा यस कारण कि स्वच्छ कंकरी हान्नु श्रेष्ठ हुन्छ । त मान्छे जुन कारणले पनि यस्तो गरोस् कुरो यो छ कि कंकरीहरूलाई पखाल्नु बिदअत हो, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गर्नु भएको छैन, र कुनै यस्तो कुराद्वारा पूजा गर्नु जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले गरेका छैनन् बिदअत हो । र यदि यस्तो मान्छेले पूजा बुझ्रेर गर्दैन भने यस्तो गर्नु मूर्खता र समयको बर्बादी हो ।

र यता गरिने गल्तीहरूमध्ये यो पनि हो किः केही मानिसहरू यो धारणा राख्दछन् कि यी जमरातहरू शैतान हुन्, र उनीहरू शैतानलाई नै कंकरी हानिराखेका छन् । र यस्तो धारणा हुने कारण तपाई हेर्नुहुन्छ कि कुनै व्यक्ति अत्याधिक क्रोधित भएको अवस्थामा त्यहाँ उपस्थित हुन्छ र यस्तो भाव प्रकट गर्छ मानो शैतान त्यसको सामुन्ने नै छ, अनि त्यसै क्रोधको अवस्थामा त्यो कंकरी हान्दछ । त यस्तो अवस्थामा कंकरी हान्नुले निम्नका अवैध कुराहरू उत्पन्न हुन्छन्ः

पहिलो: यो धारणा र भ्रम नै गल्त छ, किनकि हामी यी जमरातहरूलाई अल्लाहको गुणगान र स्मरण गर्ने उद्देश्य हान्दछौं र रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्ने उद्देश्यले हान्दछौं, र भक्तिलाई दर्शाउने र पूजालाई सम्पन्न गर्ने उद्देश्यले हान्दछौं, किनकि जब भक्तलाई कुनै सुकार्य वा आज्ञापालनको लाभ थाहा हुँदैन र त्यो त्यसलाई गर्छ त त्यो त्यसद्वारा अल्लाहको पूजा गर्ने उद्देश्यले गर्छ किनकि यस्तो गर्नाले त्यसको अल्लाहप्रति समर्पण र नतमस्तक हुने कुरालाई सर्वोत्तम तरिकाले बोध गर्छ ।

दोस्रो: यस्तो धारणाको कारण मान्छे त्यहाँ क्रोधित भएर शारीरिक तौरले क्रोधलाई प्रकट गर्दै जमरात निकट उपस्थित हुन्छ जसलेगर्दा त्यो आफू अगाडि भएका मानिसहरूलाई कष्ट पुऱ्याउँछ अर्थात उनीहरूलाई कुनै महत्व दिदैन मानो उनीहरू किरा होउन्, र उनीहरूको दुर्वलता र कम्जोरीको पनि ख्याल गर्दैन, बरु सबैलाई धकेल्दै पेल्दै यस्तो तरिकाले जमरातमा उपस्थित हुन्छ मानो क्रोधले मस्त भएको ऊँट होस् ।

तेस्रोः यस्तो गलत धारणाको कारण मान्छे यो सोच्दैन कि त्यो अल्लाहको पूजा गरिरहेको छ वा यस कंकरी हान्ने कार्यद्वारा अल्लाहको पूजा गरिरहेको छ, र यसै कारण त्यो वैधानिक कुरा कार्यहरूलाई छाडेर अवैधानिक कार्य कुराहरू गर्न थाल्छ, यसर्थ कंकरी हान्दा भन्छः अल्लाहको क्रोध अवतरित होस् शैतानमाथि जसमा अल्लाहको प्रसन्नता छ ।

जबकि कंकरी हान्दा यस्तो भन्नु वैधानिक छैन बरु वैधानिक यो छ कि मान्छे कंकरी हान्दा तक्बीर भनोस् जसरी कि नबी सल्लल्लाहो अलैहे वसल्लम भन्थे ।

चौथोः यस गलत सिद्धान्तको कारण मान्छे ठूलो ढुँगाले जमरहलाई हान्दछ यस दृष्टिको कारण कि ढुँगा जति ठूलो हुन्छ शैतानलाई त्यति नै कष्ट पुग्दछ, र यस्तै यस्ता खालका मानिसहरू जुत्ता चप्पल आदिबाट पनि जमरहलाई हान्दछन् जसबाट हान्नु अवैधानिक छ । र मैले स्वयम् जमरातमा यी पुलहरूको निर्माणभन्दा अघि नै आफ्नो आँखाबाट हेरेको छु कि एउटा पुरुष मान्छे र एउटी महिला

दुवै त्यस जमरहको (पिल्लरको) निकट जता मान्छेहरूले हानेको कंकरी गिर्दछ त्यतै बसेर दुवै जुत्ताले त्यस जमरहलाई हानिराखेका थिए, र मानिसहरूले फ्याँकेका कंकरीहरू उनीहरूलाई लागिराखेको थियो, तर यसको बावजूद कदाचित उनी दुवै यो दर्शाउन खोजिरहेका थिए कि यो त अल्लाहको मार्गमा हुँदै रहन्छ, र यस कारण उनी यस कष्टमा धैर्यता देखाइरहेका थिए ताकि उनीहरूलाई अल्लाहको सामीप्यता प्राप्त भइहालोस्, तर यो सबै अपवादका कुराहरू हुन् यसबाट सामीप्यता प्राप्त हुँदैन ।

यसर्थ जब हामीले यो सिद्ध गरें कि यस्तो सिद्धान्त र आस्था एवं धारणा गलत हो त कुनै धारणाले हामी कंकरी हानौं ?

त यसको उत्तर यो हो कि हामी यो धारणा राखौं कि हामी कंकरी मात्र महान अल्लाहको स्मरण र महानता वर्णन गर्ने उद्देश्यले र त्यसको स्तुति गर्ने उद्देश्यले र त्यसको रसूल मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्ने उद्देश्यले हानिराखेका छौं ।

# कंकरी हान्ने समय गरिने गल्तीहरू (समाप्ति)

प्रश्नः (३०५) आदरणीय शैख ज्यू, कंकरी हान्ने समय गरिने गल्तीहरूमध्ये यो वर्णन गर्नु भयो कि तीमध्ये यो पनि हो कि यस्तो धारणा राख्नु कि कंकरी मुज्दलिफाबाट टिप्नु नै आवश्यक छ, र कंकरीलाई पखाल्नु पनि, र यसबारे वर्णन गर्नु भयो कि यो सुन्नत विरुद्ध कार्य हो, र यो सिद्धान्त पनि वर्णन गर्नु भयो कि जमरात शैतान हुन् र ढुँगा, ठूलो कंकरी, जुत्ता, चप्पल आदिद्वारा हान्ने त्रुटिहरूबारे पनि वर्णन गर्नु भयो, त के वर्णित त्रुटिहरू बाहेक केही अरु त्रुटिहरू छन् जसलाई जमरह निकट हाजीहरू गर्छन्, र जसबाट सचेत रहनु आवश्यक छ र त्यसको वर्णन गर्नु आवश्यक छ ?

उत्तरः हो, कंकरी हान्दा जुन गल्ती गरिन्छ त्यसमध्ये केहीलाई त हामीले वर्णन गरें, र केही यी हुन्: केही मानिसहरू जसरी कंकरी हान्ने तरिका छ त्यसरी हान्दैनन्, बरु केही वर्ष अघिसम्म ठूलो जमरह यस्तो

थियो जस्तो कि सबैलाई थाहा छ कि त्यसको पछाडि एउटा पर्खाल हुन्थ्यो अनि मानिसहरू त्यसै पर्खालतिरबाट आउँथे अनि जब त्यस पर्खाललाई हेर्थे त कंकरी हानिहाल्थे । र यो त ज्ञात नै छ कि कंकरी हान्दा कंकरीलाई जमरहको वरिपरि बनाइएको हौज (इनार जस्तो आकारको बनाइएको कुरामा) झर्नु आवश्यक हुन्छ, अनि जब उनीहरू पूर्वितिरबाट अर्थात पर्खाल भएको दिशातिरबाट कंकरी हान्थे, त कंकरी हौजमा जाँदैनथ्यो, किनकि उनी र जमरहबीच पर्खाल आवरण भइहाल्थ्यो । त जसले पनि यस्तो तरिकाले कंकरी हान्दछ त्यसको कंकरी हान्ने कार्य पूर्ण हुँदैन, किनकि कंकरी हान्ने शर्तहरूमध्ये यो पनि हो कि कंकरी हौजमा खसोस्, यसर्थ जब कंकरी हौजमा पर्‍यो भने त्यसको दायित्व पूर्ण भयो अब चाहे त्यो कंकरी हौजमा नै बाँकी रहोस् वा त्यहाँबाट अरु कतै ढल्कोस् ।

र यता गरिने त्रुटिहरूमध्ये यो पनि हो कि: केही मानिसहरू यो गुमान गर्छन् कि कंकरी जमरह (पिल्लर) लाई लाग्नु आवश्यक छ । त यो पनि मात्र भ्रम नै हो, यसको कुनै सत्यता छैन, किनकि कंकरी

हान्नुको शर्तमध्ये यो होइन कि कंकरी त्यस पिल्लरलाई लागोस्, किनकि यो पिल्लर मात्र कंकरी हान्ने ठाउँको संकेतको लागि बनाइएको छ जस स्थानमा त्यो कंकरी गएर लाग्दछ, यसर्थ जब कंकरी त्यस ठाउँमा पस्यो (हौजमा पस्यो) त यो पर्याप्त छ चाहे त्यस पिल्लरलाई कंकरी लागोस् वा नलागोस् ।

र प्रचलित महान त्रुटिहरूमध्ये यो पनि हो कि: केही मानिसहरू कंकरी हान्नुमा ढिला सुस्ती गर्छन्, र आफूमा कंकरी हान्ने क्षमता रहेमा पनि अरुलाई आफ्नो कंकरी हान्ने वकील बनाइहाल्छन् । त यो ठूलो गल्ती हो, किनकि कंकरी हान्नु हज्जका कार्यहरूमध्ये एउटा कार्य हो । र अल्लाहको फर्मान छ:

﴿ وَأَتِمُّواْ ٱلۡحَجَّ وَٱلۡعُمۡرَةَ لِلَّهِ ﴾ البقرة: ١٩٦

अर्थ : र हज्ज एवं उमरा अल्लाहकै लागि पूर्ण गर । (सूरतुल् बकर: १९६)

त यो कथन हज्जका समस्त कार्यहरूलाई गर्नुलाई शामेल छ, यसर्थ मान्छेमाथि अनिवार्य यो छ कि

हज्जका समस्त कार्यहरू त्यो आफै गरोस्, र कसैलाई त्यसलाई गर्नुको लागि वकील र नायब नबनाओस् ।

तर केही मानिसहरू भन्छन् कि: यता त धेरै भीड हुन्छ र त्यहाँ गएर कंकरी हान्नुले मलाई कष्ट हुन्छ ।

त हामी त्यससित भन्छौं: कि यदि दिनको पहिलो भागमा जब हाजीहरू मुज्दलिफाबाट मिना आउँछन् त्यति बेला भीड अधिक हुन्छ भने दिनको अन्तिम भागमा अधिक भीड हुँदैन, नत रात्रीको समय नै अधिक भीड हुन्छ, यसर्थ यदि तिमी दिनमा कंकरी हान्न सक्दैनौ भने रात्रीमा कंकरी हान, किनकि रात्री पनि कंकरी मार्ने समय हो यद्यपि दिनमा कंकरी हान्नु श्रेष्ठ छ । तर जब मान्छे दिनमा कंकरी हान्नुको तुलनामा रात्रीमा कंकरी हान्दा सन्तुष्टि श्रद्धा र प्रशान्तिको साथ हान्न सक्छ भने रात्रीमा कंकरी हान्नु नै त्यसको हकमा श्रेष्ठ छ, किनकि दिनको समय त्यसले कंकरी हान्दा त्यसले कष्टमा पर्ने खतरा छ, बरु कतिपयलाई त ज्यान गुमाउनुको पनि भय उत्पन्न भइहाल्छ भीड र

हूलको कारण । त यस्तो अवस्थामा कंकरी हान्दा कहिलेकाहिँ कंकरी हौजमा नपसिकन् अर्को दिशामा गइहाल्छ ... आदि । त जसले पनि यस कुराबाट प्रमाण लिन्छ र यसलाई कारण बताउँछ कि भीड र हूलको कारण त्यो कंकरी हान्न सक्दैन । त हामी त्यससित भन्छौं कि: अल्लाहले यस कार्यको समयलाई विस्तृत पारिदिएको छ यसर्थ मान्छे रात्रीमा पनि कंकरी हानोस् ।

केही मानिसहरू यो भन्छन् कि: महिला साक्षत परदा हो, यसर्थ कंकरी हान्दा मानिसहरूबीच जानु उचित छैन ।

त हामी भन्छौं कि: महिला सक्षात परदा (गुप्त राख्ने कुरा) होइन, बरु परदा गर्ने मात्र ती अंग नै हुन् जसलाई अपरिचित मानिसहरू समक्ष खुल्ला राख्नु जायज छैन, तर महिलाको व्यक्तित्व परदा होइन, र यदि हामी यस कुरालाई मान्दछौं भने महिलाको घरबाट बाहिर निस्कनु जायज हुँदैन । तर यो कुरो कुरआन र सुन्नत विरुद्ध छ, र त्यस सहमति विरुद्ध पनि जसमा मुसलमानहरू एकमत छन् । हो यो कुरो छ कि महिला कम्जोर र कोमल हुन्छे र

पुरुषहरूको अभीष्ट र चाहना पनि, र महिला उपद्रवको केन्द्र पनि हो, यसर्थ यदि महिला यस्ता खालका कुराहरूको अनुभवबाट भयभीत होस् त कंकरी हान्ने कार्यलाई रात्रीसम्मको लागि स्थगित गरिदेओस्, र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो परिवारका कम्जोर मानिसहरूलाई जसरी सौदह बिन्ते जमआ रजिअल्लाहो अन्हा... आदिलाई यो अनुमति प्रदान गरेका थिएनन् कि उनीहरू आफ्नो कंकरीलाई आफै नमारिकन् अरुलाई वकील बनाउन् जबकि यस्तो गर्नुको आवश्यकता पनि थियो, त यदि यस्तो गर्नु जायज हुन्थ्यो भने उनीलाई यसको अनुमति प्रदान गरिहाल्थे, तर उहाँ सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई यो अनुमति प्रदान गरेका थिए कि मुज्दलिफाबाट रात्रीको अन्तिम भागमा मिनातिर प्रस्थान गरुन्, र मानिसहरूको भीड आउनुभन्दा अघि नै कंकरी हानिहालुन्। त यो कुरो यस कुरामा ठूलो प्रमाण हो कि महिला महिला हुने कारण कसैलाई आफ्नो कंकरी हान्नुको वकील बनाउन सक्दैन।

हो यदि कुरो यस्तो होस् कि मानिस आफ्नो कंकरी हान्नुबाट असमर्थ छ त्यो आफै कंकरी हान्न सक्दैन नत दिनमा नत रात्रीमा, त यस्तो अवस्थामा त्यो कंकरी हान्नुको लागि वकील बनाउन सक्छ, किनकि त्यो स्वयम् कंकरी हान्नुबाट असमर्थ छ । र सहाबाहरूको बारेमा वर्णित छ कि उनीहरू बच्चाहरूको तर्फबाट कंकरी हान्थे, किनकि बच्चाहरू कंकरी हान्नुबाट असमर्थ हुन्थे, र यदि यो हदीस नभएको भए कि सहाबाहरू बच्चाहरूको कंकरी हान्थे, त हामी भन्ने थियों कि जुन व्यक्ति कंकरी हान्नुबाट असमर्थ होस् त्यसबाट कंकरी हान्नु स्थगित भइहाल्छ, र त्यो याता त्यसको सट्टामा फिदिया दिन्छ वा फिदिया पनि दिदैन । र यो यस कारण किनकि जुन वाजिब गर्ने मान्छेमा सामर्थ्य नहोस् त्यो वाजिब त्यसबाट क्षमय छ अर्थात स्थगित भइहाल्छ, यसर्थ जुन मान्छे उभेर नमाज पढन सक्दैन त्यसलाई हामी यो भन्दैनौं कि कुनै यस्तो मान्छेलाई आफ्नो वकील बनाइदेऊ जुन तिम्रो तर्फबाट उभेर नमाज पढोस् । त कुरोको सार यो कि बिना कुनै कारण जबकि मान्छे कंकरी हान्न

सक्दछ तै पनि कंकरी हान्नुको लागि कसैलाई वकील बनाउनु ठूलो गल्ती हो, र पूजा गर्नुमा सुस्ती गर्नु हो, र अनिवार्य कार्य नगरेर त्यसको अवहेलना गर्नु हो ।

र कंकरी हान्ने समयको गल्तीहरूमध्ये यो पनि हो कि: केही मानिसहरू यस भ्रममा हुन्छन् कि मुज्दलिफा बाहेकबाट टिपिएका कंकरीहरूद्वारा कंकरी हान्नु पर्याप्त छैन, यहाँसम्म कि केही मानिसहरू जब मुज्दलिफाबाट कंकरी ल्याउँछन् अनि केही कंकरीहरू हराइहाल्छन् त उनी आफ्नो अर्को साथीसित भन्छन्: मलाई कंकरी उधार दिइहाल्नुस् ।

त यो गल्तीको साथै अनभिज्ञता पनि हो, र यस विषयमा हामीले पहिला पनि वर्णन गरिसकेका छौं कि कंकरी जताबाट पनि लिएमा त्यसबाट कंकरी हान्नु जायज छ । र यदि हामी यो भनौं कि कोही मान्छे जमरातमा कंकरी हान्नुको लागि उभेको छ र त्यसको हातबाट केही कंकरी खस्यो त त्यसको लागि यो कुरो जायज छ कि त्यो आफ्नो पाइलाको वरिपरि खसेको कंकरी उठाइहालोस् चाहे त्यो

त्यसैबाट खसेको कंकरी होस् वा कसै अरुबाट खसेको होस्, र यस्तो गर्नुमा कुनै आपत्ति छैन, अनि त्यसलाई उठाएर त्यसैबाट कंकरी हानोस् यद्यपि त्यो कंकरी हौज निकट किन नरहेको होस्, किनकि यस कुराको कुनै प्रमाण छैन कि जुन कंकरीबाट कसैले जमरहलाई हानिसकेको छ त्यसबाट पुनः कंकरी हान्नु जायज छैन । र यो सम्भावना पनि छ कि जुन कंकरी त्यसले उठाएको छ त्यसबाट नहानिएको होस्, र यो पनि हुन सक्छ कि यता उभेको समय कसैबाट त्यो कंकरी खसेको होस् ।

र कुरोको सार यो कि जुन कंकरी तपाईले त्यहाँबाट उठाएका छौ त्यसबारे तिमीलाई यो विश्वास छैन कि त्यसबाट कंकरी हानिएको छ, र यदि हामी यो भनौं कि यदि हामी यो मानिहालौं कि तिमीलाई पूर्णतया यो विश्वास छ कि त्यसबाट हानिएको छ अनि त्यो हौजबाट ढल्केर बाहिर आएको छ, तै पनि यस कुरामा कुनै ठोस् प्रमाण छैन कि जस कंकरीद्वारा एक पटक मारिएको छ त्यसबाट पुनः हान्न सकिन्न ।

र कंकरी हान्दाको गल्तीमध्ये यो पनि हो कि: केही मानिसहरू ग्याह्रौं र बाह्रौं दिन कंकरी उल्टो हान्दछन्, अर्थात पहिला ठूलो जमरहलाई अनि बीचको जमरहलाई अनि सानो जमरहलाई कंकरी हान्दछन् । त यस्तो गर्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति विरुद्ध कुरो हो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यसलाई क्रमबद्ध तरिकाले गरेका छन्, अर्थात पहिला सानो जमरहलाई अनि बीचको जमरहलाई अनि ठूलो जमरहलाई कंकरी हानेका छन्, र भनेका छन्:

"خذوا عني مناسككم" () أخرجه البيهقي في (( السنن الكبرى)) (125/5) وأخرجه أحمد في (0 مسند الشاميين)(54/02) لفظ: (( لتأخذوا عني مناسكك)) وأخرجه مسلم، كتاب الحج، باب استحباب رمي جمرة العقبة يوم النحر راكباً، رقم (1297) بلفظ: (( لتأخذوا مناسككم)) فإني لا أدري لعلي لا أحج بعد حجتي هذه))

अर्थ : तिमीहरू हज्जका कार्यहरू मसित सिकिहाल । (बैहकीले यसलाई सुननुल् कुब्रामा वर्णन गरेका छन् (५/१२५) । र अहमदले मुसनदुश्शामिईनमा वर्णन गरेका छन् (२/५४), र उनले वर्णन गरेको शब्द हो: लेतअ्खुजु अन्नि मनासेकका । र मुस्लिमले किताबुल् हज्जमा वर्णन गर्नु भएको छ, बाबु इस्तेहबाबे रमिये जमरतिल् अकबा यौमन्नहरे राकिबन्, हदीस नं. १२९७, यी शब्दका साथ: लेतअ्खुजु मनासेककुम फइन्नी लाअदरी लअल्ली ला अहुज्जु बअ्दा हज्जती हाजेही)

यसर्थ मान्छेलाई चाहियो कि पहिला सानोलाई अनि बीचको जमरहलाई अनि ठूलो जमरहलाई कंकरी हानोस् ।

यसर्थ यदि मान्छेले उल्टो अर्थात विपरीत दिशाबाट कंकरी हान्न आरम्भ गरेको छ अर्थात पहिला ठूलो जमरहलाई कंकरी हानेको छ भने हामी त्यससित भन्छौं कि: पुन: गएर बीचको जमरह र ठूलो जमरहलाई कंकरी हान । र यो यस कारण किनकि त्यसले क्रमबद्धताको विषयमा बीचको जमरह र ठूलो जमरहलाई कंकरी हान्दा उल्टफेर गरेको छ,

यसर्थ तिनी दुवैलाई पुनः कंकरी हान्नु पर्छ । र यदि त्यसले पहिला सानो जमरहलाई कंकरी हानेको छ अनि ठूलो जमरहलाई अनि बीचको जमरहलाई कंकरी हानेको छ त हामी भन्छौं कि गएर ठूलो जमरहलाई मात्र कंकरी हान, किनकि त्यसैलाई मात्र त्यसको स्थानबाट उल्टफेर गरेर कंकरी हानेको छ । यसर्थ गएर त्यसलाई पुनः कंकरी हान । र यो यस्तो अवस्थामा गरिन्छ जब यस्तो गर्नु सम्भव होस् अर्थात जब मान्छे तश्रीकका दिनहरूमा नै होस्, र यस्तो गर्नु त्यसको लागि सरल होस्, तर यदि तश्रीकका दिनहरू वा हज्जका दिनहरू समाप्त भइसकेका छन् त त्यसमाथि केही गर्नु छैन, किनकि त्यसले क्रमिक कंकरी हान्ने कुरामा गल्ती गरेको छ, र क्रमबद्धता अनभिज्ञताको कारण स्थगित भइहाल्छ अर्थात क्षमय छ, किनकि मूल कुरो कंकरी हान्नु हो जुन त्यसले गरेको छ तर क्रमबद्धताले गरेको छैन र यस्तो अनभिज्ञताले गरेको छ र अनभिज्ञताले क्रमबद्धतामा उल्टफेर गर्नुले कुनै फर्क पर्दैन । तर यदि त्यसलाई पूर्ति गर्ने समय छ भने त्यसलाई पुनः पूर्ण गरिन्छ नत्र त्यो क्षमय छ ।

र तश्रीकका दिनहरूमा कंकरी हान्दा गरिने गल्तीहरूमध्ये यो पनि हो कि: केही मानिसहरू जवालभन्दा (सूर्य ढल्किनुभन्दा) पहिला नै कंकरी हानिहाल्दछन्, र यो ठूलो गल्ती हो, किनकि सूर्य ढल्किनुभन्दा अघि कंकरी हान्नुको अर्थ हो त्यसको समय हुनुभन्दा अघि नै कंकरी हान्नु, र यस्तो गर्नु सही छैन, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले भनेका छन्:

" من عمل عملاً ليس عليه أمرنا فهو رد"

أخرجه مسلم ، كتاب الأقضية ، باب نقض الأحكام الباطلة ورد محدثات الأمور، رقم (1718).

अर्थ : जसले कुनै यस्तो कार्य गऱ्यो जसलाई गर्ने हाम्रो आदेश छैन भने त्यो कार्य अस्वीकृत छ। (मुस्लिम, किताबुल् अक्जियह, बाबु नकजिल् अहकामिल् बातिलह वरद्दु मुहदसातिल् उमूर, हदीस नं. १७१८)

र यो कुरो पनि प्रमाणित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले सूर्य ढल्के पश्चात नै कंकरी हानेका छन्, अर्थात सूर्य ढल्के पश्चात र जुहर नमाजभन्दा अघि ।

त यो यस कुरामा प्रमाणीकरण गर्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम सूर्य ढल्किनुको प्रतिक्षामा हुन्थे, र सूर्य ढल्किने बित्तिकै जुहर नमाज नपढिकन् कंकरी हान्थे, जस्तोकि अब्दुल्लाह बिन उमरको भनाई छ कि: हामी प्रतिक्षामा हुन्थे अनि जब सूर्य ढल्कन्थ्यो त कंकरी मारिहाल्थें । र यस कारण पनि कि यदि सूर्य ढल्किनुभन्दा अघि नै कंकरी हान्नु जायज हुन्थ्यो भने रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसलाई नै गर्थे किनकि यो उहाँ सल्लल्लाहो अलैहे वसल्लमका अनुयायीहरूको लागि अति सरलताको कुरो हो, र अल्लाह त भक्तहरूको लागि सरल कुरो वैधानिक गरिदिन्छ, यसर्थ यदि सूर्य ढल्किनुभन्दा अघि कंकरी हान्नु जायज हुन्थ्यो भने अल्लाह यसलाई वैधानिक गरिदिन्थ्यो, किनकि अल्लाहको फर्मान छः

﴿ يُرِيدُ ٱللَّهُ بِكُمُ ٱلْيُسْرَ وَلَا يُرِيدُ بِكُمُ ٱلْعُسْرَ ﴾

البقرة: ١٨٥

अर्थ : अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता चाहदैन ।(सूरतुल् बकर: १८५)

त जब सूर्य ढल्किनुभन्दा अघि कंकरी हान्नुलाई वैधानिक गरिएन त यसको अर्थ यो भयो कि: कंकरी हान्नुको समय सूर्य ढल्किनुभन्दा पहिला होइन । र यस विषयमा ग्याह्रौं र बाह्रौं र तेह्रौं दिनको कंकरी हान्नुमा कुनै फर्क छैन अर्थात समस्तको हुकुम एकनास छ, र यी तीनवटै दिनहरूमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले सूर्य ढल्के पश्चात नै कंकरी हानेका छन् ।

यसर्थ आफ्नो धर्मको मामिलामा सुस्ती गर्ने आस्थावान सावधान भइहालोस् र आफ्नो प्रतिपालक अल्लाहसित डर मानोस्, किनकि जुन व्यक्ति पनि आफ्नो प्रतपालकसित डराउँछ त्यसको लागि त्यसको प्रतिपालक समस्त कार्यलाई सरल बनाइदिन्छ । र अल्लाहको फर्मान छ:

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِن تَتَّقُواْ ٱللَّهَ يَجۡعَل لَّكُمۡ فُرۡقَانًا وَيُكَفِّرۡ عَنكُمۡ سَيِّـَٔاتِكُمۡ وَيَغۡفِرۡ لَكُمۡۗ وَٱللَّهُ ذُو ٱلۡفَضۡلِ ٱلۡعَظِيمِ ٢٩ ﴾ الأنفال: ٢٩

अर्थ : हे ईमानवालाहरू ! यदि तिमी अल्लाहसित डर मान्ने गर्छौ भने उसले तिमीलाई एउटा निर्णायक कुरा प्रदान गर्नेछ । र तिम्रा गुनाहहरूलाई समाप्त गर्नेछ र तिमीलाई क्षमा गर्नेछ । र अल्लाह बडो अनुग्रहवाला छ । (सूरतुल् अन्फाल २९)

यसर्थ मान्छेलाई चाहियो कि कंकरी त्यसको निर्धारित समयमा हानोस्, यसर्थ ग्याह्रौं दिनको कंकरी ग्याह्रौं दिन हानोस् र बाह्रौं दिनको कंकरी बाह्रौं दिन हानोस् र तेह्रौं दिनको कंकरी तेह्रौं दिन हानोस् । र ईदको दिन मात्र ठूलो जमरहलाई कंकरी हानोस्, र यी हान्ने क्रमलाई अर्को दिनको लागि स्थगित नगरोस् यद्यपि यस्तो गर्नुको केही विद्हरूले अनुमति प्रदान गरेका छन्, तर जाहेरी सुन्नतबाट बिना कुनै कारण यस्तो गर्नुबाट मनाही गरिएको छ ।

# कंकरी हान्दा गरिने त्रुटिहरू (समाप्ति)

प्रश्नः (३०६) आदरणीय शैख ज्यू, हामीले कंकरी हान्दा वा कंकरी हान्ने समय गरिने गल्तीहरूको बारेमा प्रश्न गरें त तपाईले वर्णन गर्नु भयो कि त्यसमध्ये हो: यो धारणा राख्नु कि कंकरी अनिवार्य रूपले मुज्दलिफाबाट हुनु आवश्यक छ, र यस्तै कंकरीलाई पखाल्ने कुरालाई पनि वर्णन गर्नु भयो, र यो पनि वर्णन गर्नु भयो कि यो धारणा राख्नु कि जमरह शैतान हो, र यस्तै ठूलो ढुँगाले जमरहलाई हान्नु, र जुत्ता चप्पलले हान्नु ..., र यो पनि वर्णन गर्नु भयो कि कंकरी हौजमा खस्ने कुरालाई महत्व नदिनु र यो आस्था राख्नु कि पिल्लरलाई कंकरी लाग्नु आवश्यक छ, र यस्तै वकील बनाउने कुरामा सुस्ती कोताही गर्नु आफूमा त्यसको क्षमता भएकोमा पनि, र यो पनि वर्णन गर्नु भयो कि ती त्रुटिहरूमध्ये यो पनि हो कि मान्छे क्रमिक कंकरी नमारिकन् उल्टो दिशाले मारोस्, वा सूर्य ढल्किनुभन्दा अघि नै कंकरी हानोस् । त के यी त्रुटिहरू बाहेक जसलाई तपाईले वर्णन गर्नु भयो अरु त्रुटिहरू छन् जसलाई कंकरी हान्दा गरिन्छ ?

उत्तरः हो, हामीले वर्णन गरेको गल्तीहरू बाहेक केही अरु गल्तीहरू छन् जसलाई केही हाजीहरू कंकरी हान्दा गर्छन् । तर पहिला त्यस कुराको स्पष्टीकरण गरिदिऔं जसलाई अघि वर्णन गरिएको छ र त्यो हो तपाईको यो कथन कि त्रुटिहरूमध्ये यो पनि हो कि मान्छे कंकरी हान्दा त्यो कंकरी हौजमा खस्यो कि खसेन यसको स्पष्टीकरण नगर्नु र त्यसलाई नपत्तयाउनु पनि हो, त यसको अर्थ यो हो कि केही मानिसहरू ठूलो जमरहलाई पर्खालको पछाडिबाट कंकरी हान्दछन् त कंकरी हौजमा खस्दैन किनकि उनी र हौजबीच पर्खाल आवरण भइहाल्छ । तर यो बुझिहाल्नुस् कि कंकरी हौजमा खस्यो कि खसेना यसको अनुसन्धान गर्नु कंकरी हान्नुको शर्तमध्येको होइन, किनकि यो नै पर्याप्त छ कि मान्छेलाई यो गुमान भइहालोस् कि त्यसले हानेको कंकरी हौजमा खस्यो । यसर्थ यदि कुनै मान्छेले सही ठाउँबाट कंकरी हान्यो र त्यसलाई यो अनुमान भयो कि कंकरी हौजमा खस्यो त यो पर्याप्त छ किनकि यस्तो अवस्थामा यकिन असम्भव कुरो हो, त जब पूर्ण यकिन हुने सम्भावना छैन त अधिक

सम्भावनामा नै कार्य गरिन्छ। जसरी कि जब मान्छे नमाजमा कुनै कुराबारे शंकामा परोस् त विधानले अधिक गुमानको आधारमा कार्यरत हुने आदेश गरेको छ जसरी कि कसैलाई यो सन्देह भइहालोस् कि त्यसले कति रक्अत पढेको छ तीन वा चार रक्अत, त यस्तो अवस्थाको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छः

"ليتحر الصواب ، ثم ليتم عليه" ( أخرجه البخاري، كتاب الصلاة، باب التوجه نحو ذلك القبلة حيث كان، رقم (401)، ومسلم، كتاب المساجد ومواضع الصلاة، باب السهو في الصلاة والسجود له، رقم (572)

अर्थ : जुन कुरामाथि त्यसको अधिक गुमान होस् त्यसैलाई आधार मानेर नमाजलाई पूर्ण गरोस्। ( बुखारी, किताबुस्सलात, बाबुत्तवज्जुहे नहव जालिकल् किब्लता हैसु काना, हदीस नं. ४०१। र मुस्लिम, किताबुल् मसाजिद वमवाजिउसलात, बाबुस्सहवे फिस्सलाति वस्सुजूदु लहू, हदीस नं. ५७२)

त यसबाट यो प्रमाणित हुन्छ कि अधिक सम्भावना भएको कुरा पूजामा पर्याप्त छ र यो अल्लाहका भक्तहरूमाथि सरलता सुगमताको रूपमा उपहार हो, किनकि कतिपय अवस्थामा पूर्ण यकिन असम्भव हुन्छ ।

र अब हामी ती त्रुटिहरूलाई पूर्ण गर्नुतर्फ लाग्दछौं जुन मलाई कंकरी हान्ने विषयमा अहिले याद छ:

त ती त्रुटिहरूमध्ये यो पनि हो कि: केही मानिसहरू सुन्नतमा वर्णित संख्याभन्दा कम कंकरी हान्दछन् अर्थात तीन चार वा पाँच कंकरी मात्रै हान्दछन्, त यो सुन्नत विरुद्ध कार्य हो, बरु मान्छेमाथि अनिवार्य यो छ कि त्यो सात कंकरी हानोस्, जसरी कि नबी सल्लल्लाहो अलैहे वसल्लमले सात कंकरी हानेका छन् बिना कुनै कमी । तर केही विद्हरूले एक दुई कंकरी कम भएमा यसको अनुमति प्रदान गरेका छन्, किनकि यस्तो कार्य केही सहाबीहरूबाट भएको छ । यसर्थ यदि कुनै मान्छे हामी समक्ष आएर भन्छ: त्यसले बिर्सेर वा अनभिज्ञताले गर्दा मात्र ६ कंकरी हानेको छ, त यस्तो अवस्थामा हामी त्यसलाई असमर्थ ठानेर भन्छौं: तिमीलाई कुनै दोष लाग्दैन

किनकि यस्तो केही सहाबीहरूले गरेका छन् । तर वास्तवमा सात कंकरी हान्नु नै वैधानिक छ जसरी कि रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा यो कुरो प्रमाणित छ ।

र कंकरी हान्दा हाजीहरू जुन गल्ती गर्छन् तीमध्ये यो पनि हो किः र यो अति सरल कुरो हो, र त्यो यो हो कि केही हाजीहरू तश्रीकका दिनहरूमा पहिलो (सानो) जमरह र बीचको जमरहलाई कंकरी हाने पश्चात दुआको लागि रुक्‌दैनन्, जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट यो कुरो प्रमाणित छ कि जब उहाँ सल्लल्लाहो अलैहे वसल्लम सानो जमरहलाई कंकरी हानेर सम्पन्न गर्थे त अलि अगाडि गएर किब्लातिर अनुहार गरेर दुवै हात उठाइकन् लामो समयसम्म दुआ गर्थे । र यस्तै जब बीचको जमरहलाई कंकरी हान्थे तब पनि दुआ गर्थे । र जब ठूलो जमरहलाई कंकरी हान्थे त दुआको लागि उभ्दैनथे बरु त्यहाँबाट फर्किहाल्थे । यसर्थ हाजीलाई पनि उचित यो नै छ कि त्यसबाट पनि यो सुन्नत नछुटोस् बरु त्यो पनि लामो समयसम्म दुआ गरोस् यदि यस्तो गर्नुको सम्भावना छ, नत्र

जति समयसम्म दुआ गर्ने अवसर मिलोस् त्यति दुआ अवश्य गरोस्, र यो कार्य सानो जमरह र बीचको जमरहलाई कंकरी हाने पश्चात मात्र गरोस् ।

त यसबाट हामीलाई यो ज्ञान भयो कि हज्जमा विशेष रूपले ६ ठाउँमा दुआ गरिन्छः सफा र मरवा पर्वतमाथि, र यो सईगर्दा गरिन्छ । र अरफातको चौरमा । र मुज्दलिफामा । र पहिलो (सानो) जमरहलाई कंकरी हाने पश्चात । र बीचको जमरहलाई कंकरी हाने पश्चात ।

त यी ६ स्थानहरू हुन् जहाँ दुआ गरिन्छ, र त्यहाँ दुआ गर्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छ ।

र कंकरी हान्दा गरिने गल्तीहरूमध्ये यो पनि हो किः जसरी कि मसित केही सत्यनिष्ठ मानिसहरूले वर्णन गरेका छन् कि केही मानिसहरू वैधानिक संख्याभन्दा अधिक कंकरी हान्दछन्, याता सातभन्दा अधिक कंकरी हान्दछन्, वा दिनमा एक पटकभन्दा अधिक चोटि कंकरी हान्दछन् अर्थात दुई वा तीन चोटि

कंकरी हान्दछन्, र केही त हज्जका दिनहरू बाहेक अन्य दिनहरूमा पनि कंकरी हान्दछन् । त यी समस्त कार्यहरू अनभिज्ञता र गल्तीका कार्यहरूमध्येका हुन् । यसर्थ मान्छेमाथि अनिवार्य यो छ कि त्यो त्यसै तरिकामा अल्लाहको पूजा अर्चना गरोस् जुन तरिका रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छ ताकि त्यो अल्लाहको प्रसन्नता र दया प्राप्त गर्न सकोस्, किनकि अल्लाहको फर्मान छः

﴿ قُلۡ إِن كُنتُمۡ تُحِبُّونَ ٱللَّهَ فَٱتَّبِعُونِي يُحۡبِبۡكُمُ ٱللَّهُ وَيَغۡفِرۡ لَكُمۡ ذُنُوبَكُمۡۚ وَٱللَّهُ غَفُورٞ رَّحِيمٞ ٣١ ﴾ آل عمران: ٣١

अर्थ : (हे पैगम्बर ! मानिसहरूसित) भनिदिनुस् कि यदि तिमी अल्लाहलाई प्रेम गर्दछौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीलाई प्रेम गर्नेछ र तिम्रा पापहरूलाई क्षमा गरिदिनेछ र अल्लाह अत्यन्त क्षमादान गर्ने दयालु छ । (सूरतु आले इम्रान ३१)

त यो थियो कंकरी हान्दा गरिने केही त्रुटिहरू जुन मलाई अहिले याद थियो ।

## तश्रीकका दिनहरूमा रात्री व्यतीत गर्नुमा गरिने त्रुटिहरू

प्रश्न: (३०७) आदरणीय शैख ज्यू, हामीले अरफा जानुभन्दा अघि मिनामा आठौं तारिखको दिन रात्री व्यतीत गर्नेबारे तपाईसित सोधिसकेंका छौं, र तपाईले त्यसदिन गरिने त्रुटिहरूको बारेमा हामीलाई बताउनु भयो, तर हामी यो चाहन्छौं कि तश्रीकका दिनहरूमा मिनामा रात्री व्यतीत गर्ने विषयमा केही हाजीहरूबाट जुन गल्ती हुन्छ त्यसको बारेमा पनि हामीलाई बताइदिएमा अति राम्रो हुने थियो ?

उत्तर: हो, तश्रीकका दिनहरूमा पनि केही हाजीहरू गल्ती गरिहाल्छन् तर म पहिला केही ती गल्तीहरूलाई वर्णन गर्न चाहन्छु जसलाई मैले पहिला वर्णन गरेको छैन र जुन गल्तीहरू मुज्दलिफासित सम्बन्धित छन्: र तीमध्ये यो गल्ती पनि हो कि: केही मानिसहरू मुज्दलिफाको रात्रीमा जागेर पूजा अर्चना र गाुणगान आदि गर्छन्, तर यो

सुन्नत विरुद्ध कार्य हो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले यस रात्री यसरी जागेर अल्लाहको पूजा अर्चना गरेका छैनन्, बरु सही मुस्लिममा छ हजरत जाबिर रजअिल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि: जब नबी सल्लल्लाहो अलैहे वसल्लमले इशाको नमाज पढेर सम्पन्न गर्नु भयो त फज्र उदय हुने समयसम्मको लागि विश्राम गर्ने उद्देश्यले लेटे, अनि फज्र उदय पश्चात उठेर फज्र नमाज पढे । त यस हदीसबाट यो प्रमाणित हुन्छ कि त्यस रात्री नत कुनै पूजा गर्नु छ नत कुरआनको पाठन नत अल्लाहको गुणगान वा महिमा गान ।

र मुज्दलिफामा गरिने गल्तीहरूमध्ये यो पनि हो मैले सुने अनुसार कि: केही मानिसहरू मुज्दलिफामा सूर्य उदय भए पश्चात पनि बाँकी रहन्छन् ताकि त्यतै चाश्तको नमाज पनि पढुन्, अनि त्यहाँबाट मिना आउँछन् । त यो ठूलो गल्ती हो, किनकि यसद्वारा रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धतिको विरोध गरिन्छ र बहुदेववादीहरूको पद्धतिसित सहमति गरिन्छ, किनकि मुज्दलिफामा जब सूर्य उदय हुने अघिको पहेलोपना जाहेर

भइहाल्थ्यो त नबी सल्लल्लाहो अलैहे वसल्लम त्यहाँबाट प्रस्थान गरिहाल्थे, र बहुदेववादीहरू सूर्य उदय हुनुको प्रतिक्षा गर्थे र भन्थे: सबीर पर्वत प्रकाशित भइहाल । अर्थात सूर्य निस्किहाल ताकि हामी यताबाट जाऔं ।

यसर्थ जुन व्यक्ति सूर्य उदयसम्म मुज्दलिफामा रहेर पूजा अर्चना गर्छ त्यो बहुदेववादीहरूको अनुरूपता अख्तियार गर्छ र रसूल सल्लल्लाहो अलैहे वसल्लमको सुन्नतको विरोध गर्छ जुन कि समस्त सन्देष्टाहरूका नायक हुन्, उहाँमाथि अल्लाहको अत्याधिक दया र प्रशान्ति अवतरित होस् ।

र रह्यो मिनामा गरिने त्रुटिहरूको कुरो, त तीमध्ये यो पनि हो कि: केही मानिसहरू ग्याह्रौं र बाह्रौं तारिखको रात्री मिनामा व्यतीत गर्दैनन् बरु उनी अकारण मिना बाहिर रात्री व्यतीत गर्छन्, र यस्तो यस कारण गर्छन् ताकि उनीहरू आराम र मस्ती... आदि गरुन् वा हवा पानी फेरुन् जस्तो कि उनीहरूको भनाई हुन्छ। त यस्तो गर्नु अनभिज्ञता र पथभ्रष्टता हो र रसूल सल्लल्लाहो अलैहे वसल्लमको सुन्नतको विरोध पनि । र जुन मान्छे

मस्ती र आराम गर्न चाहन्छन् ती हज्ज गर्न नआउन् किनकि तिनको शहर नगरमा बसिराख्नु यस्ता खालका कार्यहरूको लागि सर्वोत्तम हुन्छ यस्ता कष्टहरूलाई बिहोर्नुको तुलनामा ।

र मिनामा जुन कार्य गर्नुमा हाजीहरू कमिकोताही गर्छन् वा गल्ती गर्छन् तीमध्ये यो पनि हो कि: केही हाजीहरू यस कुरामा सुस्ती गर्छन् कि उनीहरूको डेरा र बासस्थान मिनामा छ कि छैन, अर्थात यस कुराको अनुसन्धान र पुष्टि गर्दैनन् कि उनीहरूको रात्री व्यतीत गर्ने स्थान मिनामा छ कि छैन । त तपाई यस्ता कतिपय मानिसहरूलाई हेर्नुहुन्छ कि उनीहरू मिनाको सीमासम्म आउँछन् अनि त्यहाँ भीड हेरेर मिना बाहिर गइहाल्छन् र भन्छन् कि मिनामा बस्ने ठाउँ छैन । तर त्यसमाथि अनिवार्य यो थियो कि मिनाका सीमाहरू निकट वा मिनाकोभित्री भागमा स्थान खोज्दथ्यो अनि कदाचित त्यसलाई रात्री व्यतीत गर्ने ठाउँ मिलिहाल्थ्यो, किनकि मिनामा रात्री व्यतीत गर्नु अनिवार्य छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"خذوا عني مناسككم" ) أخرجه البيهقي في (( السنن الكبرى)) (125/5) وأخرجه أحمد في (0 مسند الشاميين)(54/02) لفظ: (( لتأخذوا عني مناسكك)) وأخرجه مسلم، كتاب الحج، باب استحباب رمي جمرة العقبة يوم النحر راكباً، رقم (1297) بلفظ: (( لتأخذوا مناسككم)) فإني لا أدري لعلي لا أحج بعد حجتي هذه))

अर्थ : तमीहिरू हज्जका कार्यहरू मसित सिकिहाल । (बैहकीले यसलाई सुननुल् कुब्रामा वर्णन गरेका छन् (५/१२५) । र अहमदले मुसनदुश्शामिईनमा वर्णन गरेका छन् (२/५४), र उनले वर्णन गरेको शब्द हो: लेतअ्खुजु अन्नि मनासेकका । र मुस्लिमले किताबुल् हज्जमा वर्णन गर्नु भएको छ, बाबु इस्तेहबाबे रमिये जमरतिल् अकबा यौमन्नहरे राकिबन्, हदीस नं. १२९७, यी शब्दका साथ: लेतअ्खुजु मनासेककुम फइन्नी लाअदरी लअल्ली ला अहुज्जु बअ्दा हज्जती हाजेही)

र नबी सल्लल्लाहो अलैहे वसल्लमले स्वयम् मिनामा नै बास बस्नु भएको छ, र हजरत अब्बास बिन अब्दुल मुत्तलिबलाई अनुमति प्रदान गर्नु भएको छ कि उनी मिना बाहिर मक्कामा रात्री व्यतीत गरुन् ताकि हाजीहरूलाई पानी खुवाउन सकुन् ।

र यता गरिने त्रुटिहरूमध्ये यो पनि हो कि: केही मानिसहरू जब मिनामा ठाउँ पाउँदैनन् त मक्का अथवा अजिजिया (मक्काको एउटा टोलको नाम हो) मा गइहाल्छन्, र त्यतै रात्री व्यतीत गर्छन् । जबकि त्यसमाथि अनिवार्य यो थियो कि यदि त्यसले मिनामा ठाउँ पाएन भने हाजीको अन्तिम खीमा जता समाप्त हुन्छ त्यतै गएर बस्थ्यो ताकि सबै हाजीहरू एउटै ठाउँमा भइहालुन् र एकअर्काको स्थान मिलेको होस् । जसरी कि हामी भन्छौं जब मस्जिद नमाजीहरूबाट पूर्ण भइहालोस् र कुनै ठाउँ बाँकी नबचेको होस् त मान्छे मस्जिद बाहिर पंक्तिहरूसित मिलेर नमाज पढोस् ताकि पंक्तिहरू

बुखारी, किताबुल् हज्ज, बाबु सेकायतिल् हाज, हदीस नं. १६३४ । र मुस्लिम, किताबुल् हज्ज, बाबु वुजूबिल् मबीति बेमिना लयालिया अय्यामित्तश्रीक, हदीस नं. १३१५ ।

एकअर्कासित मिलेका होउन् यद्यपि त्यो मस्जिदबाट बाहिर किन नहोस् ।

र मिनामा बासगर्दा जुन गल्ती केही हाजीहरू गर्छन् तीमध्ये यो पनि हो, र यो अति सानो कुरो हो तै पनि यसबाट सचेत रहनु आवश्यक छ, र त्यो यो हो कि: केही हाजीहरू रात्री त मिनामा नै व्यतीत गर्छन् तर दिनको समय मक्कामा गएर आराम गर्छन् र एयर कण्डीशन आदिद्वारा लाभान्वित हुछन्, त यस्तो गर्नु यद्यपि जायज छ, किनकि विद्हरूको भनाई छ कि मिनामा रात्री व्यतीत गर्नु मात्र अनिवार्य छ । तै पनि यस्तो गर्नु सुन्नत विरुद्ध छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लम तश्रीकका दिनहरूमा पनि रात्री झैं मिनामा नै रहन्थे ।

हो यदि कुनै मान्छेलाई मक्का जानुको आवश्यकता होस् जसरी त्यो विरामी होस् वा विरामी मान्छेको साथमा होस्, त यस्तो मान्छेले मिना बाहिर जानुमा कुनै आपत्ति छैन, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले ऊँटलाई चराउनेहरूलाई यो अनुमति प्रदान गरेका थिए कि उनीहरू मिना बाहिर रात्री

व्यतीत गरुन् र दिनको समय आफ्नो ऊँटको साथमा रहुन् ।[□]

त यो थियो मिनामा बास गर्ने समय गरिने केही त्रुटिहरूको वर्णन जुन मलाई अहिले याद थियो ।

## बलिको जनावर (हद्य) को बारेमा गरिने त्रुटिहरू

प्रश्नः (३०८) आदरणीय शैख ज्यू, हामीले हज्जका कार्यहरूमा र मशाइरमा हाजीहरूले गर्ने गल्तीहरूबारे कुरा गऱ्यौं त अब बाँकी यो छ कि हामी यो पनि जानौं कि के हाजीहरू बलिको जनावरको बारेमा पनि कुनै गल्ती त गर्दैनन् ?

उत्तरः हो, बलिको जनावर (हद्य) को बारेमा पनि केही हाजीहरू गल्ती गर्छन् । र ती गल्तीहरूमध्ये यो पनि हो किः केही हाजीहरू यस्तो जनावर बलि

□ अबू दाऊद किताबुल् मनासिक, बाबु फि रमिइल् जेमार, हदीस नं. १९७५ । र तिर्मिजी, किताबुल् हज्ज, बाबु मा जाअ् फिर्रुख्सति लिर्रुआइ अँयरमु यौमन् वयदऊ यौमन्, हदीस नं. ९५५ । र नेसाई, किताबुल् हज्ज, बाबु फि रमिइर्रुआत, हदीस नं. ३०६८, ३०६९ । र इब्ने माजा किताबुल् मनासिक, बाबु ताखीरे रमिइल् जेमार लेउज्र, हदीस नं. ३०३७। र तिर्मिजीले यस हदीसलाई विश्वासनीय र सही भनेका छन् ।

गर्छन् जुन बलिको लागि पर्याप्त र उपयुक्त हुँदैन जसरी यति सानो उमेरको जनावर बलि गर्नु जुन वैधानिक तौरले बलिको लागि पर्याप्त हुँदैन, किनकि त्यो विधानले तोकेको उमेरभन्दा कम उमेरको छ। र वैधानिक उमेर हो: ऊँट पाँच वर्षको होस्। र गाई कम्तिमा दुई वर्षको होस्। र बाखा कम्तिमा एक वर्षको होस्। र भेडा कम्तिमा ६ महिनाको होस्। जस्तो कि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"لا تذبحوا إلا مسنة، إلا أن يعسر عليكم فتذبحوا جذعة من الضأن" أخرجه مسلم، كتاب الأضاحي، باب سن الأضحية، رقم (1963)

अर्थ : एक सालभन्दा कम उमेरको जनावर बलि नगर्नु, यस्तो अवस्था बाहेक कि तिमीलाई त्यस्तो जनावर नमिलोस् (तिम्रो लागि कुरो संकुचित भइहालोस्) त ६ महिनाको भेडा बलि गरेमा पुग्छ। (मुस्लिम, किताबुल् अजाही, बाबु सुननिल् उजहिया, हदीस नं. १९६३)

तर आश्चर्य यस कुरामा छ कि जुन मानिसहरू कम उमेरको जनावर बलि गर्छन् तिनीहरू यस श्लोकलाई प्रमाणमा पेश गर्छन्:

﴿ فَمَن تَمَتَّعَ بِٱلۡعُمۡرَةِ إِلَى ٱلۡحَجِّ فَمَا ٱسۡتَيۡسَرَ مِنَ ٱلۡهَدۡيِۚ ﴾
البقرة: ١٩٦

अर्थ : फेरि तिमीहरूमध्ये जसले उमराको बेलादेखि हजसम्म लाभान्वित हुन चाहन्छ उसमा क्षमता छ भने कुर्बानी गरोस्। (सूरतुल् बकर: १९६)

अर्थात जुन जनावर पनि मिलोस् पर्याप्त हुन्छ। त हामी उनीहरूसित भन्छौं कि अल्लाहको यस कथनमा “अल” को अर्थ हो जनावरको परिपूर्णता। त यस श्लोकको अर्थ हुन्छ: त्यो जनावर वैधानिक तौरले बलिको लागि पर्याप्त होस्, अर्थात तोकिएको उमेरसम्म पुगेको होस्, र ती समस्त ऐबबाट मुक्त होस् जसको हुनाले जनावरको बलि मान्य हुँदैन। त यस श्लोकबाट यो निष्कर्ष पनि निस्कन्छ कि यदि त्यस्तो जनावर मिलिरिहेको छैन भने त्यसको मूल्य

आँकलन गरि दान गर, र यसै कारण अल्लाहले यस पश्चात यो भनेको छः

﴿ فَمَن تَمَتَّعَ بِٱلۡعُمۡرَةِ إِلَى ٱلۡحَجِّ فَمَا ٱسۡتَيۡسَرَ مِنَ ٱلۡهَدۡيِۚ فَمَن لَّمۡ يَجِدۡ

فَصِيَامُ ثَلَٰثَةِ أَيَّامٖ فِي ٱلۡحَجِّ وَسَبۡعَةٍ إِذَا رَجَعۡتُمۡۗ ﴾ البقرة: ١٩٦

अर्थ : फेरि तिमीहरूमध्ये जसले उमराको बेलादेखि हजसम्म लाभान्वित हुन चाहन्छ उसमा क्षमता छ भने कुर्बानी गरोस् र जसलाई कुर्बानी गर्ने क्षमता छैन उसले तीन दिनको उपवास हजका दिनहरूमा पूरा गरोस् र सात दिनको रोजा आफ्नो घर फर्केपछि । (सूरतुल् बकरः १९६)

यसर्थ तपाई यस्तो मूर्ख मान्छेलाई हेर्नुहुन्छ कि त्यो उमेर नपुगेको जनावरलाई बलि गर्छ र भन्छः यो नै मलाई पर्याप्त छ, अनि याता त्यसको मासुलाई फालिदिन्छ वा केही खान्छ वा दान गरिदिन्छ । तर यस्तो गर्नु पर्याप्त छैन र त्यसको बलि सही र मान्य हुँदैन त्यस हदीसको प्रकाशमा जसलाई उपरोक्तमा हामीले वर्णन गर्यौं ।

र बलिको जनावरको बारेमा केही हाजीहरू जुन गल्ती गर्छन् तीमध्ये यो पनि हो किः हाजी यस्तो जनावरको बलि गर्छ जुन यस्तो ऐबदार हुन्छ जसको बलि जायज हुँदैन जुन ऐबहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले तब वर्णन गर्नु भएको थियो जब उहाँसित कुर्बानीको जनावरको बारेमा प्रश्न गरिएको थियो अनि कुर्बानीको जनावरको सन्दर्भमा उहाँले यो वर्णन गर्नु भएको थियो कि त्यो कुन कुन ऐबबाट मुक्त होस् । र उहाँले चार ऐब वर्णन गर्नु भएको थियो आफ्नो औंलाहरूले संकेत गर्दै र भन्नु भएको थियोः

"العوراء البين عورها، والمريضة البين مرضها، والعرجاء البين ظلعها، والهزيلة - أو العجفاء- التي لا تُنقي" ( أخرجه أبو داود، كتاب الضحايا، باب ما يكره من الضحايا، رقم (02802)، والترمذي، كتاب الأضاحي، باب ما لا يجوز من الأضاحي، رقم (1497)، وابن

ماجه، كتاب الأضاحي، باب ما يكره أن يضحي به، رقم (3144)، وقال الترمذي: حسن صحيح.

अर्थ : यस्तो काना जसको कानापन जाहेर होस्, र यस्तो रोगी जसको रोग स्पष्ट होस्, र यस्तो बाँगो (लँगडो) जसको बाँगोपना जाहेर होस्, र यस्तो कम्जोर जसमा कुनै स्वाद नहोस् । (अबू दाऊद, किताबुज्जहाया, बाबु मा युक्रहु मिनज्जहाया, हदीस नं. २८०२ । र तिर्मिजी, किताबुल् अजाही, बाबु माला यजूजु मिनल् अजाही, हदीस नं. १४९७ । र इब्ने माजा, किताबुल् अजाही, बाबु मा युकरहु अँयुजह्हा बिही, हदीस नं. ३१४४ । र तिर्मिजीले भन्नु भएको छ कि: यो हदीस सही र विश्वासनीय छ ।)

त यी चारवटा ऐब बलिलाई पर्याप्त हुनुमा बाधित हुन्छन्, यसर्थ जुन जनावरमा यस्ता खालका ऐबहरू हुन्छन् त नत त्यसको कुर्बानी हुन्छ नत हज्जको बलि, नत अनिवार्य भएको दममा नै पर्याप्त हुन्छ ।

र बलिको जनावरको विषयमा हाजीहरू जुन गल्ती गर्छन् तीमध्ये यो पनि हो कि: केही मानिसहरू बलि गरेर त्यसको मासुलाई फालिदिन्छन्, त उनीहरू त्यो गर्दैनन् जुन अल्लाहले तिनीहरूमाथि अनिवार्य गरेको छ । अल्लाहको फर्मान छ:

﴿ فَكُلُوا۟ مِنْهَا وَأَطْعِمُوا۟ ٱلْبَآئِسَ ٱلْفَقِيرَ ﴿٢٨﴾ ﴾ الحج: ٢٨

अर्थ : त्यसबाट स्वयम् पनि खाऊ र गरीब निमुखाहरूलाई पनि खुवाऊ । (सूरतुल् हज्ज २८)

यसर्थ अल्लाहको यो आदेश कि: “ र गरीब निमुखाहरूलाई पनि खुवाऊ” । त यस आदेशलाई कार्यान्वित गर्नु अनिवार्य छ, किनकि यो अरुको अधिकार हो । र अल्लाहको यो आदेश कि: “ त्यसबाट स्वयम् पनि खाऊ” । त यो अनिवार्य गर्नेहेतु आदेश होइन, किनकि मान्छे यदि चाहोस् त आफ्नो बलिबाट खाओस् र यदि चाहोस् त नखाओस् । र नबी सल्लल्लाहो अलैहे वसल्लम आफ्नो बलिको जनावरलाई मदिनाबाट मक्का

पठाउँथे, र त्यसबाट खाँदैनथे बरु त्यसलाई मक्कामा बलि गरिन्थ्यो र गरिबहरूमा वितरण गरिन्थ्यो र त्यसबाट उहाँ सल्लल्लाहो अलैहे वसल्लम एक टुक्रा पनि खाँदैनथे । तर अल्लाहको यो कथन कि: " र गरीब निमुखाहरूलाई पनि खुवाऊ" । त यो अरुको हक भयो त यसलाई त्यसका हकवालाहरूसम्म पुग्नु अनिवार्य भयो । तर केही मानिसहरू के गर्छन् कि बलिको जनावरलाई जब्ह गरेर त्यस्तै छाडिदिन्छन् । त यस्तो गर्नाले त्यो अल्लाहको आदेशको उल्लंघन गर्छ र यसको साथ साथै यो कुरो पनि छ कि जब्ह गरेर त्यस्तै फालिदिनु धनलाई नष्ट गर्नु हो, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले धनलाई नष्ट गर्नुबाट रोकेका छन् ।[1]

र माल नष्ट गर्नु मूर्खता हो, र यसै कारण अल्लाहले भनेको छ:

[1] बुखारी, किताबुल् एतसाम, बाबु मा युकरहु मिन् कसरतिस्सवाल, हदीस नं. ७२९२ । र मुस्लिम, किताबुल् अकजियह, बाबुन्नहिए अन कसरतिल् मसाइल मिन गैर हाजह, हदीस नं. ५९३ ।

﴿ وَلَا تُؤۡتُواْ ٱلسُّفَهَآءَ أَمۡوَٰلَكُمُ ٱلَّتِي جَعَلَ ٱللَّهُ لَكُمۡ قِيَٰمٗا ﴾

النساء: ٥

अर्थ : र बुद्धिहीनहरूलाई आफ्ना माल नदेऊ जुन माललाई अल्लाहले तिम्रो जीविकाको साधन बनाएको छ । (सूरतुन्निसा ५)

र यस गल्तीलाई ग्राह्य गर्ने मनसायले यो बहाना पेश गरिन्छ कि हामी यस्तो गरिब त्यहाँ पाउन्दैनौं जसलाई बलिको मासु देऔं, र बलिको जनावरलाई बलि गरे पश्चात त्यस्तो ठूलो भीडमा त्यसलाई बोकेर लैजानु असम्भव हुन्छ, यसर्थ हामी बलिलाई बलि गरेर त्यस्तै छाडेर हिँडिहाल्छौं । तर यो बहाना कदाचित वर्तमानकालभन्दा अघि अर्थात विगतमा वास्तवमा एउटा कारण हुन्सक्थ्यो, तर आजको यस युगमा यसको कुनै महत्व छैन, किनकि वर्तमान कालमा मक्काका बलिदान गर्ने ठाउँहरूलाई अधुनिककरण गरिएको छ, र त्यता कतिपय संगठनहरू र समीतिहरू प्रचलित गरिएका छन् जुन हाजीहरूको बलिको पैसा लिएर बलिको कार्ड दिन्छन्, अनि उनीहरू हाजीको तर्फबाट जनावरलाई

बलि गरेर त्यसका हकदारहरूसम्म पुऱ्याउँछन् (जसमध्ये सर्वप्रसिद्ध इस्लामिक डेवलपमेन्ट बैंक पनि हो)। त हाजीहरूलाई चाहियो कि यस्तासमीति र संगठनहरूसित मिलेर उनीहरूलाई बलिको पैसा दिएर बलिको कार्ड प्राप्त गरुन् र उनीलाई बलि गर्नु र त्यसको मासुलाई वितरण गर्नुको लागि आफ्नो वकील बनाइहालुन्।

र यसका गल्तीहरूमध्ये यो पनि हो किः केही हाजीहरू बलि गर्ने समयभन्दा अघि नै बलि गरिहाल्छन्। यसर्थ केही मानिसहरू ईदको दिनभ्नदा अघि नै बलि गरिहाल्छन्। र यस्तो गर्नुबारे यद्यपि केही विद्हरूको यो भनाई छ किः यदि मान्छे हज्जे किरान अथवा तमत्तुअ् गरिरहेको छ भने त्यसको बलि समयभन्दा पहिला पनि गर्न सक्छ। तर यो कथन अति कम्जोर छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो बलिको जनावरलाई ईदको दिनभन्दा अघि बलि गर्नु भएन, जबकि यस्तो गर्नुको आवश्यकता थियो, किन भने जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्ना साथीहरूलाई यो आदेश गरेका थिए कि उनीहरू एहरामबाट

हलाल भएर त्यसलाई उमरा मानेर हज्जे तात्तुअ् गर्नेवाला भइहालुन्, त उनीहरू यस कार्यलाई गर्नुमा असमन्जसमा परे, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"لو استقبلت من أمري ما استدبرت ما أهديت ، ولولا أن معي الهدي لأحللت" ( أخرجه البخاري، كتاب الحج، باب عمرة التنعيم، رقم (1785)، ومسلم، كتاب الحج، باب بيان وجوه الحج.. رقم (1216)

अर्थ : यदि मलाई यो कुरो पहिलादेखि जानकारी भएको भए म पनि बलिको जनावर ल्याउँदैनथें, र यदि मसित बलिको जनावर नभएको भए म पनि हलाल भइहाल्थें । (बुखारी, किताबुल् हज्ज, बाबु उमरतित्तनईम, हदीस नं. १७८५ । र मुस्लिम, किताबुल् हज्ज, बाबु बयानि वुजूहिल् हज्ज..., हदीस नं. १२१६)

त यदि हज्जको बलिको जनावरलाई कर्बानीको ईदको दिनभन्दा अघि बलि गर्नु जायज हुन्थ्यो भने

नबी सल्लल्लाहो अलैहे वसल्लमले त्यसलाई जब्ह गरेर एहरामबाट हलाल भइहाल्थे ताकि यस्तो गर्नुले सहाबाहरूलाई प्रसन्नता र सन्तुष्टि प्राप्त होस् । त जब यस्तो आवश्यकताको अवसरमा पनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले जनावरलाई बलि गरेनन् त यसबाट यो प्रष्ट हुन्छ कि बलिको जनावरलाई त्यसको समयभन्दा अघि बलि गर्नु जायज छैन, र यदि कसैले जब्ह गरिहाल्यो भने त्यो बलिको लागि पर्याप्त हुँदैन ।

र आश्चर्यको कुरो यो हो कि: मैले आफ्ना ती साथीहरूबाट सुनेको छु जुन मक्काका वरिपरिका नगरहरूबाट आएका हाजी समूहहरूसँग रहेका छन् कि यी समूहहरूसित भनिन्छ कि तिमीहरूलाई यो अख्तियार छ कि जुन दिनदेखि तिमीहरूले हज्जको यात्राको आरम्भ गरेका छौ त्यस दिनदेखि ईदको दिन आउनुसम्ममा कुनै दिन पनि आफ्नो बलिको जनावरलाई जब्ह गर्न सक्दछौ, र उनीहरूलाई यो सल्लाह दिइन्छ कि प्रत्येक दिन त्यति जनावर बलि गरुन् जति त्यस दिनको खानाको लागि पर्याप्त होस् । त यो अल्लाहको विधानमाथि ठूलो अतिक्रमण हो

र अल्लाहका भक्तहरूमाथि पनि । र मलाई लाग्दछ कि जसले पनि उनीहरूलाई यस कुराको फतवा दिएको छ त्यो त्यस व्यक्तिको सहायता गर्ने मनसायले यो फतवा दिएको छ जुन यस हाजीको समूहको व्यवस्थापक हो, ताकि प्रत्येक दिन खानपानको व्यवस्था भइहालोस्, किनकि उनीहरू प्रत्येक दिन आवश्यकता अनुसार बलि गर्छन् । त यस्तो मान्छेलाई चाहियो कि अल्लाहसित तौबा गरोस्, र अल्लाहका निर्देशनहरूसित खेलवाड नगरोस् । र त्यसलाई यो ज्ञान हुनुपर्छ कि यी निर्देशनहरू विधानका निर्देशन हुन् जसद्वारा अल्लाह यो चाहन्छ कि भक्तहरू त्यसबाट अल्लाहको सामीप्यता प्राप्त गरुन् त्यसै विधि र तरिका अनुसार जसलाई त्यसले तोकेको छ । यसर्थ त्यसलाई छाडेर वा सीमा उल्लंघन गरेर आफ्नो हवस र इच्छा बमोजिम कार्य नगरुन्, किनकि यस्तो गर्नु हलाल छैन ।

## हज्जको बलिको जनावर मक्का बाहेक कुनै अन्य ठाउँमा बलि गर्नुको हुकुम

प्रश्नः (३०९) आदरणीय शैख ज्यू, केही हाजीहरू जब हज्ज गर्ने नीयत गर्छन् त उनीहरू केही यस्ता संगठनहरूलाई बलिको जनावरको पैसा दिइहाल्छन् जुन त्यसको बलिलाई विश्वका यस्ता स्थानहरूमा जब्ह गर्छन् जहाँ भुखमरी हुन्छ, त यस्तो गर्नुको के हुकुम छ अल्लाह तपाईलाई राम्रो प्रतिफल प्रदान गरोस् ?

उत्तरः मेरो भनाई यो छ किः यो गल्त कार्य हुनुको साथै विधान विरुद्ध कार्य पनि हो, र अल्लाहका भक्तहरूसित क्षल गर्नु पनि हो । र यो यस कारण किनकि हज्जको बलिको जनावर बलि गर्ने ठाउँ मक्का हो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो बलिको जनावरलाई मक्कामा नै बलि गर्नु भएको छ, र मदिनामा जब्ह गर्नु भएन, नत त्यस बाहेक कुनै अन्य इस्लामीय नगरमा नै । र विद्हरूको यस विषयमा भनाई छ किः हज्जे किरान र हज्जे तमत्तुअ्को बलि, र अनिवार्य कार्य छाडेकोमा अनिवार्य भएको फिदियाको बलि मान्छेमाथि अनिवार्य छ कि त्यसलाई मक्कामा नै गरोस्, र यस कुरालाई अल्लाहले शिकार गरे बापत

दिने क्षतिपूर्तिको सन्दर्भमा प्रष्ट गरेको छ, अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تَقۡتُلُواْ ٱلصَّيۡدَ وَأَنتُمۡ حُرُمٞۚ وَمَن قَتَلَهُۥ مِنكُم مُّتَعَمِّدٗا فَجَزَآءٞ مِّثۡلُ مَا قَتَلَ مِنَ ٱلنَّعَمِ يَحۡكُمُ بِهِۦ ذَوَا عَدۡلٖ مِّنكُمۡ هَدۡيَۢا بَٰلِغَ ٱلۡكَعۡبَةِ ﴾ المائدة: ٩٥

अर्थ : हे मोमिनहरू ! जब तिमी एहरामको अवस्थामा हुन्छौ त्यतिखेर शिकार नगर्नु र तिमीहरूमध्ये जसले जानि जानि (त्यसलाई) हत्या गर्छ भने उसमाथि त्यसको क्षतिपूर्ति त्यस्तै खालको एउटा चौपया हुनेछ । जसलाई तिमीहरूमध्ये दुईजना न्यायप्रिय फैसला गरिदिन्छन्, त्यस्तो पशुलाई कअ्बासम्म (मक्कामा) पुऱ्याई कुर्बानी गरियोस् । (सूरतुल् माइदः ९५)

त यदि विधानले कुनै स्थानलाई तोकिदेओस् भने त्यसको अनुपालन गर्नु आवश्यक छ, यसर्थ अन्य स्थानहरूमा त्यसलाई गर्नु जायज रहदैन, बरु त्यसै

तोकिएको स्थानमा त्यस कार्यलाई गर्नु अनिवार्य भइहाल्छ ।

यसर्थ अनिवार्य यो छ कि बलिको जनावर मक्कामा बलि गरियोस् र मक्कामा नै वितरण गरियोस् । र यदि यो भनियोस् कि: मक्कामा त्यसलाई लिनेवाला कोही छैन, तर यस्तो हुनु असम्भव छ, त यस्तो अवस्थामा मक्कामा बलि गरेर ती मुसलमानहरूसम्म पुऱ्याइयोस् जुन त्यसको हकदार छन्, र यस्तो गर्नुमा पनि जुन मक्कासित अधिक निकट ओउन् वा उनीहरूलाई अत्याधिक आवश्यकता होस् तिनलाई नै दिइयोस् र तिनीहरूमा वितरण गरियोस् ।

## कुर्बानीको जनावरलाई कुर्बानी गर्ने ठाउँ बाहेक अन्य ठाउँहरूमा जब्ह गर्नु

प्रश्न: (३१०) आदरणीय शैख ज्यू, के यो हुकुम कुर्बानीको जनावरलाई जब्ह गर्नुमाथि पनि लागू हुन्छ ?

उत्तरः हो कुर्बानीको जनावरमाथि पनि त्यही हुकुम लागू हुन्छ जुन हज्जको जनावरमाथि लागू हुन्छ, किनकि वैधानिक बलिको लागि पनि आवश्यक यो छ कि त्यसलाई बलि गर्ने ठाउँमै बलि गरियोस् । यसर्थ रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो कुर्बानीको बलिलाई आफ्नो नगरमा नै जब्ह गरेका छन्, र आफ्नो साथीहरूको बीचमा यस्तो गरेका छन् । यसर्थ उहाँ सल्लल्लाहो अलैहे वसल्लम बलिको जनावरलाई (कुर्बानीको जनावरलाई) नमाज पढ्ने ठाउँमा लैजान्थे अनि त्यतै बलि गर्थे, अल्लाहका अनुष्ठानहरूलाई जाहेर गर्ने उद्देश्यले ।

त यस कुरातिर आमन्त्रण गर्नु कि मानिसहरूको पैसा लिएर त्यसको कुर्बानी दूरदराजका स्थानहरूमा जब्ह गरिन्छ यस्तो आमन्त्रण हो जसद्वारा अल्लाहको यस प्रतीक र अनुष्ठानलाई नष्ट गरिन्छ र त्यसलाई मुसलमानहरूको आँखाबाट लुप्त गरिन्छ, किनकि जब मान्छेहरूले अआफ्ना कुर्बानीको जनावरलाई अन्य ठाउँहरूमा पठाइदिन्छन् त कुर्बानीको यो अनुष्ठान त्यस नगरमा जाहेर हुँदैन, र पूर्ण राज्यबाट

यो अनुष्ठान र प्रतीक मेटिन्छ जबकि त्यो अल्लाहका प्रतीकहरूमध्ये एक हो ।

र यस्तो गर्नाले मान्छे निम्न कुराहरूबाट वंचित भइहाल्छः

पहिलोः कुर्बानी गर्ने मान्छे आफ्नो कुर्बानी स्वयम् गर्न सक्दैन जबकि यो नै श्रेष्ठ छ, र सुन्नत यो नै हो किनकि नबी सल्लल्लाहो अलैहे वसल्लम आफ्नो कुर्बानीको जनावरलाई आफै बलि गर्थे ।

दोस्रोः मान्छे त्यसको मासु खाने सुन्नतबाट पनि वंचित रहन्छ जस्तो कि यसको हुकुम अल्लाहले यसरी गरेको छः

﴿ فَكُلُواْ مِنۡهَا وَأَطۡعِمُواْ ٱلۡبَآئِسَ ٱلۡفَقِيرَ ٢٨ ﴾ الحج: ٢٨

अर्थ : त्यसबाट स्वयम् पनि खाऊ र गरीब निमुखाहरूलाई पनि खुवाऊ । (सूरतुल् हज्ज २८)

त यो खाने कुरा समस्त बलिलाई शामेल छ जसद्वारा मान्छे महान अल्लाहको सामीप्यता चाहन्छ

। र जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले बिदाइको हज्जमा आफ्नो बलिको जनावरलाई जब्ह गर्न लागेका थिए त आफ्नो पावन हातले ६३ जनावरलाई जब्ह गरेका थिए, अनि बाँकी बचेका जनावरलाई जब्ह गर्ने आदेश हजरत अलीलाई गरेका थिए, अर्थात उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो तर्फबाट जब्ह गर्ने वकील बनाएका थिए, र यो आदेश पनि गरेका थिए कि बलिको मासुलाई वितरण गरियोस्, र यो आदेश पनि गरेका थिए कि प्रत्येक जनावरबाट एक टुक्रा मासु लिइयोस्, अनि त्यसलाई एउटा मासु पकाउने भाँडामा राखियो र त्यसलाई पकाइयो, अनि त्यसबाट उहाँ सल्लल्लाहो अलैहे वसल्लमले खानु भयो र त्यसको सुरुवा पनि पिउनु भयो ।[1]

त यो यस कुरामा ताकेदा गर्छ कि मान्छे आफ्नो बलि र कुर्बानीको जनावरको मासुबाट केही खाओस् ।

[1] मुस्लिम, किताबुल् हज्ज, बाबु हज्जतिन्नबी सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १२१८ ।

र हामी यो भन्छौं कि कुर्बानी गर्ने (जब्ह गर्ने) कुरामा वकील बनाउनु जायज छ तर त्यसको यस जनावरलाई त्यसको घरमा जब्ह गरियोस् वा कम्तिमा त्यसै देशमा जब्ह गरियोस् ताकि त्यो त्यसलाई हेरोस् वा तयसबाट खाओस्, र त्यसद्वारा धर्मको यस अनुष्ठानलाई प्रदर्शित गरियोस् ।

र यो पनि ज्ञात रहोस् कि कुर्बानी गर्नुको उद्देश्य मासु खानु होइन, किनकि अल्लाहको फर्मान छः

﴿ لَن يَنَالَ ٱللَّهَ لُحُومُهَا وَلَا دِمَآؤُهَا وَلَٰكِن يَنَالُهُ ٱلتَّقْوَىٰ مِنكُمْ ﴾ الحج: ٣٧

अर्थ : कुर्बानीको मासु अल्लाह छेउ पुग्दैन न त उनीहरूको रगत, अपितु उसलाई त तिम्रो हृदयको धर्म परायणता पुग्दछ ।(सूरतुल् हज्ज ३७)

र नबी सल्लल्लाहो अलैहे वसल्लमको त्यस व्यक्तिको बारेमा भनाई छ जसले नमाजभन्दा अघि नै कुर्बानी गऱ्यो किः

"فإنما هو لحم قدمه لأهله" [1] أخرجه البخاري، كتاب الأضاحي، باب الذبح بعد الصلاة، رقم (5560)، ومسلم، كتاب الأضاحي، باب وقتها رقم (1961).

अर्थ : त्यो मासु हो जसलाई त्यसले आफ्नो परिवारलाई पेश गरेको छ । (बुखारी, किताबुल् अजाही, बाबुज्जब्ही बअ्दस्सलात, हदीस नं. ५५६० । र मुस्लिम, किताबुल् अजाही, बाबु वक्तुहा, हदीस नं. १९६१)

र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले अबू बुरदहसित भन्नु भयो:

"شاتك شاة لحم" [1] أخرجه البخاري، كتاب الأضاحي، باب قول النبي صلى الله عليه وسلم لأبي بردة: (( ضح بالجذع..)) رقم (5556)، ومسلم، كتاب الأضاحي، باب وقتها، رقم (1961)

अर्थ : तिम्रो बाख्रा मासुको बाख्रा हो । (बुखारी, किताबुल् अजाही, बाबु कौलिन्नबी सल्लल्लाहो अलैहे

वसल्लमा लअबि बुरदह (जह्हे बिल् जजअि...), हदीस नं. ५५५६ । र मुस्लिम, किताबुल् अजाही, बाबु वक्तुहा, हदीस नं. १९६१)

त नबी सल्लल्लाहो अलैहे वसल्लमले कुर्बानीको लागि र मासुको लागि जब्ह गर्नु बीच अन्तर र भिन्नता गर्नु भएको छ ।

र विद्हरूको यो भनाई छ कि: यदि तिमी सय ऊँटको मासुको दान गर तर त्यो मात्र एक त्यस बाखा बरोबर हुनसक्दैन जसको कुर्बानी गरिएको होस् । त यसबाट यो प्रष्ट हुन्छ कि कुर्बानीको जनावरलाई जब्ह गरेर अल्लाहको सामीप्यता प्राप्त गरिन्छ अर्थात यसको प्रमुख उद्देश्य यो नै हो त्यसको लाभ वा त्यसको प्रयोगलाई नहेरिकन् ।

## हज्जको बलिको जनावरको विषयमा उपदेशहरू

प्रश्न: (३११) आदरणीय शैख ज्यू, हामीले यस विषयमा कुरा गर्‍यौं कि केही मानिसहरू आफ्नो हज्जको बलिको जनावर वा कुर्बानीको बलिको

**जनावरको पैसा मुसलमानका अन्य देशहरूमा जब्ह गरिने उद्देश्यले दन्छिन्, र यसबारे तपाईले यो बताउनु भयो कि यस्ता गतिविधिहरू इस्लामको उद्देश्य विरुद्ध छन्, त के तपाई यस विषयमा हामीहरूलाई अरु उपदेश गर्न चाहनु हुन्छ ?**

उत्तरः कुरो त्यस्तै छ जसरी तपाईले वर्णन गर्नु भयो, कि केही मानिसहरू वा केही संगठनहरू मुसलमानहरूसित यो आवेदन गर्छन् कि उनीहरू अआफ्नो बलिको जनावरको पैसा वा कुर्बानीको जनावरको पैसा उनीलाई देउन् ताकि उनीहरू त्यसलाई यस्ता देशहरूमा जब्ह गरुन् जहाँका बासीहरू भुखमरीका शिकार छन् । र हामीले अघि नै यो वर्णन गरिसकेका छौं कि हज्जको बलिको जनावर जब्ह गर्ने ठाउँ विशिष्ट छ र त्यो ठाउँ मक्का हो । यसर्थ शिकार गरेको क्षतिपूर्तिको बलि र हज्जे किरान र हज्जे तमत्तुअ् र हज्जका अनिवार्य कार्यलाई छाडेमा अनिवार्य हुने फिदियालाई मक्कामा नै जब्ह गरिनु अनिवार्य छ, र जसले कुनै निषेधित कुरा गरेको हुन्छ त्यसलाई त्यतै नै त्यसको क्षतिपूर्ति दिनु पर्छ र त्यसलाई मक्कामा दिनु पनि जायज छ ।

र रह्यो घेराबन्दीमा परेको बलिको कुरो त जता मान्छेलाई घेरियोस् त्यतै त्यसलाई बलि गर्नु पर्छ। त यसरी नै विद्हरूले वर्णन गरेका छन्, यसर्थ यो जायज छैन कि मक्काबाट ल्याएर कुनै अर्को ठाउँमा बलि गरियोस्।

र रह्यो कुरो त्यसको मासुलाई वितरण गर्नुको त त्यसलाई मक्कामा नै वितरण गरिन्छ, तर यदि मक्काबासीहरू त्यसबाट निस्पृह होउन् त त्यसलाई मक्कासित निकट भएका मुस्लिम नगरहरूमा वितरण गरिन्छ, त यो कुरो थियो हज्जको बलिको बारेमा।

र रह्यो कुरो कुर्बानीको जनावरको त त्यसलाई कुर्बानी गर्ने मान्छेको देश नगरमा नै कुर्बानी गरिन्छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमबाट यो प्रमाणित छैन कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले मदिनामा बसोबास गरिरहेको अवस्थामा कुर्बानीको जनावरलाई मदिनाबाहिर पठाएका होउन्, बरु त्यतै कुर्बानी गर्थे। र मान्छेको लागि उचित यो नै छ कि आफ्नो बलिको जनावरलाई आफ्नो हातले जब्ह गरोस्, तर यदि यसमा सूक्ष्म नहोस्

भने कसैलाई आफ्नो तर्फबाट वकील बनाओस् जुन त्यसको सामुन्ने जनावरलाई जब्ह गरोस् । र हामी अघि नै वर्णन गरिसकेका छौं कि अन्य देशहरूमा आफ्नो कुर्बानीको जनावरको पैसा पठाउनुले के कस्ता अवैध कार्यहरूको सृजना हुन्छ ।

र यस अवसरमा म आफ्ना मुसलमान भाइहरूलाई यो उपदेश गर्न चाहन्छु कि उनीहरू यो जानिराखुन् कि हज्जको बलि र कुर्बानीको बलिको जनावरको बलि गर्ने उद्देश्य मात्र मासु खानु होइन, किनकि त्यो त धेरै मासु किनेर गरिबहरूमा वितरण गर्न सक्दछ । तर यस बलिको उद्देश्य हो: त्यसलाई बलि गरेर अल्लाहको सामीप्यता प्राप्त गर्नु किनकि बलि गरेर अल्लाहको सामीप्यता प्राप्ति सर्वश्रेष्ठ पूजामध्ये एक हो, जस्तो कि अल्लाहको फर्मान छ:

﴿ قُلْ إِنَّ صَلَاتِي وَنُسُكِي وَمَحْيَايَ وَمَمَاتِي لِلَّهِ رَبِّ ٱلْعَٰلَمِينَ ١٦٢ لَا شَرِيكَ لَهُۥ وَبِذَٰلِكَ أُمِرْتُ وَأَنَا۠ أَوَّلُ ٱلْمُسْلِمِينَ ١٦٣ ﴾ الأنعام: ١٦٢ - ١٦٣

अर्थ : यो पनि भनिदिनुस् कि मेरो नमाज, र मेरो सबै उपासना (बलि) निश्चित रूपले र मेरो जीवन र मृत्यु सबै अल्लाहकै लागि हुन्, जो सम्पूर्ण ब्रम्हाण्डको स्वामी हो । उसको कुनै साझेदार छैन । र मलाई यही कुराको आदेश भएको छ र म आज्ञापालकहरूमध्ये पहिलो हूँ । (सूरतुल् अन्आम १६२, १६३)

﴿ فَصَلِّ لِرَبِّكَ وَٱنْحَرْ ۝٢ ﴾ الكوثر: ٢

अर्थ : अतः आफ्ना पालनकर्ताको लागि नमाज़ पढ्ने गर र उसको निम्ति कुर्बानी गर । (सूरतुल् कौसर २)

﴿ لَن يَنَالَ ٱللَّهَ لُحُومُهَا وَلَا دِمَآؤُهَا وَلَٰكِن يَنَالُهُ ٱلتَّقْوَىٰ مِنكُمْ ﴾ الحج: ٣٧

अर्थ : कुर्बानीको मासु अल्लाह छेउ पुग्दैन न त उनीहरूको रगत, अपितु उसलाई त तिम्रो हृदयको धर्म परायणता पुग्दछ ।(सूरतुल् हज्ज ३७)

त आफ्नो बलिको जनावरको पैसा अरु मुसलमान देशहरूमा पठाउनु जता यसको आवश्यकता छ त्यसभन्दा राम्रो त यो छ कि उनीहरूलाई मासु किन्नुको पैसा दिइयोस्, ताकि त्यहाँ मासु आदि किनेर उनीहरूमा वितरण गरियोस्, बरु यस्तो गर्नु अरु लाभदायक सिद्ध हुन्छ, किनकि यसबाट त्यो कुरो किनिन्छ जुन उनीहरूको अवस्था अनुकूल होस् र जसको उनीहरूले अधिक आवश्यकता महसूस गरिरहेका होउन्, र कदाचित त्यहाँ खाद्य पदार्थ सस्तो पनि होस् ।

यसर्थ मेरो मुसलमान भाइहरूलाई उपदेश यो छ कि उनीहरू आफ्नो कुर्बानीको जनावरलाई आफ्नै देश नगरमा जब्ह गरुन्, र स्वयम् आफू पनि त्यसबाट खाउन् र अरुलाई पनि खुवाउन् र अल्लाहको यस अनुष्ठानलाई कुर्बानी गरेर त्यसको सामीप्यता प्राप्त गरी सुदर्शित गरुन्, र पूर्ण विश्वमा भएका गरिब मुसलमानहरूलाई पनि नबिर्सुन् बरु मालद्वारा उनीहरूको सहायता गरुन् । त यस्तो गरेर उनी दुवै लाभ प्राप्त गर्न सक्छन्: पहिलो आफ्नै देश नगरमा बलि गरेर पाएको लाभ,

र अर्को मुसलमानहरूको उनीहरूको देशमै मालद्वारा सहायता प्रदान गर्ने लाभ पनि ।

## तवाफे वदाअ् गर्नुमा गरिने त्रुटिहरू

प्रश्नः (३१२) आदरणीय शैख ज्यू, हज्जको अन्तिम कार्य विदाइको तवाफ हो, त के यस्ता गल्तीहरू तपाईको ज्ञानमा छ जसलाई हाजीहरू यस कार्यलाई गर्दा गर्छन्, यदि छ भने त्यसलाई वर्णन गरिदिने हाम्रो तपाईसित अनुरोध छ अल्लाह तपाईलाई यसको राम्रो प्रतिफल प्रदान गरुन् ?

उत्तरः तवाफे वदाअ् (बिदाइको तवाफ) को लागि आवश्यक छ कि त्यसलाई सबैभन्दा अन्त्यमा गरियोस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"لا ينفرنّ أحد حتى يكون آخر عهده بالبيت"

أخرجه مسلم، كتاب الحج، باب وجوب طواف الوداع، رقم)

(1327)

अर्थ : कोही पनि आफ्नो नगरतिर तबसम्म नफर्कोस् जबसम्म मक्काको अन्तिम कार्य बैतुल्लाहको विदाइको तवाफ नगरिहालोस् । ( मुस्लिम, किताबुल् हज्ज, बाबु वुजूबे तवाफिल् वदाअ्, हदीस नं. १३२७)

र इब्ने अब्बास रजिअलाहो अन्हुमाको वर्णन छ कि:

"أمر الناس أن يكون آخر عهدهم بالبيت إلا أنه خفف عن الحائض" (أخرجه البخاري، كتاب الحج، باب طواف الوداع، رقم (1755)، ومسلم، كتاب الحج، باب وجوب طواف الوداع وسقوطه عن الحائض، رقم (1328).

अर्थ : समस्त मानिसहरूलाई यो आदेश गरियो कि उनीहरूको मक्काको अन्तिम कार्य तवाफे वदाअ् होस्, तर रजस्वलामा भएकी महिलालाई यस कुरामा छूट प्रदान गरियो । (बुखारी, किताबुल् हज्ज, बाबु तवाफिल् वदाअ, हदीस नं. १७५५ । र मुस्लिम, किताबुल् हज्ज, बाबु वजूबु तवाफिल् वदाअे वसुकूतहू अनिल् हाइज, हदीस नं. १३२८)

यसर्थ हज्जका कार्यहरूमध्ये जसलाई सबैभन्दा अन्तियमा गरिन्छ त्यो तवाफे वदाअ् हो, र बिदाइको तवाफमा मान्छेहरू निम्न गल्तीहरू गर्छन्:

पहिलो: केही मानिसहरू आफ्नो अन्तिम कार्य तवाफे वदाअलाई बनाउँदैनन् बरु मक्का गएर यो तवाफ गरिहाल्छन् जबकि उनी अहिलेसम्म कंकरी हानेका हुँदैनन्, अनि बिदाइको तवाफ गरे पश्चात मान्छे मिना जान्छ अनि कंकरी हानेर आफ्नो नगर फर्किहाल्छ । तर यस्तो गर्नु गलत छ, र यस्तो अवस्थामा त्यो बिदाइको तवाफ पर्याप्त छैन, किनकि त्यसको अन्तिम कार्य कंकरी हान्नु भयो बिदाइको तवाफ भएन ।

दोस्रो: र बिदाइको तवाफमा गरिने गल्तीमध्ये यो पनि हो कि: केही मानिसहरू तवाफे वदाअ् गरेर मक्कामा बसिरहन्छन्, त यस्तो गर्नाले यो तवाफे वदाअ् अमान्य भइहाल्छ, र त्यसलाई आवश्यक छ कि जब त्यो यात्रा गर्न मन बनाओस् त पुन: तवाफे वदाअ् गरोस् । हो यदि मान्छे तवाफे वदाअ् गरे पश्चात कुनै सानोतिनो सरसामान किन्दछ जसरी

यात्रासित सम्बन्धित कुराहरू वा सरसामान बाँधिने कुराहरू...आदि त यसबाट कुनै फर्क पर्दैन ।

र विदाइको तवाफका गल्तीहरूमध्ये यो पनि हो कि: जब मान्छे बिदाइको तवाफ गरेर मस्जिदे हरामबाट निस्कन्छ त कअ्बातिर अनुहार गरेर पिठ्युँको दिशाबाट उल्टो चल्दै निस्कन्छ ताकि त्यसको पिठ्युँ कअ्बातिर नहोस् । तर यस्तो गर्नु बिदअत हो, जसलाई नत रसूल सल्लल्लाहो अलैहे वसल्लमले गरेका छन् नत कुनै सहाबीले, जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लम हामी सबैभन्दा अधिक बैतुल्लाहको आदर गर्नेवाला थिए, त यदि यस्तो गर्नुले बैतुल्लाहको आदर र श्रद्धाको बोध हुन्थ्यो भने उहाँ सल्लल्लाहो अलैहे वसल्लम यसलाई अवश्य गर्थे । त प्रष्ट यो भयो कि यस्तो गर्नु सही छैन, यसर्थ जब मान्छे तवाफ गरिहालोस् त सुन्नत यो छ कि त्यो सामान्य चाल चल्दै आफ्नो पिठ्युँ किब्लातिर गरेर अनुहारको दिशाबाट हिँड्दै मस्जिदबाट निस्कोस् ।

र यस्तै यता गरिने गल्तीहरूमध्ये यो पनि हो कि: केही मानिसहरू जब तवाफे वदाअ् गरेर सम्पन्न

गर्छन् त जब त्यहाँबाट जाँदा मस्जिदे हरामको ढोकासम्म पुग्दछन् त कअ्बातिर अनुहार गरेर दुआ गर्छन् वा सलाम भन्छन्, मानो उनीहरू विदाई दिन्छन् । त यस्तो गर्नु पनि बिदअत हो, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गरेका छैनन्, र यदि यस्तो गर्नु भलाईको कार्य हुन्थ्यो भने उहाँ सल्लल्लाहो अलैहे वसल्लम यसलाई अवश्य गर्थे । त यी केही ती त्रुटिहरू थिए जुन तवाफे वदाअ्को विषयमा मलाई अहिले याद थियो ।

## मस्जिदे नब्वीको जियारतको हुकुम र के त्यसको हज्जसित कुनै सम्बन्ध छ

प्रश्न: (३१३) आदरणीय शैख ज्यू, अब जबकि हामीले हज्जका कार्यहरूबारे र त्यसमा गरिने त्रुटिहरूबारे अधिकांश कुराहरूबारे जानकारी प्राप्त गरें, त अब हामी हाजी भाइहरूलाई मस्जिदे नब्वीको जियारतसित संलग्न कुराहरूको साक्षात्कार गराउन चाहन्छौं, यसर्थ हाम्रो प्रश्न यो छ कि मस्जिदे नब्वीको जियारतको हुकुम के छ ? र के यस जियारतको हज्जसित कुनै सम्बन्ध छ ?

उत्तर: मस्जिदे नब्वीको जियारत सुन्नत हो, जस्तो कि नबी सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ:

"لا تشد الرحال إلا إلى ثلاثة مساجد ؛ المسجد الحرام ، ومسجدي هذا ، والمسجد الأقصى" (

أخرجه البخاري، كتاب فضل الصلاة في مسجد مكة والمدينة، باب فضل الصلاة في مسجد مكة والمدينة، رقم (1189)، ومسلم، كتاب الحج، باب لا تشد الرحال إلا إلى ثلاثة مساجد، رقم (1397).

अर्थ : तीन मस्जिद बाहेक कुनै मस्जिदको यात्रा गर्नु जायज छैन, मस्जिदुल् हराम, र मेरो यो मस्जिद, र मस्जिदुल् अक्सा । (बुखारी, किताबु फज्लिस्सलाति फि मस्जिदे मक्का वल् मदीना, बाबु फजलिस्सलाति फि मस्जिदे मक्का वल् मदीना, हदीस नं. ११८९ । र मुस्लिम, किताबुल् हज्ज, बाबु ला तशुद्दुर्रेहालि इल्ला इला सलासति मसाजिद, हदीस नं. १३९७)

त मान्छे मस्जिदे नब्वीको जियारतको लागि यात्रा गरोस्, किनकि त्यसमा पढिएको नामज मस्जिदे

हराम बाहेक अन्य समस्त मस्जिदहरूमा पढिएको नमाजभन्दा एक हजार गुना श्रेष्ठ छ ।[1]

तर जब मान्छे मदिना नगरतिर यात्रा गरोस् त त्यसको लागि उचित यो छ कि त्यसको सर्वप्रथम इच्छा यो होस् कि त्यो मस्जिदे नब्वीमा नमाज पढछ । अनि जब मस्जिदे नब्वीमा पुगोस् त रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानको र उहाँका दुवै साथी हजरत अबू बक्र र उमर रजिअल्लाहो अन्हुमाको चिहानको पनि जियारत गरोस् त्यस तरिकाले जुन तरिका वैधानिक छ नकि त्यहाँ गएर बिदअत गरोस्, वा सीमा अतिक्रमण गरोस् ।

र रह्यो तपाईको यो प्रश्न कि के त्यसको हज्जसित कुनै सम्बन्ध छ ? त यसको उत्तर यो हो कि: यसको हज्जसित कुनै सम्बन्ध छैन, र मस्जिदे नब्वीको जियारत एउटा भिन्न विषय हो, र हज्ज एवं उमरा गर्नु भिन्न विषय । तर यसलाई विद्हरू हज्ज र उमराको सन्दर्भमा वर्णन गर्छन् वा हज्ज र

[1] बुखारी, किताबुस्सलाति फि मस्जिदे मक्का वल् मदीना, बाबु फजलिस्सलाति फि मस्जिदे मक्का वल् मदीना, हदीस नं. ११९० । र मुस्लिम, किताबुल् हज्ज, बाबु फज्लिस्सलाति बेमस्जिदय मक्का वल् मदीना, हदीस नं. १३९४ ।

उमराको वर्णन पश्चात वर्णन गर्छन्, किनकि विगतमा मान्छेहरूको लागि यो सम्भव हुँदैनथ्यो वा अति कष्टदायक हुन्थ्यो कि उनी हज्ज र उमराको लागि र मस्जिदे नब्वीको जियारतको लागि अलग अलग र भिन्न भिन्न यात्रा गर्न सकुन् । यसर्थ मान्छेहरू जब हज्ज र उमरा सम्पन्न गरिहाल्थे त त्यसै यात्रामा मस्जिदे नब्वीको पनि जियारत गर्थे । तर वास्तवमा यस जियारतको हज्जसित कुनै सम्बन्ध छैन ।

## मस्जिदे नब्वीको जियारतको वैधानिक तरिका

प्रश्न: (३१४) आदरणीय शैख ज्यू, तपाईले यो वर्णन गर्नु भयो कि जब मान्छे मदिना मुनव्वरा पुगोस् त रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानको र उहाँ सल्लल्लाहो अलैहे वसल्लमका दुवै साथी हजरत अबू बक्र र उमरको चिहानको पनि जियारत गरोस्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानको वैधानिक जियारतको तरिका के हो ?

उत्तर: जियारतको वैधानिक तरिका यो हो कि मान्छे रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानको जियारत आदरको साथ गरोस्, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानको सामुन्ने उभेर सलाम भनोस्, र भनोस्: हे नबी तपाईमाथि अल्लाहको दया प्रशान्ति र कल्याण अवतरित होस्, अल्लाह तपाईमाथि शान्ति र अनुकम्पा अवतरित गरोस्, र तपाईलाई तपाईको उम्मत (अनुयायी) हरूको तर्फबाट राम्रो प्रतिफल प्रदान गरोस् (अर्थात अनुयायीहरूलाई सदउपदेश गरेकोमा राम्रो प्रतिफल प्रदान गरोस्)। अनि आफ्नो दायाँतिर एक पाइला अगाडि बढोस् ताकि हजरत अबू बक्रको अनुहारको सामुन्ने पुगोस्, अनि भनोस्: हे रसूल सल्लल्लाहो अलैहे वसल्लमका उत्तराधिकारी तपाईमाथि अल्लाहको दया प्रशान्ति र कल्याण अवतरित होस्, र अल्लाह तपाईलाई मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको उम्मत (अनुयायी) हरूको तर्फबाट राम्रो प्रतिफल प्रदान गरोस्। अनि आफ्नो दायाँतिर एक कदम अरु अगाडि बढोस् ताकि हजरत उमरको अनुहारको सामुन्ने पुगोस् अनि भनोस्: हे अमीरुल्

मोमिनीन (मुसलमानहरूको नायक) तपाईमाथि अल्लाहको दया प्रशान्ति र कल्याण अवतरित होस्, र अल्लाह तपाईलाई मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको उम्मत (अनुयायी) हरूको तर्फबाट राम्रो प्रतिफल प्रदान गरोस् । अनि त्यहाँबाट फर्केर आओस् । त यो नै वैधानिक जियारतको तरिका हो ।

र रहयो त्यसको कुरो जुन केही मानिसहरू गर्छन् जसरी उहाँहरूको चिहान भएको कोठामा भएको झ्याल पर्खाल आदिलाई स्पर्श गर्नु वा त्यसबाट तबर्रुक लिनु... आदि । त यस्ता खालका समस्त कार्यहरू बिदअत हुन्, बरु बिदअतभन्दा विशाल अवैधानिक कार्य हो, किनकि यदि मान्छे कुनै आपतविपत्ति हठाउनको लागि उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित याचना गर्छ वा कुनै कुरा प्राप्तिको गुहार लगाउँछ भने यो ठूलो शिर्क हो जुन मान्छेलाई इस्लाम धर्मबाट निष्कासित गरिदिन्छ । र नबी सल्लल्लाहो अलैहे वसल्लम स्वयम्को लागि लाभ हानि पुऱ्याउनुका अधिकारी र मालिक छैनन् नत कसैलाई हानि लाभ पुऱ्याउनुमा नै सूक्ष्म छन् नत उहाँलाई गोप्य कुराहरूको ज्ञान छ, र उहाँ

सल्लल्लाहो अलैहे वसल्लमको उस्तै मृत्यु भइसकेको छ जसरी अरु मानिसहरूको मृत्यु हुन्छ। त उहाँ सल्लल्लाहो अलैहे वसल्लम पनि मानवमध्येका हुनुहुन्छ उहाँ पनि उस्तै जीवित थिए जसरी मानिसहरू जीवित रहन्छन् र उस्तै मरे जसरी मानिसहरू मर्छन्, र उहाँलाई यस संसारको व्यवस्थापन र प्रचालनमा कुनै अधिकार प्राप्त छैन। र अल्लाहले रसूल सल्लल्लाहो अलैहे वसल्लमको बारेमा भनेको छः

﴿ قُلۡ إِنِّي لَآ أَمۡلِكُ لَكُمۡ ضَرّٗا وَلَا رَشَدٗا ٢١ قُلۡ إِنِّي لَن
يُجِيرَنِي مِنَ ٱللَّهِ أَحَدٞ وَلَنۡ أَجِدَ مِن دُونِهِۦ مُلۡتَحَدًا ٢٢ ﴾
الجن: ٢١ - ٢٢

अर्थ : भनिदेऊः कि मलाई तिम्रो हकमा नाफा नोक्सानको कुनै अधिकार छैन, यो पनि भनिदिनुस् कि अल्लाह (को यातना) बाट मलाई कसैले बचाउन सक्दैन र म उस बाहेक अन्य कतै शरणको ठाउँ देख्दिनँ। (सूरतुल् जिन्न २१, २२)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ قُل لَّآ أَقُولُ لَكُمۡ عِندِي خَزَآئِنُ ٱللَّهِ وَلَآ أَعۡلَمُ ٱلۡغَيۡبَ وَلَآ أَقُولُ لَكُمۡ إِنِّي مَلَكٌۖ إِنۡ أَتَّبِعُ إِلَّا مَا يُوحَىٰٓ إِلَيَّۚ قُلۡ هَلۡ يَسۡتَوِي ٱلۡأَعۡمَىٰ وَٱلۡبَصِيرُۚ أَفَلَا تَتَفَكَّرُونَ ٥٠ ﴾

الأنعام: ٥٠

अर्थ : तपाई भनिदिनुस् कि म तिमीसित यो भन्दिन कि मसँग अल्लाहको ढुकुटी छ र नत म अन्तर्यामी हूँ, र नत म यो भन्दछु कि म फरिश्ता हूँ । म त मात्र ती आदेशहरूको पालन गर्दछु जुन मलाई अल्लाहको तर्फबाट प्राप्त हुन्छ । तपाई भन्नुस् कि के अन्धा र आँखा देख्ने एकनास हुनसक्छ र ? अनि तिमी विचार किन पुऱ्याउँदैनौं ? (सूरतुल् अन्आम ५०)

र नबी सल्लल्लाहो अलैहे वसल्लम पनि मानव नै हुन्, र उनी पनि अल्लाहको मुखापेक्षी छन्, र उनी अल्लाहको दयाबाट एक क्षणको लागि पनि निस्पृह छैनन्, र उनी कसैलाई नत लाभ पुऱ्याउन सक्दछन्

नत कसैबाट कष्टलाई हटाउन नै सक्दछन्, बरु उनी पनि त्यस्तै अल्लाहको भक्त र दास र दायित्वको पाबन्द छन् जसरी सबै मान्छेहरू हुन्छन्, तर उहाँलाई अरुमाथि प्रधानता यस कारण प्राप्त छ किनकि अल्लाहले उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई दूतत्वद्वारा अनुग्रहित र सम्मानित गरेको छ, यस्तो दूतत्वद्वारा सम्मानित गरेको छ जस्तो दूतत्व नत उहाँभन्दा पहिला कसैलाई प्राप्त भयो नत उहाँ पश्चात नै कसैलाई प्राप्त हुनेछ, र त्यो दूतत्व हो त्यो दूतत्व जसलाई प्रलयसम्म आउने समस्त सृष्टिहरूको लागि उहाँलाई दिएर पठाइयो ।

## बकीअ् र उहुद युद्धमा शहीद भएका (वीरगति प्राप्त गरेका) मानिसहरूको कब्रस्तानको जियारतको हुकुम

प्रश्नः (३१५) आदरणीय शैख ज्यू, मदिनामा स्थित केही कब्रस्तानहरू जसरी बकीअ् कब्रस्तान र उहुद युद्धमा शहीद भएका सहाबीहरूको कब्रस्तानको जियारत गर्नुको के हुकुम छ ?

उत्तर: कब्रस्तान (चिहाहरू) को जियारत गर्नु प्रत्येक ठाउँमा सुन्नत हो । त रह्यो बकीअ कब्रस्तानको कुरो त यसको जियारत अति उत्तम कुरो हो किनकि त्यसमा अधिकांश सहाबाहरू दफ्नाइएका छन् जसमध्ये आस्थावनहरूको नायक हजरत उसमान रजिअल्लाहो अन्होको पनि चिहान छ, र उहाँ रजिअल्लाहो अन्होको चिहान प्रसिद्ध पनि छ । र यो पनि सुन्नतमध्येकै कुरो हो कि मान्छे उहुद नामक स्थानमा गएर त्यस युद्धमा शहीद भएका सहाबीहरूको कब्रस्तानको जियारत गरोस्, र ती शहीदहरूमध्ये जिनको त्यहाँ चिहान छ रसूल सल्लल्लाहो अलैहे वसल्लमको काका हजरत हमजह बिन अब्दुल् मुत्तलिब पनि हुन् । र यस्तै मान्छेको लागि यो पनि उत्तम छ कि मान्छे कुबा मस्जिदको पनि जियारत गरोस्, र त्यहाँ जाँदा पवित्र भएर जाओस् ताकि त्यस मस्जिदमा दुई रक्अत नमाज पनि पढोस्, किनकि यस दुई रक्अत नामजको अत्याधिक श्रेष्ठता वर्णित छ । त उपरोक्तमा वर्णित स्थानहरू बहेक मदिनामा कुनै अन्य स्थान छैन जसको जियारत गरियोस्, अर्थात मस्जिदे नब्वीको

जियारत, र नबी सल्लल्लाहो अलैहे वसल्लमको चिहानको जियारत र यसैसाथ उहाँका दुवै साथीहरूको चिहानको जियारत, र बकीअ्को जियारत, र उहुदमा शहीद भएका सहाबीहरूको कब्रस्तानको जियारत, र मसीजदे कुबाको जियारत। र यस बाहेक जति पनि स्थान वा मजारहरू छन् ती समस्तको जियारतको कुनै प्रमाण छैन।

## यदि मान्छे आफ्नो हृदयलाई ती चिहानमा भएकाहरूसित सिफारिश माँग्ने कुरातिर प्रवृत्त पाओस् त के गरोस् ?

प्रश्न: (३१६) आदरणीय शैख ज्यू, हामीले ती स्थान र मजारहरूबारे प्रश्न गरें जसको जियारत वैधानिक छ तपाईले वर्णन गर्नु भयो कि ती पाँच छन्, र यो पनि भन्नु भयो कि मान्छेलाई यो जायज छैन कि चिहानमा पूरिएका मानिसहरूसित याचना गरोस्, तर यदि कुनै मान्छे आफ्नो हृदयलाई उनीसित सिफारिशको दुआ गर्ने कुरातिर प्रवृत्त र उत्साहित पाओस् वा उनीसित कुनै आवश्यकता पूर्ण गर्ने

## याचना गर्नु ... आदि तर्फ प्रवृत्त पाओस् त त्यो के गरोस् ?

उत्तरः यदि कुनै मान्छे कब्रमा भएको कुनै मान्छेको सिफारिश पाउनुको अभिलाषी होस् र त्यो मान्छे वास्तवमा अल्लाहको असल भक्तहरूमध्येको रहेको होस्, र मान्छेको इच्छा र आकांक्षा होस् कि त्यो प्रलयको दिन अल्लाह निकट त्यसको सिफारिशी होस् र त्यो मान्छे ती कब्रमा भएकाहरूसित यसको याचना नगरोस् मात्र त्यसको सिफरिशी हुने आकांक्षा राखोस् भने यस्तो सिफारिशको आकांक्षा र इच्छा राखनुमा कुनै आपत्ति छैन, किनकि हामी सबैको यो इच्छा र आकांक्षा हुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम हामीहरूको सिफारिशी होउन् । तर हामी यो भन्दैनौं कि हे रसूल सल्लल्लाहो अलैहे वसल्लम तपाई हामीहरूको सिफारिश गर्नुस्, बरु हामी अल्लाहसित यो याचना गर्दछौं कि अल्लाह उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई हाम्रो सिफारिशी बनाइदेओस् । त यस्तै कुरो असल मानिसहरूको बारेमा पनि छ जससित कुनै लाभ पुग्ने आशा होस्, कि उनीहरू

प्रलयको दिन हाम्रो सफिारिशी होउन् । र प्रलयको दिन दुई प्रकारका सिफारिशी हुनेछन्:

एउटा थरी रसूल सल्लल्लाहो अलैहे वसल्लमको लागि विशिष्ट हुनेछ जसमा उहाँ सल्लल्लाहो अलैहे वसल्लमको कोही सहभागी हुँदैन, र त्यो हो विशाल शिफाअत (सिफारिश) जसमा रसूल सल्लल्लाहो अलैहे वसल्लम पूर्ण सृष्टिको लागि अल्लाहसित यो सिफारिश गर्नेछन् कि अल्लाह उनीहरूको हिसाब किताब गरोस् । यसर्थ प्रलयको दिन मानिसहरूलाई यति कष्ट र शोकाकुलता र व्याकुलता लाग्नेछ जसको उनीहरू आफूमा क्षमता राख्दैनन्, त उनीहरू भन्नेछन्: के तिमीहरू कुनै यस्तो व्यक्ति समक्ष जाँदैनौं जुन अल्लाहसित हाम्रो लागि सिफारिश गरोस् कि अल्लाह हामीलाई यस दुखदायी अवस्थाबाट मुक्ति प्रदान गरोस्, अनि उनीहरू हजरत आदम समीप आउँछन्, अनि हजरत नूह समक्ष आउँछन्, अनि हजरत इब्राहीम समक्ष आउँछन्, अनि हजरत मूसा समीप आउँछन्, अनि हजरत ईसा समीप आउँछन् उनी सबैमाथि अल्लाहको प्रशान्ति अवतरित होस्, तर कोही पनि

उनीहरूको लागि सिफारिश गर्दैन । अनि अन्त्यमा उनीहरू हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको पासमा आउँछन् र आउने अभिप्राय व्यक्त गर्छन्, त उहाँ सल्लल्लाहो अलैहे वसल्लम अल्लाहसित यो सिफारिश गर्छन् कि अल्लाह आफ्नो भक्तहरूबीच फैसला गरोस्, अनि महान अल्लाह आउँछ अनि भक्तहरूबीच फैसला गर्छ ।

र अर्को सिफारिश जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमसित विशिष्ट छ त्यो यो हो कि रसूल सल्लल्लाहो अलैहे वसल्लम स्वर्गमा जाने सौभाग्यवानहरूको लागि यो सिफारिश गर्छन् कि उनीहरूलाई स्वर्गमा प्रवेश गराइयोस् ।

र शिफाअतको अर्को थरी हो आम सिफारिश, जुन हाम्रो नबीको साथै समस्त सन्देष्टा, सदाचारी, शहीद, सत्यनिष्ठहरूको लागि आम हुन्छ । त यो सिफारिश ती मानिसहरूको लागि हुन्छ जुन नर्कमा हालिएका हुन्छन्, अनि तिनीहरूको लागि यो सिफारिश गरिन्छ कि उनीहरूलाई त्यसबाट निकालियोस् । त जब आस्थावान पापीहरूलाई उनीहरूको पापको कारण नर्कमा हालिन्छ त

अल्लाह आफ्नो भक्तहरूमध्ये सन्देष्टा, सत्यनिष्ठ, शहीद र सदाचारीहरूमध्येबाट जसलाई चाहन्छ त्यसलाई यो अनुमति प्रदान गर्छ कि त्यो ती नर्कमा भएका आस्थावान पापीहरूको लागि सिफारिश गरोस् कि उनीहरूलाई नर्कबाट मुक्ति प्रदान गरियोस् ।

र तात्पर्य यो कि जुन सुकै मानिस यो चाहोस् कि कुनै नबी वा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम वा असल मानिस त्यसको सिफारिश गरोस्, र त्यो मात्र यस कुराको इच्छुक होस् त्यस नबी वा मान्छेबाट यसको याचना नगरोस् भने यस्तो इच्छा र आकांक्षा राख्नुमा कुनै आपत्ति छैन । तर यदि त्यो उनीहरूसित यो याचना गर्छ र भन्छ कि: हे अल्लाहका रसूल मेरो लागि सिफारिश गर्नुस् वा हे फलाना मेरो लागि सिफारिश गर्नुस्... आदि, त यस्तो गर्नु जायज छैन, बरु यो अल्लाह बाहेकसित दुआ गर्ने कुरामध्येको हो, र अल्लाह बाहेकबाट दुआ गर्नु शिर्क हो ।

# सातवटा मस्जिद र अन्य स्थान र मजारहरूको जियारत गर्नुको के हुकुम छ

प्रश्न: (३१७) आदरणीय शैख ज्यू, तपाईले यो वर्णन गर्नु भयो कि मदिनामा जियारत गर्ने ठाउँ पाँच छन् तर तपाईले सातवटै मस्जिदको बारेमा र यस्तै मस्जिद गुमामा र यस बाहेक अरु मजारहरूको जियारतको बारेमा संकेत गर्न भएन, त ती पाँच स्थान बाहेकका स्थानहरूको जियारतको हुकुम के छ ?

उत्तर: हामीले यो वर्णन गरिसकेका छौं कि निम्नका पाँच कुराहरू बाहेक अन्य कुनै पनि स्थानको जियारत वैधानिक छैन, जुन यी हुन्: मस्जिदे नब्वीको जियारत, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको कब्रको जियारत, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमका दुवै साथीहरूको कब्रको जियारत, र यी तीनवटै चिहानहरू एउटै स्थानमा छन्, र बकीअ कब्रस्तानको जियारत जसमा हजरत उसमानको चिहान पनि छ, र उहुदमा भएका

शहीदहरूको चिहानको जियारत, र मस्जिदे कुबाको जियारत । र यस बाहेक जति स्थानहरू छन् त्यसको जियारत गरिन्न । र जुन मस्जिदहरूतिर तपाईले संकेत गर्नु भएको छ जसरी सातवटा मस्जिदहरू र त्यस बाहेकका मस्जिदहरू जसलाई तपाईले वर्णन गर्नु भएन यी समस्तको जियारतको कुनै प्रमाण छैन, र यी समस्त मस्जिद वा स्थानहरूको जियारत पूजा गर्ने उद्देश्यले वा पूजा सम्झेर गर्नु बिदअत हो, किनकि यस्तो गर्नुको नबी सल्लल्लाहो अलैहे वसल्लमबाट कुनै प्रमाण छैन । र मान्छेलाई यो जायज छैन कि बिना वैधानिक प्रमाण कुनै समय अथवा स्थान वा कार्यद्वारा अल्लाहको सामीप्यता प्राप्त गरोस् ।

# जसलाई अल्लाहले हज्ज र उमरा सम्पन्न गर्ने अवसर प्रदान गऱ्यो त्यसमाथि के गर्नु उचित छ

प्रश्न: (३१८) आदरणीय शैख ज्यू, जसलाई अल्लाहले हज्ज र उमरा सम्पन्न गर्ने अवसर प्रदान गऱ्यो त्यसलाई यो विशाल पूजा सम्पन्न गरे पश्चात के गर्नु उचित हुन्छ ?

उत्तर: हाजीमाथि र हाजी बाहेक समस्त ती मानिसहरूमाथि यो आवश्यक र उचित छ कि त्यो यस कुरामा अल्लाहको कृतज्ञता प्रकट गरोस् कि अल्लाहले त्यसलाई यो पूजा गर्ने अवसर प्रदान गऱ्यो, र अल्लाहसित यो याचना गरोस् कि अल्लाह यस पूजालाई कबूल गरोस् ।

र मान्छेलाई यो ज्ञात रहोस् कि त्यसलाई यो पूजा गर्ने अवसर अल्लाहले प्रदान गरेको कुरा अल्लाहको त्यसमाथि यस्तो अनुकम्पा हो जसमा अल्लाहको कृतज्ञता प्रकट गर्नु त्यसमाथि अनिवार्य भइहाल्छ ।

यसर्थ जब त्यो अल्लाहको कृतज्ञता प्रकट गर्छ र त्यसलाई स्वीकार गर्ने याचना गर्छ, त यस्तो गर्नाले त्यसको त्यो पूजा कबूल हुने अधिक सम्भावना हुन्छ, किनकि जब मान्छेलाई याचना गर्नुको अवसर प्रदान गरिन्छ त त्यसको कबूल हुने अधिक सम्भावना हुन्छ । र यस्तै जब कसैलाई पूजा गर्ने अवसर प्राप्त हुन्छ त त्यसको कबूल हुने अधिक सम्भावना हुन्छ । त मान्छेमाथि यस्तो अवस्थामा उत्तम यो छ कि त्यो कुकर्महरूबाट बाँच्नुमा प्रयत्नशील रहोस्, अल्लाहले त्यसलाई यस कुकर्मलाई मेटाउने उपहारद्वारा अनुग्रहित गरिसके पश्चात, जस्तोकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"الحج المبرور ليس له جزاء إلا الجنة" ( أخرجه البخاري ، كتاب العمرة، باب وجوب العمرة وفضلها، رقم (1773)، ومسلم ، كتاب الحج، باب فضل الحج والعمرة ويوم عرفة، رقم (1349).

अर्थ : स्वीकृत हज्जको बदला (प्रतिफल) स्वर्ग बाहेक केही होइन । (बुखारी, किताबुल् उमरह, बाबु

वुजूबिल् उमरता वफजाइलुहा, हदीस नं. १७७३। र मुस्लिम, किताबुल् हज्ज, बाबु फजलिल् हज्जि वल् उमरति वयौमे अरफा, हदीस नं. १३४९)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमकै भनाई छः

"الصلوات الخمس، والجمعة إلى الجمعة، ورمضان إلى رمضان: كفارة لما بينهن، ما اجتنبت الكبائر"

(أخرجه مسلم ، كتاب الطهارة، باب الصلوات الخمس والجمعة إلي الجمعة..، رقم (233)

अर्थ : यदि मान्छे ठूलो पापबाट बचोस् त पाँचौं समयको नमाज, र एउटा जुमआ अर्को जुमआसम्मको र एउटा रमजान अर्को रमजानसम्मको पापको कफ्फारह (क्षतिपूर्ति) भइहाल्छ। (मुस्लिम, किताबुत्तहारह, बाबुस्सलवातिल् खम्सि वल् जुमुअति इलल् जुमुअह..., हदीस नं. २३३)

अर्थात यी सुकार्यहरू समस्त साना पापहरूलाई नष्ट गरिदिन्छन् । र अर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"العمرة إلي العمرة كفارة لما بينهما" أخرجه البخاري

، كتاب العمرة، باب وجوب العمرة وفضلها، رقم (1773)،

ومسلم ، كتاب الحج، باب فضل الحج والعمرة ويوم عرفة،

رقم (1349).

अर्थ : र एउटा उमरा अर्को उमराबीचका पापहरूको लागि कफ्फारह हो । (बुखारी, किताबुल् उमरह, बाबु वुजूबिल् उमरता वफजाइलुहा, हदीस नं. १७७३ । र मुस्लिम, किताबुल् हज्ज, बाबु फजलिल् हज्जि वल् उमरति वयौमे अरफा, हदीस नं. १३४९)

त यो अनुग्रह अल्लाह प्रत्येक त्यस व्यक्तिमाथि गर्छ जुन त्यसको पूजा गर्छ । त मान्छेलाई चाहियो कि यस्तो अपार अनुग्रहमाथि अल्लाहको कृतज्ञता प्रकट गरोस्, र त्यसबाट त्यसलाई स्वीकार गर्ने याचना गरोस् ।

**प्रश्नः (३१९) आदरणीय शैख ज्यू, हज्ज र उमरा कबूल हुनुको के कुनै लक्षण र नशिानीहरू छन् ?**

उत्तरः कदाचित हाजी, व्रतालु, दानी, र नामजीहरूको पूजा कबूल हुने केही लक्षण जाहेर भइहालुन्, जसरी त्यसको छाती फराकिलो र विकारयुक्त कुराहरूबाट मुक्त भइहालोस्, वा त्यसको अनुहार प्रकाशमान भइहालोस्, किनकि सत्कर्म गर्ने मान्छेको शरीरमा सत्कर्म गर्नुका केही चिन्ह र प्रभावहरू जाहेर हुन्छन्, बरु त्यसका जाहेरी र गोप्य व्यवहारमा पनि जाहेर हुन्छन् । र केही सदाचारीहरूले वर्णन गरेका छन् कि सत्कर्म कबूल हुने निशानीहरूमध्ये हुन्: कि मान्छे त्यस सत्कर्म पश्चात पनि सत्कर्म गर्दै जाओस्, त त्यस सत्कर्म पश्चात सत्कर्म गर्ने अवसर अल्लाहद्वारा प्रदान गर्नु यस कुरालाई दर्शाउँछ कि अल्लाहले त्यसको पहिलो सुकार्यलाई स्वीकार गर्‍यो, र त्यसलाई अर्को सुकार्य गर्ने अवसर प्रदान गर्‍यो जसद्वारा त्यो त्यससित राजी भइहाल्यो ।

## हज्ज गरे पश्चात जब मान्छे आफ्नो देशमा आफ्नो परिवारतिर फर्केर जान्छ त त्यसमाथि उनीहरूप्रति के दायित्व अनिवार्य हुन्छ

प्रश्नः (३२०) आदरणीय शैख ज्यू, जब मान्छे हज्ज सम्पन्न गर्छ अनि हज्ज गरे पश्चात त्यो यस्ता पावन स्थानरुहरूबाट आफ्नो देशमा आफ्नो परिवार, समाज र मित्रहरूबीच फर्केर जान्छ त त्यसमाथि उनीहरूप्रति के कस्तो दायित्व अनिवार्य हुन्छ ?

उत्तरः यो अनिवार्यता जसतिर संकेत गरिन्छ ती समस्तमाथि अनिवार्य छ जसले हज्ज गरेको छ वा हज्ज गरेको छैन, कि समस्त मानिसहरू जस जसलाई अल्लाहले कसैमाथि अधिपत्य प्रदान गरेको छ वा कसैको व्यवसथापक बनाएको छ वा कसैको संरक्षक र हाकिम बनाएको छ कि त्यो आफ्नो अधीन भएका मानिस र प्रजाहरूको हक अधिकार

पूर्ण गरोस् । र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"الرجل راع في أهله، ومسؤول عن رعيته" (أخرجه البخاري، كتاب الجمعة في القرى والمدن، رقم (893) ومسلم ، كتاب الإمارة، باب فضيلة الإمام العادل، رقم (1829)

अर्थ : पुरुष मान्छे आफ्नो परिवारको संरक्षक र उत्तरदायी हो, त्यससित त्यस अधीन भएकाहरूको बारेमा सोध्पूछ हुनेछ । (बुखारी, किताबुल् जुमुअति फिल् कुरा वल् मुदुन, हदीस नं. ८९३ । र मुस्लिम, किताबुल् इमारह, बाबु फजीलतिल् इमामिल् आदिलि, हदीस नं. १८२९)

यसर्थ त्यसलाई चाहियो कि उनीहरूको राम्रो शिक्षादिक्षाको व्यवस्था गरोस्, र राम्रो संस्कारबाट सुसज्जित गरोस् जस्तो कि नबी सल्लल्लाहो अलैहे वसल्लमको आदेश छ वा जस्तो कि नबी सल्लल्लाहो अलैहे वसल्लमको पासमा जब कुनै डेलिगेशन (समूह) आउँथ्यो त त्यसलाई उहाँ सल्लल्लाहो अलैहे वसल्लम उपदेश गर्दै यो आदेश

गर्थे कि जब उनी आफ्नो जाति समूह र परिवारतिर फर्केर जाउन् त उनीहरूको शिक्षादिक्षाको राम्रो व्यवस्था गरुन्, र उनीहरूलाई राम्रो संस्कारद्वारा सुसज्जित गरुन् ।

त मान्छे प्रलयको दिन आफ्नो परिवारको उत्तरदायी हुनेछ, किनकि अल्लाहले त्यसलाई उनीहरूमाथि हाकिम बनाएको छ र उनीहरूको हुकुम र व्यवस्थापन त्यसको हातमा दिएको छ त तिनीहरूको उत्तरदायत्वि प्रलयको दिन त्यसैमाथि हुनेछ, र यस कुरामाथि अल्लाहको यो कथन प्रमाणीकरण गरिरहेको छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ قُوٓاْ أَنفُسَكُمۡ وَأَهۡلِيكُمۡ نَارٗا وَقُودُهَا ٱلنَّاسُ وَٱلۡحِجَارَةُ ﴾ التحريم: ٦

अर्थ : हे मोमिनहरू ! स्वयं आफूलाई र आफ्ना घरवालाहरूलाई त्यस आगोबाट बचाऊ, जसको ईन्धन मुनष्य र पत्थर हुनेछन्...। (सूरतुत्तहरीम ६)

त अल्लाहले परिवारलाई त्यसको स्वयम्‌को ज्यानको दाँजोमा (मुकाबिलामा) वर्णन गरेको छ, त जसरी मान्छे स्वयम्‌को उत्तरदायी हो कि त्यो आफूलाई लाभ पुऱ्याउने कुरालाई प्राप्त गर्नुमा अनिवार्यतया प्रयत्नशील रहोस्, उस्तै आफ्नो परिवारको बारेमा पनि उत्तरदायी छ कि उनीहरूको लागि पनि जुन कुरो लाभदायक होस् त्यसमा प्रयत्नशील रहोस्, र जुन कुरा तिनीहरूको लागि हानिकारक होस् त्यसलाई हटाउने प्रयत्न गरोस् ।

## मुसलमानमाथि हज्जको प्रभाव

प्रश्न: (३२१) आदरणीय शैख ज्यू, मुसलमानमाथि हज्जका प्रभावहरू के के हुन् ?

उत्तर: यसमध्ये केही तर्फ अघि नै हामीले संकेत गरिसकेका छौं, यस प्रश्नको उत्तरमा कि हज्ज कबूल हुने निशानी के के हुन् ? र हज्जका प्रभावमध्ये यो पनि हो कि मान्छे आफ्नो जीउ र हृदयलाई सन्तुष्ट पाउँछ, र आफ्नो छातीलाई फराकिलो महसूस गर्छ, र आफ्नो अनुहार र हृदयलाई प्रकाशमान महसूस गर्छ ।

र कदाचित हज्जका प्रभावहरूमध्ये यो पनि हो जुन मानिसले मस्जिदे हराममा, र मिना, अरफातका खीमाहरूमा भएका वैज्ञानिक कुराहरू र वक्तब्यहरू सुनेर लाभदायक ज्ञान प्राप्त गरेको छ ।

र यस्तै यसका प्रभावमध्ये यो पनि हो कि: मान्छेलाई इस्लामीय जगतको ज्ञान हुन्छ, र जब त्यसलाई हज्जमा कुनै यस्तो मान्छे मिलेको होस् जुन विभिन्न मुसलमान देशहरूको बारेमा र त्यहाँका बासी मुसलमानहरूको बारेमा त्यससित कुराकानी र वार्तालाप गरेको होस् ।

र यसको प्रभावमध्ये यो पनि हो कि: यसद्वारा आस्थावानहरूका हृदयहरूमा एक आर्काप्रति स्नेह प्रेम सृजित हुन्छ । यसर्थ जब तपाई हज्जमा कुनै यस्तो मान्छेलाई हेर्नुहुन्छ जसमा सुमार्गी र सत्कर्मी एवं असल मानिस हुने लक्षण देखिन्छन् त स्वत: तपाईको हृदय त्यससित प्रेम गर्न थाल्दछ

र यसका प्रभावमध्ये यो पनि हो कि केही मानिसहरू कदाचित व्यवसाय आदि गरेर माल

कमाउन सक्दछन्, र यस बाहेक अन्य कुराहरू, जस्तो कि अल्लाहको फर्मान छ:

﴿ لِّيَشۡهَدُواْ مَنَٰفِعَ لَهُمۡ وَيَذۡكُرُواْ ٱسۡمَ ٱللَّهِ فِيٓ أَيَّامٖ مَّعۡلُومَٰتٍ عَلَىٰ مَا رَزَقَهُم مِّنۢ بَهِيمَةِ ٱلۡأَنۡعَٰمِۖ فَكُلُواْ مِنۡهَا وَأَطۡعِمُواْ ٱلۡبَآئِسَ ٱلۡفَقِيرَ ٢٨ ﴾ الحج: ٢٨

अर्थ : (तिनीहरूले) आफ्‌ना लाभ प्राप्त गर्न आउन् र ती निश्चित दिनहरूमा ती चौपायाहरूमाथि अल्लाहको नाम लिऊँन्, जुन पाल्तू छन् । अनि त्यसबाट स्वयम् पनि खाऊ र गरिब निमुखाहरूलाई पनि खुवाऊ । (सूरतुल् हज्ज २८)

﴿ لَيۡسَ عَلَيۡكُمۡ جُنَاحٌ أَن تَبۡتَغُواْ فَضۡلٗا مِّن رَّبِّكُمۡۚ ﴾ البقرة: ١٩٨

अर्थ : तिमीमाथि (हजका दिनहरूमा व्यापारको माध्यमबाट) आफ्नो जीविका प्राप्त गर्नुमा केही पाप छैन । (सूरतुल् बकर: १९८)

त कतिपय यस्ता मानिसहरू छन् जुन हज्जमा व्यापार व्यवसायको माध्यमले माल कमाउँदछन् त यो ती हज्जका लाभहरूमध्येको हो जसलाई महान अल्लाहले वर्णन गरेको छ ।

र हज्जका प्रभावमध्ये यो पनि हो कि: मान्छे हज्जमा संतोष धैर्यता थोरै कुराहरूमा सन्तुष्ट हुनु र यस जस्ता अन्य सराहनीय कुराहरूको बानी बसाल्दछ, र जब हाजी यस्तो खालको हुन्छ जुन आफ्नो देशमा गरिब हुन्छ समृद्ध हुँदैन त यस हज्जबाट अत्याधिक लाभ उठाउँछ र यसबाट सीख लिन्छ र आफूलाई धैर्यवान बनाउँछ र सानोतिनो कुरामा गुजारा गर्नुको बानी बसाल्दछ ।

# जसले हज्ज सम्पन्न गरिसक्यो त्यसलाई उपदेश

प्रश्न: (३२२) आदरणीय शैख ज्यू, जसले अनिवार्य हज्ज सम्पन्न गऱ्यो त्यसलाई तपाई के उपदेश गर्नुहुन्छ ?

उत्तर: मेरो यस्तो मान्छेलाई यो उपदेश छ कि: त्यो महान अल्लाहसित डराओस् ती समस्त पूजाहरूलाई आयोजित गर्ने सन्दर्भमा जसलाई त्यसमाथि अनिवार्य गरिएको छ जसरी नमाज आयोजित गर्नुमा, जकात दिनुमा, हज्ज गर्नुमा, माता पितासित सुव्यवहार गर्नुमा, रिश्ता नातालाई जोड्नुमा, सृष्टिहरूमाथि उपकार गर्नुमा, र त्यस अधीन भएका जनावरहरूमाथि उपकार गर्नुमा, र यस बाहेक ती समस्त कार्य कुराहरूमा जसको आदेश अल्लाहले त्यसलाई गरेको छ, र यी समस्तलाई अल्लाहको यस कथनले संग्रहित गरेको छ:

﴿ إِنَّ ٱللَّهَ يَأۡمُرُ بِٱلۡعَدۡلِ وَٱلۡإِحۡسَٰنِ وَإِيتَآيِٕ ذِي
ٱلۡقُرۡبَىٰ وَيَنۡهَىٰ عَنِ ٱلۡفَحۡشَآءِ وَٱلۡمُنكَرِ وَٱلۡبَغۡيِۚ
يَعِظُكُمۡ لَعَلَّكُمۡ تَذَكَّرُونَ ٩٠ وَأَوۡفُواْ بِعَهۡدِ
ٱللَّهِ إِذَا عَٰهَدتُّمۡ وَلَا تَنقُضُواْ ٱلۡأَيۡمَٰنَ بَعۡدَ تَوۡكِيدِهَا
وَقَدۡ جَعَلۡتُمُ ٱللَّهَ عَلَيۡكُمۡ كَفِيلًاۚ إِنَّ ٱللَّهَ يَعۡلَمُ مَا
تَفۡعَلُونَ ٩١ ﴾ النحل: ٩٠ - ٩١

अर्थ : अल्लाहले तिमीलाई न्याय र भलाई गर्न र नजिकका मानिसहरूलाई सहायता दिने आदेश गर्दछ र अमर्यादित र अनुचित कर्महरूबाट र अन्याय र नराम्रा काम गर्नुबाट मनाही गर्दछ उसले स्वयम् तिमीलाई निर्देशित गर्दछ कि तिमीले उपदेश ग्रहण गर । र अल्लाहको वचनलाई पालन गर जब तिमी एक-आपसमा करार गर्दछौ र जब पक्का कसमहरू खान्छौ त तिनलाई नतोड, किनभने तिमीले अल्लाहलाई आफ्नो जमानतदार निर्धारित गरिसकेका

छौ । जे-जति तिमीले गर्दछौ अल्लाह त्यसलाई राम्ररी जान्दछ । (सूरतुन्नहल ९०, ९१)

र अल्लाहको प्रशान्ति र कल्याण अवतरित होस् हाम्रो सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि ।

अनुवादक

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

कपिलवस्तु नगरपालिका वार्ड नं. ९

महुवा तौलिहवा कपिलवस्तु नेपाल

द्यिार्थी: एम.ए. उम्मुल कुरा विश्वविद्यालय

पवित्र मक्का सउदी अरब

सम्पर्क नं.(00966-0501372254)

(00977-9814499140)